# बराहताल गाँउपालिका सुर्खेतको १० वर्षे शिक्षा क्षेत्र योजना

## ( २०८१-२०९१ )

## कर्णाली प्रदेश,नेपाल

बराहताल गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय, सुर्खेत
शिक्षा,युवा तथा खेलकुद शाखा,बराहताल गाउँपालिका
प्रकाशन मिति :

**मूल/ संरक्षक समितिः**

श्री भिम बहादुर भण्डारी- संयोजक
श्री लक्ष्मी पुन मगर- सदस्य
श्री बम बहादुर बडुबाल - सदस्य
श्री भिम बहादुर साउद- सदस्य
श्री शेर बहादुर पुन मगर- सदस्य
श्री वृष बहादुर बडुबाल- सदस्य
श्री धिमराज जोल्मी मगर- सदस्य
श्री नमराज शर्मा- सदस्य
श्री कुल बहादुर बुचा- सदस्य
श्री केशर बहादुर कार्की- सदस्य
श्री युवराज पुलामी मगर- सदस्य
श्री हरिलाल सलामी - सदस्य
श्री डिला कुमारी सारु- सदस्य
श्री हरिमाया कामी- सदस्य
श्री टिका देवि वि सि- सदस्य
श्री तुलसी गुरुङ्ग- सदस्य
श्री यज्ञ बहादुर वि.क.- सदस्य
श्री जगत बहादुर सुनार- सदस्य
श्री डम्मर कुमारी रोकाय- सदस्य सचिव

सल्लाहकारहरुः
श्री तेज बहादुर बस्नेत,संयोजक
श्री शोभा कुमारी शर्मा
श्री ताराकेशर गौतम

निर्माण कार्यदलः
संयोजक- श्री प्रेम बहादुर डि •सी
सदस्य श्री राजिमान बुढा
सदस्य श्री सुरेन्द्र बहादुर रावत
सदस्य श्री इन्द्र के सि

सदस्य सचिव- श्री  डम्मर कुमारी रोकाय

विषयगत लेखन उप समितिः
शिक्षा उप क्षेत्र कार्यदलहरु

प्रारम्भिका बालविकास र शिक्षाः

संयोजक : श्री रत्न प्रसाद गौतम
सदस्यः    श्री गिता जोल्मी
सदस्य :   श्री भिम राज गौतम
आधारभूत शिक्षाः
संयोजक :श्री टिकाराम सुवेदी
सदस्यः    श्री खेम बहादुर बि क
सदस्य :   श्री टिकाराम भण्डारी

माध्यामिक शिक्षाः
संयोजक :श्री अर्जुन जंग शाही
सदस्यः    श्री पार्वती थापा
सदस्य :   श्री धन बहादुर रोकाय

प्राविधिक तथा व्यवसायिक शिक्षाः
संयोजक :  श्री भिम राज गौतम
सदस्यः    श्री पूर्ण बहादुर बोगटी
सदस्य :  श्री रत्न प्रसाद गौतम
अनौपचारिक शिक्षा र आजीवन सिकाइ
संयोजक :श्री नविन अधिकारी
सदस्यः    श्री कमल आचार्य
सदस्य :   श्री खुमन शर्मा

अन्तर सम्बन्धित बिषय र क्षेत्र हरु:
पाठ्यक्रम र मुल्याङ्कन
संयोजक :श्री केशर बहादुर गौतम

सदस्यः श्री रत्न प्रसाद गौतम

सदस्य : श्री रामकृष्ण गौतम

शिक्षक व्यवस्थापन र विकास

संयोजक :श्री पूर्ण बहादुर बोगटी

सदस्यः श्री धर्मराज कार्की

सदस्य : श्री रेशम रेग्मी

शैक्षिक समता र समावेशीकरण

संयोजक :श्री राम बहादुर शाही

सदस्यः श्री धुर्ब गौतम

सदस्य : श्री दिपक शर्मा

सदस्य : श्री बसन्त प्रसाद रेग्मी

सदस्य : श्री सुमित्रा आचार्य

प्राविधिक सहयोग

यूनिसेफ नेपाल

समाज जागरण केन्द्र (स्याक) नेपाल,वीरेन्द्रनगर नगरपालिका, सुर्खेत

यूएसएआइडी प्रारम्भिक कक्षा सिकाइ,कार्यक्रम,किर्डाक नेपाल

शिक्षाका लागी राष्ट्रिय अभियान , नेपाल

# Table of Contents


विषय प्रवेश ........ १

**ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य** ........ १

**ग) शिक्षा योजना निर्माणका आधारहरु** ........ २

**घ) शिक्षा योजना निर्माणको प्रक्रिया** ........ २

**ङ ) योजनाको लेखाजोखा** ........ ३

परिच्छेद: १ ........ ४

**१ .१ : परिचय** ........ ४

१.१ . १ अबधारणा ........ ४

१.१.२ वर्तमान अवस्था ........ ६

**१.१.३ बराहताल गाउँपालिकाको परिचय** ........ ७

**१.१.४ भौगोलिक अवस्थिति** ........ ८

**१.१.५ जनसाङ्खिकिय संरचना** ........ ९

**१.१.६ सामाजिक सास्कृतिक अवस्था** ........ १०

**१.१.१० मुख्य अवसर समस्या तथा चुनौती** ........ १४

१.१.१०.१ सवल पक्षहरू ........ १४

१.१.१०.२ मुख्य समस्याहरुः ........ १५

१.१.१०.३ शिक्षा क्षेत्रका अवसरहरु ........ १५

१.१.१०.४ चुनौतीहरु ........ १६

परिच्छेद : २ शिक्षा योजना ........ १७

**२.१ परिचय** ........ १७

२.१ .१*दीर्घकालीन राष्ट्रिय सोच* ........ १८

२.१.२ बराहताल गाउँपालिकाको दूरदृष्टि ; ........ १८

२.१.३ लक्ष्य ; ........ १८

२.१.४ उद्देश्य ; ........................................ १८

२.१.५ रणनीति ........................................ १९

**२.१.६ उपलब्धि तथा प्रमुख नतिजा** ........................................ २०

उपलब्धि ........................................ २०

**२.१.७ मुख्य क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य** ........................................ २०

परिच्छेद : ३ शिक्षाका मुख्य उपक्षेत्र ........................................ ३०

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........................................ ३०

**३.१.१ परिचय** ........................................ ३१

३.१.२ वर्तमान अवस्था ........................................ ३१

३.१.३ प्रमूख समस्या र चुनौति ........................................ ३२

३.१.३.१ समस्याहरु ........................................ ३२

**३.१.४ उद्देश्य** ........................................ ३३

**३.१.५ रणनीति** ........ ३३

**३.१.६ प्रमुख उपलब्धि तथा नतिजा** ........ ३३

**३.१.५ प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य** ........ ३६

**३.२ आधारभूत शिक्षा** ........ ३७

३.२.१ परिचय ........ ३७

३.२.२ बर्तमान अवस्था ........ ३७

३.२.३ चुनौती र अवसरहरुः ........ ३८

**३.२.४ उद्देश्यः** ........ ३९

**३.२.४ रणनीतिहरूः** ........ ३९

**३.२.५ प्रमुख उपलब्धि तथा नतिजा** ........ ४०

प्रमुख उपलब्धि ........ ४०

प्रमुख नतिजा तथा परिमाणात्क लक्ष्य ........ ४०

**३.२.६प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य** ........ ४२

**३.३ माध्यामिक शिक्षा** ........ ४३

३.३. १परिचय ........ ४३

**३.३.३ रणनीति** ........ ४४

**प्रमुख उपलब्धि र नतिजा** ........ ४५

उपलब्धि ........ ४५

३.३.४ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ४५

**३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ** ........ ४८

३.४.१ परिचय ........ ४८

३.४.२ वर्तमान अवस्था ........ ४८

३.४.३.१ चुनौति तथा अवसर ........ ४९

**३.४.४ उद्देश्य** ........ ४९

**३.४.५ रणनीति** ........ ५०

**३.४.६ प्रमुख उपलब्धि र नतिजा** ........ ५०

उपलब्धि ........ ५०

३.४.७ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ५०

**३.४.४ प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका** ........ ५२

**४.१. पाठ्यक्रम,पाठ्यपुस्तक,सिकाइ सामग्री तथा मूल्याङ्कन** ........ ५९

**४.१.१ परिचय** ........ ५९

४.१.२ वर्तमान अवस्था ........ ६०

**४.१.३ उद्देश्य** ........ ६३

४.१.४ रणनीतिहरू ........ ६३

**४.१.५ प्रमुख उपलब्धि,नतिजा,क्रियाकलाप तथा लक्ष्य** ........ ६५

क) उपलब्धि ........ ६५

ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........................................................ ६६

**४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य** ........................................................ ६७

**४.२ शिक्षक व्यवस्थापन र विकास** ........................................................ ६८

४.२.१ परिचय ........................................................ ६८

**४.२.२ वर्तमान अवस्था** ........................................................ ६९

४.२.३ शिक्षक तयारी ........................................................ ७०

४.२.४ शिक्षणसिकाइ क्रियाकलाप ........................................................ ७२

**४.२.५ शिक्षक पेसागत सहयोग पद्धति** ........................................................ ७३

**४.२.६ शिक्षक क्षमता विकास कार्यक्रम** ........................................................ ७३

**४.२.७ उद्देश्य** ........................................................ ७४

**४.२.८ रणनीतिहरू** ........................................................ ७५

क) उपलब्धि तथा नतिजा ........................................................ ७५

**४.२.१० आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य** ........ ७७

**४.३. शैक्षिक समता र समावेशिकरण** ........ ८२

**४.३.१** परिचय ........ ८२

४.३.२ वर्तमान अवस्था ........ ८३

**४.३.३ उद्देश्य** ........ ८४

**४.३.४ रणनीतिहरूः** ........ ८४

**४.३.५ प्रमुख उपलब्धि तथा नतिजा** ........ ८५

उपलब्धिः ........ ८५

४.३.६ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ८५

**४.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य** ........ ८७

**४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम** ........ ८९

**४.४.१ वर्तमान अवस्था** ........ ८९

**४.४.२ उद्येश्य :** ........ ९०

**४.४.३ रणनिती :** ........ ९०

४.४.५ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ९१

**४.५ विद्यालयमा सुरक्षा,विपत् न्यूनिकरण तथा उत्थानशिलता** ........ ९४

४.५.१ वर्तमान अवस्था ........ ९४

**४.५.२ उद्धेश्य** ........ ९४

**४.५.३. रणनीति** ........ ९५

**४.५.४. प्रमुख उपलब्धि तथा नतिजा** ........ ९५

उपलब्धि ........ ९५

**४.६ विधालय भौतिक पुर्वाधार विकास** ........ १००

४.६.१ बर्तमान अवस्था ........ १००

**४.६.२ उद्देश्य** ........ १००

**४.६.३ रणनिती** .......... १००

**४.६.४ प्रमुख उपलब्धि तथा नतिजा** .......... १०१

नतिजा तथा परिमाणात्मक लक्ष्य .......... १०१

**४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य** .......... १०२

**४.७ विधालयमा सुचना तथा सञ्चार प्रविधि** .......... १०३

४.७.१ परिचय .......... १०३

४.७.२ वर्तमान अवस्थाः .......... १०३

**४.७.३** उद्देश्यः .......... १०४

**४.७.४** रणनीतिहरू .......... १०४

**४.७.५** प्रमुख उपलब्धि र नतिजा .......... १०४

उपलब्धि .......... १०४

४.७.६ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य .......... १०५

४.७.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १०६

**५.१ सामुदायिक पुस्तकालय** ........ १०७

५.१.१ वर्तमान अवस्था ........ १०७

**५.१.२** उद्देश्य ........ १०७

५.१.३ रणनीतिहरु ........ १०७

५.१.४ उपलब्धि तथा नतिजा ........ १०८

नतिजा तथा परिमाणात्मक लक्ष्य ........ १०८

**६.१ सुशासन तथा व्यवस्थापन** ........ ११०

६.१.१ परिचय ........ ११०

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ १११

६.१.१ परिचय ........ १११

चुनौती र अवसरहरुः ........ ११४

**६.१.३ लक्ष्य**........................................................................................ १११५

**६.१.४ उद्देश्य**........................................................................................ ११५

**६.१.५ रणनीतिहरू**........................................................................................ ११५

**६.१.६ उपलब्धि तथा प्रमुख नतिजा**........................................................................................ ११५

उपलब्धिः........................................................................................ ११५

६.१.७ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........................................................................................ ११६

६.१.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः ........................................................................................ ११८

६.२.१ वर्तमान अवस्था........................................................................................ १२३

६.२.२ उद्देश्य........................................................................................ १२५

६.२.३ रणनीतिहर ........................................................................................ १२६

६.२.५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य........................................................................................ १२९

७ १ लगानी स्रोत व्यवस्थापन ........................................................................................ १३३

७.१.१ वर्तमान अवस्था ........................................ १३३

**७.१.**२ उद्देश्य ........................................ १३४

**७.१.**३ रणनीतिहरु ........................................ १३४

**७.१.४** प्रमुख उपलब्धि तथा नतिजा ........................................ १३५

उपलब्धि........................................ १३५

७.४.५ प्रमुख क्रियाकलापहरु र परिमाणात्मक लक्ष्य ........................................ १३५

७.१.६ क्षेत्रगत रुपमा लागत अनुमान........................................ १३८

**७.५ योजनाको बार्षिक बजेट तर्जुमा प्रक्रिया** ........................................ १४१

८.१अनुगमन तथा मूल्याङ्कन........................................ १४२

८.१.१ परिचय ........................................ १४२

८.१.२ वर्तमान अवस्था........................................ १४२

**८.१.२ उद्देश्य**........................................ १४४

**८.१.३** रणनीतिहरू ........................................................................... १४४

**८.१.४ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य** ........................................................ १४५

उपलब्धि तथा नतिजा .......................................................................... १४५

**८.१.५** प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः ............................................................ १४८

**सन्दर्भ सामग्रीहरु** ........................................................................... **१५१**

## गाउँपालिका अध्यक्षको भनाई

प्रिय गाउँपालिका वासि ,

नेपालको संविधान २०७२ ले हाम्रो देशलाई संङ्घीय प्रणालीमा लैजाने ऐतिहासिक निर्णय गर्‍यो । अहिले हामी संङ्घीय,प्रादेशिक,र स्थानीय तह गरि तीन तहको सरकारसँग अघि बढिरहेका छौं । यो प्रणालीले हामीलाई हाम्रो स्थानीय आवश्यकताअनुसार योजना र कार्यक्रमहरू बनाउने अधिकार दिएको छ । संविधानमा आधारभूत र माध्यमिक शिक्षा स्थानीय सरकारको अधिकारभित्र पर्दछ भनी स्पष्ट रूपमा उल्लेख गरिएको छ,जसले हाम्रा बालबालिकालाई गुणस्तरीय शिक्षा दिने जिम्मेवारी हामी सबैको काँधमा आएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले शिक्षा नीति निर्माणदेखि कानुन,मापदण्ड,योजना,कार्यान्वयन,संरक्षण,प्रवर्धन,अनुमति,नामाकरण,अनुगमन,र नियमनजस्ता कामको जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ । हामीले यसलाई मूर्त रूप दिनको लागि यस योजनालाई विकसित गरेका छौं,ताकि हाम्रा बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षा उपलब्ध गराउन सकौं।

शिक्षा भनेको हाम्रो सुशासन,सामाजिक न्याय,विकास र समृद्धिको आधार हो । हाम्रा जनताले समकालीन राष्ट्रिय र अन्तराष्ट्रिय परिवेशमा अघि बढ्न सक्ने ज्ञान,सिप ,र क्षमता विकास गर्न सक्षम शिक्षा प्रणालीको खाँचो छ । यसैले हामीले यो योजना तयार गरेका छौं,जसले हाम्रो गाउँपालिकामा हरेक बालबालिकालाई शिक्षा प्रणालीको पहुँचमा ल्याउन योगदान पुर्याउनेछ । विद्यालय शिक्षा क्षेत्र योजना हाम्रो गाउँपालिकाको दीर्घकालीन रणनीतिक योजना हो,जसले सबै बालबालिकालाई समान अवसर प्रदान गर्ने उद्देश्य राखेको छ । यस योजनालाई सफल बनाउन हामीले बिभिन्न तह र चरणमा सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरेका छौं । यो योजना मूल्य र तथ्यमा आधारित छ,जसले हाम्रो समाजलाई सशक्त र समृद्ध बनाउनेछ ।

हाम्रो भविष्यका लागि,हाम्रा बालबालिकाको उज्ज्वल भविष्यका लागि यो योजना महत्वपूर्ण छ । यसलाई सफल बनाउन हामी सबैको साथ,सहयोग,र समर्थनको आवश्यकता छ । हामी मिलेर,एकजुट भएर,हाम्रा बालबालिकालाई उज्ज्वल भविष्य दिन प्रतिबद्ध छौं । अन्त्यमा,म यस योजना निर्माणमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुर्याउनुहुने सबै जनतालाई धन्यवाद दिन चाहन्छु । धन्यवाद!

भिम बहादुर भण्डारी
अध्यक्ष
बराहताल गाउँपालिका,सुर्खेत

## गाउँपालिका उपाध्यक्षको भनाई

सम्माननीय गाउँपालिकावासी दिदीबहिनी तथा दाजुभाइहरू,

वि.सं. २०७२ मा नेपालको नयाँ संविधान जारी भएपछि हाम्रो गाउँपालिकामा धेरै महत्वपूर्ण परिवर्तनहरू आएका छन् । यी परिवर्तनहरूलाई सम्बोधन गर्दै,शिक्षा क्षेत्रमा उल्लेखनीय विकास गर्न र समग्र गाउँपालिकाको स्वरुपमा परिवर्तन ल्याउँदै शैक्षिक क्रान्ति गर्ने उद्देश्यले शिक्षा क्षेत्रको योजना निर्माण गर्नु अत्यावश्यक थियो । गाउँपालिकाले यसलाई गम्भीरताका साथ महसुस  गरि आधारहरू निर्माण गर्दै यो वर्ष शिक्षा क्षेत्र योजना विकास गरेको छ । बदलिँदो परिवेशसँग तालमेल मिलाउन र समता,गुणस्तर,तथा सक्षमतालाई सुदृढ गर्न निरन्तरता दिनुपर्ने आवश्यकता छ । यसैको सुनिश्चितता गर्न,कार्यक्रमहरूको सान्दर्भिकता र सुधारलाई प्राथमिकता दिन,र नयाँ रणनीतिक कार्यक्रमलाई एकीकृत गर्न विद्यालय शिक्षा क्षेत्र योजनाको विकास गरिएको हो । आजको युगमा ज्ञान,विज्ञान,र प्रविधिको क्षेत्रमा भएका विकास र परिवर्तनहरूलाई आत्मसात गर्दै,हाम्रो समुदायलाई समृद्ध बनाउने यस योजनाको महत्त्व अझ बढेको छ ।

हामी सबै मिलेर हाम्रो गाउँपालिकालाई सुशासनयुक्त,सभ्य,शान्त,तथा समृद्ध बनाउने चाहनामा एकजुट छौं । यसलाई सफल बनाउन,यस पालिकाको रूपान्तरणमा अर्थपूर्ण भूमिका निर्वाह गर्न सक्ने सिर्जनशील,सक्रिय,र उपयोगी नागरिक उत्पादन गर्ने शिक्षा प्रणालीको जग बसाउन जरुरी छ । यही उद्देश्यका साथ,हामीले १० वर्षे शिक्षा योजना निर्माण गरि कार्यान्वयनमा ल्याएका छौं । यो योजना हाम्रो गाउँपालिकाका लागि नयाँ युगको सुरुवात हो । यो महत्वपूर्ण योजना अघि बढाउन प्रोत्साहन र सहयोग पुर्याउने शिक्षा क्षेत्रका सबै सरोकारवालाहरूलाई म विशेष धन्यवाद दिन चाहन्छु । यो योजनाको निर्माणमा प्राविधिक सहयोग पुर्याउने कार्यक्रम*एस.ई.एस.पी कार्यक्रम*,आर्थिक सहयोग गर्ने युनिसेफ नेपाल र कार्यान्वयनमा सहयोग गर्ने,*समाज जागरण केन्द्र (स्याक) नेपाल*,*ई.जि.एल कार्यक्रम*,तथा *किर्डाक नेपाल संस्था* लाई मेरो व्यक्तिगत तर्फ र समग्र गाउँपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु । योजना तयारिका क्रममा लेखन समिति तथा कार्यदलहरूलाई समन्वय,जानकारीको संकलन र योजना तयार पार्न योगदान पुर्याउने सम्पूर्ण प्रति म कृतज्ञ छु । यो योजना हाम्रो समृद्ध भविष्यको बाटोमा एउटा ठुलो पाइला हो । सबैको निरन्तर सहयोग र साथले मात्र यस योजनालाई सफल बनाउन सकिन्छ । धन्यवाद ।

लक्ष्मि पुन मगर

उपाध्यक्ष

बराहाताल गाउँपालिका,कुनाथरि,सुर्खेत

## प्रमुख प्रशासकिय अधिकृतको भनाइ

सङ्घीय संरचना अनुरूपु शासकीय तथा व्यवस्थापन पद्धतिलाई प्रभावकारी बनाउन परिवर्तन भएको भूमिका अनुरूप क्षमता विकास गर्नुपर्ने आवश्यकता देखिएको छ । संविधानतः शिक्षालाई मौलिक हकका रूपमा आत्मसात गर्दै अनिवार्य तथा नि:शलुक आधारभूत शिक्षा र नि:शलुक माध्यमिक शिक्षा कार्यान्वयन गर्ने मूल जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ । यसका लागि स्थानीय तहबाट उपलब्ध गराइने शिक्षासम्बन्धी सेवा प्रदान गर्न स्थानीय तहमा आवश्यक सङ्गठनात्मक संरचना र दक्ष जनशक्तिको उचित व्यवस्थापन गर्नु आवश्यक देखिन्छ । यसै पृष्ठ भूमिमा गाउँपालिकाको विद्यालय शिक्षाको विकासका लागि शिक्षा,युवा तथा खेलकुद शाखाको नेततृवमा यस योजनाको विकास गरिएको हो । सुशासन तथा व्यवस्थापन बिना विद्यालय शिक्षामा सुधार हुन सक्दैन भन्ने कुरा विगतका अनुभव हरूले देखाएका छन । सङ्घ,प्रदेश तथा स्थानीय तहबिच प्रभावकारी समन्वय र सहकार्यको संयन्त्र तथा जबाफदेही प्रणाली,प्रयाप्त जनशक्ति तथा स्थानीय तहमा शिक्षा योजना निर्माण र कार्यान्वयन गर्ने क्षमता,विद्यालयमा प्रधानाध्यापकको सबल नेततूव लगायतका विषयहरूको कमी समस्याका रूपमा रहेका छन । सङ्घीय व्यवस्थाको कार्यान्वयनसँगै शैक्षिक संरचनामा फेरबदल भएको छ र यसले विभिन्न निकायको भमिूकामा संशोधन वा परिवर्तन भएको छ । शिक्षा क्षेत्रको गुणस्तरीय विकास र उन्नती कसरी गर्ने भन्ने सबालमा शिक्षा क्षेत्रमा विभिन्न नीति तथा योजनाहरु अगाडि सारेको छ । त्यसैको उपजको रुपमा यस १० (दश) वर्षिय शैक्षिक योजनालाई पनि लिन सकिन्छ । शिक्षा क्षेत्रको लगानीलाई परिमाणमुखी बनाउनको लागि योजनाबद्ध ढङ्गले अगाडी बढ्नकोलागि यस १० (दश) वर्षिय शैक्षिक योजना निर्माण गरिएको छ । २०९१ सम्म गाउँपालिका भित्रका विद्यालय उमेरका सबै बालबालिकाको शिक्षामा पँहुच सुनिश्चित गरि, सबैका लागि सुरक्षित,गुणस्तरीय,प्रतिस्पर्धी,प्रविधिमैत्री,बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणमा,रोजगारमूलक र उत्पादनमुखी शिक्षाको अवसर प्रदान गरि दक्ष जनशक्ति उत्पादनमा जोड दिने लक्ष्यका साथ अगाडि बढाइएको छ । बराहाताल गाउँपालिकाको शैक्षिक अवस्थाको वास्तविक अवस्थालाई शैक्षिक पार्श्वचित्र मार्फत देखाई सोको आधारमा शिक्षा योजना निर्माण गरिएको छ । शिक्षा क्षेत्र योजना २०८१-०९१ को पहिलो तथा द्रोश्रो ड्राफ्टको आधारमा यस गाउँपालिकाको दश वर्षिय शैक्षिक योजना निर्माण गरिएको छ । योजना निर्माणका क्रममा सहयोग पुर्याउने हुने सम्पुर्णमा हार्दिक धन्यवाद दिदै योजनको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्द छु ।

प्रेम बहादुर डि.सि
प्रमुख प्रशासकिय अधिकृत
बराहाताल गाउँपालिका,कुनाथरि,सुर्खेत

# शिक्षा शाखा प्रमुखको भनाई

नेपालको संविधान २०७२ ले संङ्घीय प्रणाली स्थापना गरेसँगै हाम्रो शिक्षामा ठूलो परिवर्तन आएको छ। यस संङ्घीय संरचनामा शिक्षा क्षेत्रको विकास र विस्तारमा स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहेको छ। यस परिप्रेक्ष्यमा,बराहाताल गाउँपालिकाको दश वर्षीय शिक्षा योजना तयार गरिएको छ,जसले संविधानमा सुनिश्चित गरिएको अनिवार्य र निःशुल्क शिक्षालाई पूर्णतः कार्यान्वियन गर्न मार्गप्रशस्त गर्नेछ।

शिक्षा क्षेत्रको दश वर्षिय योजना निर्माण गर्दा दिगो विकास लक्ष्य,सोह्रौं योजना,नेपालको संविधान,स्थानीय सरकार सञ्चालन ऐन,शिक्षा सम्बन्धी संङ्घीय कानुनहरू,र कर्णाली प्रदेशको पहिलो आवधिक योजनालाई आधार मानीएको छ। यसमा प्रारम्भिक बालविकास र शिक्षा,आधारभूत र माध्यमिक शिक्षा,प्राविधिक तथा व्यवसायिक तालिम,र जीवनपर्यन्त सिकाइको व्यवस्था समेटिएको छ । साथै,शिक्षक व्यवस्थापन,विद्यालय सुरक्षा,पोषण,स्वास्थ्य,पाठ्यक्रम,समावेशी शिक्षा,सूचना तथा सञ्चार प्रविधि,र सुशासनका कार्यक्रमहरूलाई व्यवस्थित गरेर शिक्षा प्रणालीलाई सुदृढ बनाउने लक्ष्य राखिएको छ।

यो योजना तयार गर्दा शिक्षाका सबै सरोकारवालाहरू,शिक्षक,प्राधानाध्यापक,विद्यालय व्यवस्थापन समिति,शिक्षक संघ,अभिभावक,र अन्य शैक्षिक विज्ञहरूको राय र सुझावलाई समेटेर गाउँपालिकाको समग्र शिक्षामा सुधार गर्ने लक्ष्य राखिएको छ। यसै क्रममा शिक्षा क्षेत्रलाई दिगो र गुणस्तरीय बनाउँदै समग्र गाउँपालिकाको शैक्षिक भविष्यलाई उज्यालो बनाउन योगदान पुर्याउन म दृढ प्रतिवद्ध छु। यस योजनाको सफल कार्यान्वियनका लागि सबै सरोकारवालाहरूको निरन्तर सहयोगको अपेक्षासहित,यो महत्त्वपूर्ण प्रयासलाई अघि बढाउन हामी सबैले एकजुट भएर साथ र सहकार्य का लागि अनुरोध गर्द छु ।

डम्मर कुमारी रोकाय
शिक्षा शाखा प्रमुख
शाखा अधिकृत,सातौ
बराहाताल गाउँपालिका,कुनाथरि,सुर्खेत

# विषय प्रवेश

## क) भूमिका

नेपालको संविधान,२०७२ ले तीन तहको राज्य संरचना सहित समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भएर प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको हकको सुनिश्चितता गरि प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ । यसै गरि विंधानले नै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने,दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ । राज्यको आर्थिक विकास,समृद्धि,सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षा तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले नै दिगो शान्ति,असल संस्कृति,सामाजिक सहिष्णुता तथा साझा मूल्य मान्यताको प्रवर्द्धन र राष्ट्र निर्माणमा शिक्षाको अहम् भूमिका रहन्छ ।

प्रारम्भिक बालविकास शिक्षा,औपचारिक शिक्षा आधारभूत तथा माध्यामिक तहको शिक्षाको जिम्मेबारी र अधिकार समेतलाई ध्यानमा राखेर स्थानीय तहमा समेत शिक्षालाई कसरी व्यावहारिक,जीवनोपयोगी,वैज्ञानिक तथा रोजगार उन्मुख गुणस्तरीय तथा समयानकुल एवम् स्थानीय तहको कला,संस्कृति,परम्परागत ज्ञान,सिप ,स्थानीय प्रविधि लागायतलाई एकिकृत गरि पालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न र समृद्ध पालिका निर्माणको अभियानमा लाग्न व्यवहारिक ज्ञान सहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिनका लागि पालिकाले पनि शिक्षा योजना निर्माण गरि कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ । सङ्घीय सरकारले १० बर्षे शिक्षा क्षेत्र योजना निर्माण गरि कार्यान्वयन गरेको अवस्थामा उक्त शिक्षा क्षेत्र योजनालाई प्रदेश तथा स्थानीय तहमा स्थानीयकरण गरि स्थानीय तहले पनि सङ्घीय शिक्षा क्षेत्र योजना अनुरुपको शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक छ । यसै सन्दर्भमा बराहाताल गाँउपालिका,सुर्खेतले यो शिक्षा योजना निर्माण गरेको छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्रहरु दिएको र उक्त अधिकार क्षेत्रहरुको प्रभावकारी कार्यान्वयनले नै शिक्षाका लक्ष्य तथा उदेश्यहरु पुरा हुने तथा उक्त अधिकार क्षेत्र भित्र स्थानीय तहले शिक्षाको योजना तर्जुमा गरि कार्यान्वयन गर्न सक्ने उल्लेख भए अनुसार स्थानीय अवस्था,श्रोत र

आवश्यकताका आधारमा शिक्षा योजना निर्माण गरि कार्यान्वयन गर्ने जमर्को गरिएको छ । गाउँपालिकाको शैक्षिक सुधारको लागि नेपालको संविधान २०७२,स्थानीय सरकार सञ्चालन ऐन २०७४,१० बर्षे शिक्षा क्षेत्र योजना लगायतको मार्गदर्शनका आधारमा सङ्घीय सरकार तथा प्रदेश सरकारले समेत परिकल्पना गरेको लक्ष्य उदेश्य प्राप्तिमा मद्धत गर्न र पालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको रुपमा सहायता लिन शिक्षा योजना निर्माणको आवश्यकता देखिएको हो । यो शिक्षा योजनाले शिक्षा क्षेत्रको विकासको लक्ष्य पुरा गर्न मद्धत गर्ने साथै राष्ट्रिय अपेक्षा पुरा पनि सहयोग गर्ने अपेक्षा गरिएको छ ।

## ग) शिक्षा योजना निर्माणका आधारहरु

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरि कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको र सोही बमोजिम निःशुल्क तथा अनिवार्य शिक्षा ऐन,२०७५,बालबालिका सम्बन्धी ऐन,२०७५,राष्ट्रिय शिक्षा नीति,२०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ । संङ्घीय स्वरुपको व्यवस्थामा सबै तहका सरकार बिचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उदेश्यहरु प्राप्त गर्न सकिने भएकाले सबै तह संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेबारी निर्वाह गर्नुपर्ने देखिन्छ । राष्ट्रिय दीर्घकालिन सोच,राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति,सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५),१५ बर्षे दिगो विकास लक्ष्य,सोहौ आवधिक योजना,विद्यालय शिक्षा क्षेत्र योजना (२०७८-२०८७) लगायत शिक्षा क्षेत्रका विभिन्न योजनाहरुका लक्ष्य,उद्देश्य तथा गन्तव्यलाई मध्यनजर गर्दै संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्र भित्र रहेर राष्ट्रिय ध्येय,लक्ष्य,उदेश्य,प्रतिवद्धतालाई आधार मानेर स्थानीय आवश्यक्ता र परिवेश अनुसार शिक्षा क्षेत्रको विकास गर्नु आवश्यक रहेको छ । नेपालको दिर्घकालिन ध्येय अनुसार सन् २०४३ सम्म समृद्ध नेपाल सुखी नेपालीकोको अभिप्राय,सन २०३० सम्मको दिगो विकास लक्ष्य ,पालिकाको बार्षिक शिक्षा नीति तथा कार्यक्रमहरु,पालिकाको आवधिक योजना लगायतको आधारमा स्थानीय तहले शिक्षा योजना निमार्ण गरेको छ ।

## घ) शिक्षा योजना निर्माणको प्रक्रिया

शिक्षा योजना निर्माणका लागि पालिका कार्यपालिकाले आवश्यकता महसुस गरि शिक्षा योजना निर्माणको लागि नीतिगत व्यवस्था मार्फत आ.व ०८० /८१ मा शिक्षा योजना निर्माणको प्रक्रिया थालनी गरेको छ । यस अन्तर्गत गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार योजना निर्माणका लागि गाउँ पालिकाका अध्यक्षको संयोजकत्वमा योजना निर्माण मुल समिति गठन भयो । योजना लाइ कार्यरुप दिनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा शिक्षा शाखा प्रमुख सदस्य सचिव रहने गरि शिक्षा योजना निर्माण कार्यदल गठन भएको छ । कार्यदलको प्रारम्भिक बैठक तथा अभिमुखिकरण मार्फत बिभिन्न लेखन उपसमितिहरु गठन भयो । लेखन उपसमितिहरुले विभिन्न सरोकारवालाहरु सँगको समन्वयमा तथ्याङ्क संकलन,सल्लाह तथा सुझाव संकलन,छलफल गरि प्रारम्भिक लेखन गरियो । प्रारम्भिक लेखन पश्चात

योजना लेखन कार्यदलले सबै विषय क्षेत्रका विषय वस्तु संकलन गरि योजनाको मस्यौदा लेखन कार्य गरेको हो । तत् पश्चात मस्यौदा माथि विभिन्न क्षेत्रका सरोकारवालाहरुबाट सल्लाह सुझाव प्राप्त गरि अन्तिमिकिकरण गरियो । अन्तिकिकरण गरिएको शिक्षा योजनामा बाह्य बिज्ञ मार्फत लेखाजोखा गरि थप सल्लाह सुझाव प्राप्त गरि योजनामा समेटेर कार्यपालिकाबाट स्वीकृत गरि कार्यान्वयनमा लिने गरि प्रक्रिया पुरा गरियो ।

## ङ ) योजनाको लेखाजोखा

योजनाको तयारी गरि सके पछि योजनाको विश्वसनियता, वस्तुनिष्ठ र लगानी योग्य छ छैन भनेर यसका विविध पक्षहरु समेटेर यसको लेखाजोखा गरिनु पर्छ । जुन योजना कार्वान्वयन गर्नु पूर्व महत्वपूर्ण कार्य तथा अङ्ग मानिन्छ। निर्माण भएको योजना लेखाजोखा कार्यलाइ सम्वन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषयगत समिति तथा क्षेत्रगत कार्यदल गठन तथा परिचालन गरियो । साथै स्थानीय विज्ञ,शिक्षा शास्त्री,शिक्षक,बौद्धिक व्यक्तित्व र शिक्षा क्षेत्रमा लामो समय अनुभव संगालेका व्यक्तित्वहरुको सुझाव सल्लाह समावेश गरिएको थियो। योजना निर्माणको क्रममा समावेशिकरणहुनेगरि महिला, अपाङ्ग सञ्जाल, शिक्षक महासंघ तथा विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघको सक्रिय सहभागिता रहेको थियो भने,शिक्षा योजना निर्माण मूल समितमा यस पालिकाका अध्यक्ष संयोजक सदस्यमा पालिकाको उपाध्यक्ष लगायत सम्पुर्ण कार्यपालिका सदस्यहरु र सदस्य सचिवमा शिक्षा शाखा प्रमुख रहनुभएको थियो ।योजनाको सान्दर्भिकतामा यस पालिकाको खुद भर्ना दर,कुल भर्नादर, लैङ्गिक समता र प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्नाहुने दर , कक्षा १-३,कक्षा १-५,कक्षा १-८,कक्षा ९-१० र कक्षा ११-१२ मा उर्तिर्णदर र विद्यार्थी को टिकाउ दर लगाएत अन्य उपलब्धि समेत कम देखिएको सन्दर्भमा यस योजनाको निर्माण तथा कार्यान्वयन गर्नु पर्ने प्रयाप्त अधार रहेकाले यसको सन्दर्भ विष्लेशण गरि तयार गरिएको छ, यस योजनामा आठ ओटा परिच्छेदको निर्माण गरिएको, यस योजनाले परिच्छेद २ मा राष्ट्रिय,प्रादेशिक तथा बराहताल गाउँपालिका दुरदृष्टि,लक्ष्य ,उद्धेश्य,रणनीति र कार्यनीति निर्माण तथा त्यसको अन्तर सम्वन्ध विकास गरिएको छ जस्ले शिक्षा योजनाको सक्षमता देखाएको छ । यसैगरि परिच्छेद ३ मा शिक्षा क्षेत्रको उपक्षेत्र अनुसारको विषयगत क्षेत्र प्रस्तुत गरिएको छ ,जसमा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यामिक शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक र जीवनपर्यन्त शिक्षा को परिचय वर्तमान अवस्था अवसर तथा चुनौतिहरु,उपलब्धि र प्रमुख नतिजा,क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य सहभागितात्मक तरिकाले प्रस्तुत गरिएको छ। यसका साथै परिच्छेद ४ मा अन्तर सम्बन्धित क्षेत्रहरु राखिएको छ भने परिच्छेद ५ मा प्राविधिक तथा व्यवसायिक शिक्षा र पुस्तकालय व्यवस्थापनलाइ प्रस्तुत गरिएको छ । परिच्छेद ६ मा सुशासन तथा व्यवस्थापनलाइ संस्थागत संरचनाको विकास र योजना कार्यान्वयको प्रवन्धमा राखेर विकास गरिएको छ । प्रत्येक उप क्षेत्रको लगानीको र स्रोतको व्यवस्थापन र

स्रोतको खोजि गरि योजनावद्ध तरिकाले प्रस्तुत गरिएको छ,भने योजनाको प्रभावकारी कार्यन्वयनका लागि अनुगमन मूल्याङ्कन र यसको प्रभावको बारेमा व्याख्या गरिएको छ ।

परिच्छेदः १

## १ .१ : परिचय

### १.१ . १ अबधारणा

शिक्षाले मानिसको सर्वाङ्गीर्ण विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यो मानिसको नैसर्गिक अधिकारको विषय हो । यतिमात्र होइन शिक्षा देश विकासको मेरुदण्ड पनि हो । विश्वमा जतिपनि विकसित देशहरु छन् ति सबै देशहरु विकसित र समृद्ध हुनुमा शिक्षाको ठूलो देन छ । भनिन्छ कुनै पनि देशलाई विकसित बनाउनु छ भने त्यस देशको शिक्षा प्रणालीमा लगानी गर्नुपर्दछ । यस तथ्यलाई हेर्दा शिक्षा देश विकासको आधारशिला हो । गुणस्तरीय शिक्षाको प्राप्तिबाट उत्पादन भएका सक्षम जनशक्तिले नै देशमा उपलब्ध स्रोत साधनहरुको सहि रुपमा सदुपयोग र तिनीहरुको परिचालन गरि देशलाई विकासको गतिमा डोर्‍याउने गर्दछन् ।

नेपालको संविधानको धारा ४ ले 'नेपाल स्वतन्त्र,अविभाज्य, सार्वभौम सत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख,संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो' भनि व्यवस्था गरिएको छ । नेपालको संविधान भाग ५ ले राज्यको संरचना र राज्यशक्तिको बाँडफाड सम्बन्धि कानुनको व्यवस्था गरेको छ । संविधानले राज्यको संरचनामा 'संङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ,प्रदेश र स्थानीय तह गरि तीन तहको हुनेछ ।' भनि व्यवस्था गरे बमोजिम नेपालको शासन प्रणालीमा तीन तहका सरकारहरु बनेका छन् । सबै भन्दा तल्लो तह स्थानीय सरकार हो । यसलाई घरदैलोको सरकार पनि भन्ने गरिन्छ । राज्यको संरचनाअनुसार संविधानले राज्यशक्तिको बाँडफाँड गरेको छ । धारा ५७ (४) मा ' स्थानीय तहको एकल अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगरसभाले बनाएको कानुनबमोजिम हुनेछ' भनि उल्लेख गरिएको छ । अनुसूची ८ मा स्थानीय तहका २२ वटा अधिकारका सूची राखीएको छ । अधिकार नं. ८ मा आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ । साथै अनुसूची ९ मा संघ,प्रदेश र स्थानीय तहको साझा अधिकार सूची राखिएको छ जसको अधिकार नं २ मा शिक्षा,खेलकुद र पत्रपत्रिकाको अधिकार सम्बन्धि व्यवस्था गरिएको छ ।

नेपालको संविधानको धारा ५६ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ,प्रदेश र स्थानीय तह गरि तीन तहको हुने र सोहि बमोजिम राज्यशक्तिको प्रयोग सङ्घ,प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्नुपर्ने व्यवस्था उल्लेख छ । राज्यशक्तिको बाँडफाँडलाई संविधानको अनुसूची ५,६ र ८ मा सङ्घ,प्रदेश र स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ७ र ९ मा सङ्घ,प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको प्रबन्ध गरिएको छ । शिक्षासम्बन्धी सङ्घ,प्रदेश र स्थानीय तहलाई संविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकारको व्यावहारिक कार्यान्वयन गर्न सहकारिता,सह-अस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गरि शिक्षाको राष्ट्रिय गन्तव्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता पूरा गर्नुपर्ने देखिन्छ । विगतमा नेपालले शिक्षा क्षेत्रको योजना एकात्मक शासन व्यवस्था बमोजिम केन्द्रिय स्तरबाट विकास तथा निर्माण गर्ने र कार्यान्वयन क्षेत्रीय र जिल्लास्तरबाट गराउने गरेको सन्दर्भमा राज्यको पुनः संरचनासँगै शिक्षासम्बन्धी अधिकार,स्रोत साधन,जिम्मेवारी र उत्तरदायित्व पनि स्थानीय निकायमा हुने गरि संवैधानिक रूपमा व्यवस्था गरएिको छ ।

सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका नीति विकास गरि समृद्ध नेपाल र सुखी नेपाली' को चाहना पूरा गर्न शिक्षासम्बन्धी हालसम्म भएका प्रयास,उपलब्धि र पहिचान गरिएको समस्या तथा चूनौतीको समीक्षा गर्दै शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले सङ्घ,प्रदेश र स्थानीय तहको शिक्षा क्षेत्र योजनाको ढाँचामा एकरूपता आउने गरि १० बर्षे (२०८१-२०९१) शिक्षा क्षेत्रको नयाँ योजना निर्माणलाई अगाडि बढाएको परिवेशमा चालू विद्यालय शिक्षा क्षेत्र योजना विकास गर्न खोजिएको हो । CEHRD Flash Reports-२०२४ अनुसार कर्णाली प्रदेश अन्तर्गत ३३४५ बालविकास केन्द्र,३२३३ विद्यालयहरू,१६६ वटा विद्यालयमा प्राविधिक धारका कार्यक्रमहरू सञ्चालनमा छन भने उच्च शिक्षातर्फ,१ स्वास्थ्य विज्ञान प्रतिष्ठान र १ विश्वविद्यालय र विभिन्न विश्वविद्यालय मातहतका आंङ्गीक तथा सम्वन्धन प्राप्त क्याम्पसहरु सञ्चालनमा छन ।

शिक्षा देश विकासको आधारशीला हो । यतिमात्र नभइ शिक्षा मर्यादित एवम् परिस्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलूकको दिगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्वीकार गरिदै आइएको छ । लामो समयको अथक प्रयास पश्चात संविधान सभाबाट वि.स. २०७२ असोज ३ गते जारी भएको नेपालको संविधान २०७२ ले शिक्षालाई मानिसको मौलिक हकको रुपमा स्थापित गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हकको व्यवस्था गरेको छ । साथै शिक्षालाई वैज्ञानिक,प्राविधिक,व्यवसायिक ,सिपमूलक तथा रोजगारमूलक बनाउदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरि सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ । नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकहरुको व्यवस्था गरिएको छ । जस अन्तर्गत निम्न वुँदाहरु उल्लेख छन् :-

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

### १.१.२ वर्तमान अवस्था

वर्तमान नेपालको सन्दर्भमा विद्यालय शिक्षाको गुणस्तर खस्कदै गएको भन्ने गुनासो व्यापक भएसँगै शिक्षा सबैको चासो र चिन्तनको विषय बनेको छ । नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय तथा सान्दर्भिक बनाइ सबैको पहुँचमा पुर्‍याउन र शिक्षा पाउने मानिसको नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न नेपालले शिक्षा सम्बन्धि विभिन्न अन्तराष्ट्रिय स्तरका घोषणाहरुमा हस्ताक्षर गरेको छ । जस अनुसार नेपाल सरकारले हाल शिक्षाको महत्वपूर्ण दस्तावेज मानिएको इन्चोन घोषणामा (INCHEON Declaration) हस्ताक्षर गरि सन् २०३० सम्म सबैका लागि समाहित/समावेशी,समतामूलक,गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक शिक्षा सुदृढीकरण गरिनेछ भनि प्रतिबद्धता जनाएको छ । यसका साथै सन् २०३० सम्मका लागि तय गरिएको दिगो विकासका लक्ष्यहरू (SDGS) अन्तर्गत लक्ष्य नं. ४ मा गुणस्तरीय शिक्षा सम्बन्धि लक्ष्यहरु समावेश गरिएको छ ,जसमा नेपालले पनि सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाइका अवसरहरुलाई प्रवर्द्धन गर्ने र सोका लागि सन् २०३० सम्ममा अपाङ्गता लगायत सबै किशोर किशोरीहरुको निःशुल्क समतामूलक तथा गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षा सुनिश्चित गर्ने र यसबाट सान्दर्भिक र प्रभावकारी सिकाइ प्रतिफल प्राप्त हुने गन्तब्य तय गरिएको छ । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरि अनिवार्य तथा निःशुल्क शिक्षा पाउने व्यवस्थालाई सुनिश्चित गर्नको लागी निःशुल्क तथा अनिवार्य शिक्षा ऐन,२०७५ जारी गरि कार्यान्वयनमा ल्याएको पाइन्छ, जसमा वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्‍याउने व्यवस्था उल्लेख गरिएको छ । नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधार गर्न तथा नेपालको शिक्षा प्रणालीमा भएका उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकरात्मक प्रयासहरूलाई निरन्तरता दिनका लागि शिक्षाका नविनतम कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउन देखि २०८० असार (सन् २०१६ जुलाई देखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना (SSDP) निर्माण गरि कार्यान्वयनमा ल्याएको थियो । जसले राष्ट्रको सामाजिक -आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी,प्रतिस्प्रर्धी,प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको उत्पादनमा योगदान पुर्‍याउने भिजन सहित नेपालको शिक्षा क्षेत्रमा समता ,गुणस्तर,सक्षमता,सुशासन तथा व्यवस्थापन र

उत्थानशीलता जस्ता विषयबस्तुहरुमा सुधार गर्ने उद्देश्य लिएको छ । साथै नेपालको शैक्षिक प्रशासन तथा व्यवस्थापनको क्षेत्रलाई कानुनी दायरामा ल्याउन शिक्षा ऐन,२०२८ र शिक्षा नियमावली,२०५९ तथा शिक्षक सेवा आयोग नियमावली,२०५७ तयार पारि कार्यान्वयनमा ल्याइएको छ । संविधानले प्रदत्त गरेको स्थानीय तहको आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि अधिकारको कार्यान्वयनका लागि नेपाल सरकारले तयार पारेको स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) को उप दफा (ज) मा स्थानीय तहका शिक्षा सम्बन्धि २३ वटा अधिकारहरूको व्यवस्था गरिएको छ । जसमा प्रारम्भिक बालविकास तथा शिक्षा,आधारभूत शिक्षा,अभिभावक शिक्षा,अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ,सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति,कानुन,मापदण्ड,योजना तर्जुमा,कार्यान्वयन,अनुगमन,मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ । साथै विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) तथा नेपालको १६ औँ आवधिक योजना (२०८०/०८१-२०८४/२०८५) ले पनि प्रारम्भिक बालविकास देखि सबै तह र प्रकारका शिक्षालाई पहुँचयोग्य,समावेशी,गणुस्तरीय,समयसापेक्ष एवम् जीवनोपयोगी बनाइ सक्षम तथा प्रतिस्प्रधि जनशक्ति मार्फत मुलुकको समग्र विकास प्रक्रियामा योगदान पुर्याउँछ। शिक्षाले मुलुकको आर्थिक समवृद्धी,सामाजिक प्रगति र ज्ञानमा आधारित अर्थतन्त्र निर्माणका लागि आधारशिला प्रदान गर्दछ। जनशक्तिलाई आवश्यक ज्ञान,सिप ,क्षमता र योग्यता प्रदान गर्दछ। शिक्षाले नवप्रवर्तन,रोजगार र उत्पादकत्व बढाउँछ। समाजमा आउने गतिशिलतालाई सम्बोधन गर्नेगरि वैज्ञानिक सास्कृतिक,अनुसन्धान तथा विकास मार्फत शिक्षा प्रणालीलाई उत्थानशील र उपयोगी बनाउने लक्ष्य लिएको छ । शिक्षा प्रणालीका लागि आवश्यक नीति,कानुन,र्निदेशिका,कार्यविधि तथा मापदण्ड जारी गर्ने; विद्यालयमा साधारणतर्फ अध्ययन गर्ने भन्दा प्राविधिक धार अध्ययन गर्ने विद्यार्थीको अनुपात क्रमश: वृद्धि गर्ने गरि नीतिगत व्यवस्था गर्ने; सबै तहको शैक्षिक उपलब्धिमा बढोत्तरी गर्ने,उच्च शिक्षा प्राप्तिका लागि विदेश जाने बढ्दो प्रवृत्तिलाई कम गर्न नेपालको शिक्षा प्रणालीलाई गणुस्तरीय,उत्पादनमूलक र रोजगारकेन्द्रित बनाउने; आधारभूत तह देखि नै व्यवस्थित,प्रविधिमैत्री र गुणस्तरीय बनाउने कार्यनीति अवलम्बन गरेको छ । यसरी नेपालको संविधान,२०७२,राष्ट्रिय शिक्षा नीति,२०७६ दिगो विकास सम्बन्धी लक्ष्य,अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५,शिक्षा ऐन तथा नियमावली,स्थानीय सरकार सञ्चालन ऐन,२०७४,सोह्रौ योजना लगायतका शिक्षा सम्बन्धी ऐन,नीति,नियम कानुन,योजनाहरुले तय गरेका लक्ष्य र उद्देश्यहरुको प्राप्तिका लागि यस बराहताल गाउँपालिकाले बार्षिक शैक्षिक दर्पणाको निर्माण तथा कार्यान्वय गरि शैक्षिक उपलब्धि प्राप्तिकालागि प्रयास गरेको छ साथै शिक्षालाई हरेक दृष्ट्रिकोणबाट व्यवस्थित,गुणस्तरीय,प्रविधिमैत्री,दिगो,समावेशी,समतामूलक बनाउदै सबै नागरिकको गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने मौलिक हकलाई सुनिश्चित गर्नका लागि बराहताल गाँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना २०८१ - २०९१ तयार पार्नु अपरिहार्य भएको छ ।

### १.१.३ बराहताल गाउँपालिकाको परिचय

बराहताल गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत सुर्खेत जिल्लामा पर्दछ । यस गाँउपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका,गाउँपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार तत्कालिन माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२७ देखि लागुहुने गरि साविकका हरीहरपुर,तरंगा,कुनाथरी,पोखरीकाँडा र लेखगाँउ गा.वि.स. लाई समायोजन गरि बराहताल गाउँपालीका बनाइएको हो । सुर्खेत जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरुमा धैरे सम्भावना बोकेको गाउँपालिकाको रुपमा बराहताल गाउँपालिका हुनुका साथसाथै सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँवासी समेत यो गाउँपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन् । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । अधिकांश ग्रामीण क्षेत्रको रुपमा रहेको गाउँपालिकामा प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा बनपैदावर र कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ । यस गाउँपालिकामा ५६ वटा सामुदायिक विद्यालयहरु संचालित छन् । अध्ययनका लागि यस गाउँपालिकाका विद्यालयहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी स्थानिय तह बाट पनि आउने गरेका छन् । नेपालको पछिल्लो बदलिदो संरचना अनुरूप प्रदेश नं ६ को केन्द्रमा पर्ने सुर्खेत जिल्ला राजनैतिक वा प्रशासनिक ढंगले ९वटा स्थानीय निकायहरु ५ वटा नगरपालिका र ४ वटा गाउँपालिकाहरूमा विभाजन गरिएको छ। बराहतल गाउँपालिका जिल्लाको पश्चिम क्षेत्रको रमणीय स्थानमा अवस्थित प्राकृतिक तथा भौतिक, साँस्कृतिक श्रोत सम्पन्न गाउँपालिका हो । जिल्लाका ९ वटा स्थानीय निकायहरूमा क्षेत्रफलका हिसाबले सबैभन्दा ठुलो (४५५.०९वर्ग कि.मी.)यो गाउँपालिका स्रोतका तथा संम्भावनाका हिसाबले अन्य गाउँपालिकाभन्दा सक्षम तर विकासका हिसाबले पिछडिएको मानिन्छ। उत्पादनको क्षेत्रमा यो गाउँपालिकाले सुर्खेतका अन्य गाउँपालिकाहरू सरह उदाहरणीय भुमिका खेलेको छ। मुख्य गरि वनजंगल, वनपैदावार र कृषि उत्पादनलाई मुख्य आम्दानीको स्रोत मानेको यस गाउँपालिकाकोकुनाथरीलाई मुख्य व्यापारीक केन्द्र बनाई काठ र तरकारी निर्यातका लागि प्रसिद्ध मानिदै आएको छ।

यस गाउँपालिकालाई दशवटा वडाहरूमा विभाजन गरिएको छ। जसमा साविकको हरिहरपुर गा.वि.स.लाई वडा नं. १ र २ मा,तरङ्गा गा.वि.स.लाई ३ र ४ मा,कुनाथरी गा.वि.स.लाई ५ र ८ मा,पोखरीकाँडा गा.वि.स.लाई ६ र ७ मा र लेखगाँउगा.वि.स.लाई ९ र १० वडाहरूमा विभाजन गरिएको छ। यस गाउँपालिकाको केन्द्रको रूपमा हाललाई साविकको कुनाथरी गा.वि.स.को बड्डीचौर क्षेत्रलाई तोकिएको छ । जनचाहना र आवश्यकताको सम्बोधन गर्ने हेतुले यस गाउँपालिकालेसरकारी निकायका सेवा केन्द्र र गैरसरकारी संघ - संस्थाहरूसँग समन्वय गरि कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ। यस गाउँपालिका अन्तरगत हाल कायम गरिएका वडा र त्यस अन्तर्गत रहेका साविककागा.वि.स. तथा वडाहरूको विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ

## १.१.४ भौगोलिक अवस्थिति

१.१.४.१ क्षेत्रफल

सुर्खेत जिल्लाका ९ वटा स्थानीय निकायहरू मध्य क्षेत्रफलका हिसाबले सबैभन्दा ठुलो (४५५.०९वर्ग कि.मी.) क्षेत्रफल भएको यो गाउँपालिका स्रोत तथा संम्भावनाका हिसाबले अन्य गाउँपालिकाभन्दा सक्षम तथाविकासका हिसाबले पिछडिएको मानिन्छ। त्यसैगरि वडा अनुसार क्षेत्रफल हेर्दा बराहताल गाँउपालिकाका वडा नं १ को क्षेत्रफल ४२.५८ वर्ग किलोमिटर वडा नं २ को क्षेत्रफल ५६.७६ वर्ग किलोमिटर वडा नं ३ को क्षेत्रफल ५८.५१ वर्ग किलोमिटर वडा नं ४ को क्षेत्रफल ७०.०७ वर्ग किलोमिटर वडा नं ५ को क्षेत्रफल ३३.६३ वर्ग किलोमिटर वडा नं ६ को क्षेत्रफल ३५.२२ वर्ग किलोमिटर वडा नं ७ को क्षेत्रफल ४२.६० वर्ग किलोमिटर वडा नं ८ को क्षेत्रफल ५८ वर्ग किलोमिटर वडा नं ९ को क्षेत्रफल २३.८८ वर्ग किलोमिटर र वडा न. १० को ३३.१८ वर्ग किलोमिटर गरि कुल ४५५.९ वर्ग कि.मी. रहेकोछ

१.१.४.२ भौगोलिक स्वरूप

सुर्खेत जिल्लाको पश्चिम भागमा अवस्थित बराहताल गाउँपालिका भौगोलिक दृष्टिले यसको धेरैजसो भुभाग महाभारत श्रृङ्खलाको मन्द ढालयुक्त पहाडी क्षेत्र, चटान युक्त र कंकड खैरो माटो, अधिकांश भाग जंगलले ढाकिएको,साना ताल तलैया, साजघाट, तरंगा उपत्यका, तथा भेरी नदीले बनाएको उपत्यकाहरू, सोतखोला र धनीगाड खोलाले बनाएका किनारीय भुखण्डहरू र महाभारत श्रृङ्खलाका तल्ला होचा पहाडहरूले बनेको छ। समुद्र सतहको ३०० मिटर देखि २२०० मिटरसम्म उचाइमा अवस्थित यस गाउँपालिका पूर्ववाट पश्चिमतर्फ फैलिएर रहेको छ। उर्वर भूमि र विशाल जंगल क्षेत्रले ओगटेको यस गाउँपालिका दोमट बलौटे माटोको भुखण्डले बनेको छ। जिल्लाको भौगोलिक तथा धरातलीय अवस्था अनुसार सुर्खेत जिल्लालाई मुख्यतया चार प्रकारको हावापानी पाइने क्षेत्रहरूमा विभाजन गरिएको छ। सोही भौगोलिक तथा भुधरातलीय क्षेत्रको आधारमा बराहताल गाउँपालिकाको धेरै जसो भू–भाग समुन्द्री सतहको ४०० देखि १५०० मिटरको उचाइमा पर्ने भएकोले यहाँ न्यानो, सुख्खा, उपोष्ण, हावापानी पाइन्छ। महाभारत श्रृङ्खलाको तल्लो भागमा पाइने वनस्पति चिउरी, सिमल, तिजु, बाँझ, कटुस, काफल जातका वनस्पति पाइन्छन् भने जडिबुटि तर्फ समयो, काउलो, चुत्रो, कुरिलो, टिमुर, तेजपात, सुनगाभा, अमला, हर्रो, बर्रो, शिकारी लहरा, जिवन्ती आदि प्रशस्त मात्रामा पाइनुका साथै बाँस, निगालो जस्ता डोको डालोका लागि चोयायुक्त वनस्पति पनि यहाँ पाइन्छ र कुच्चो तथा झाडुको लागि अम्रिसो, बनस्पती पनि प्रशस्त पाइन्छ। यस भु–भागमा औषत १०० मि.लि. भन्दा बढी नै वर्षा हुने गर्दछ। यस गाउँपालिकाको केन्द्रविन्दु वा सदरमुकाम भनेर चिनिने बड्डीचौर बजारको उचाइ समुद्री सतह देखि ५४८ मिटरमा रहेको छ।

स्रोत ; गाउँपालिकाको प्रोफाइल २०७५

## १.१.५ जनसाङखिकिय संरचना

२०७८ सालको जनगणना अनुसार यस गाउँपालिकाको जनसङ्या जम्मा नेपालको राष्ट्रिय जनगणना वि.स २०७८ अनुसार यस गाँउपालिकाको कुल जनसङ्ख्या २५९४३ रहेको छ जस्मा पुरुष १२४६५,( ४८.०४७% र महिला १३४७८ (५१.९७%) छन् । यहाँको जनघनत्व ५७.७ रहेको छ साथै जम्मा घरधुरी सङ्ख्या ६१६९ रहेका छन् । लैङ्गिक अनुपात ९२•४८ प्रति १०० महिला रहेको छन् । यस गाँउपालिकामा १० वडा रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार तपशिलको तालिका अनुसारको जनसंख्या रहेको छ।

| वडा नं. | कुल जनसंख्या | महिला | पुरुष |
|---|---|---|---|
| १ | १५०४ | ७७२ | ७३२ |
| २ | २८७५ | १५०३ | १३७२ |
| ३ | १३४२ | ६८४ | ६५८ |
| ४ | २७७२ | १४४५ | १३२७ |
| ५ | ५१९९ | २७६६ | २४३३ |
| ६ | २३४३ | १२९९ | १०४४ |
| ७ | २४०५ | १२३७ | ११६८ |
| ८ | ३३५५ | १७०९ | १६४६ |
| ९ | १५९१ | ८५७ | ७३४ |

स्रोत : राष्ट्रिय जनगणना - २०७८

### १.१.६ सामाजिक सास्कृतिक अवस्था

यस गाउँपालिकामा विभिन्न जातजाति तथा भाषिहरुको बसोबास रहेको छ । विशेष गरि क्षेत्रि,विश्वकर्मा,ठकुरी,ब्राम्हण,परियार,मगर,मिजार,सुनार,बादी अन्य आदीको तपशिल अनुसार बसोवास रहेको छ ।

| जातजाजि | प्रतिशत |
|---|---|
| **क्षेत्री** | ४३.३ |
| **विश्वकर्मा** | २८.३ |
| **ठकुरी** | १४.० |
| **ब्राम्हण** | ६.६ |
| **परियार** | ४.२ |
| **मगर** | २.२ |
| **मिजार** | ०.५ |
| **सुनार** | ०.४ |
| **वादी** | ०.३ |
| **अन्य** | ०.२ |
| **भाषागत उपस्थिति** | |
| **भाषा** | **प्रतिशत (%)** |
| **नेपाली** | ९८.२ |

| | |
|---|---|
| **मगर** | **१.७** |
| **अन्य** | **०.१** |

## १.१.७ चाड पर्व तथा सास्कृतिक पर्वहरु

| क्र स | चाडपर्वहरु | मनाईने महिना | तिथी मिति | मनाउने जातजाति / धर्म |
|---|---|---|---|---|
| १ | बैशाख पुर्णिमा | बैशाख | बैशाख शुक्ल पुर्णिमा | हिन्दु / बौद्ध |
| २ | इदुल बक्र इद | असार | इस्लामिक पात्रो अनुसार | मुस्लिम |
| ३ | जनै पुर्णिमा | साउन /भदौ | श्रावण शुक्ल पुर्णिमा | हिन्दु |
| ४ | कृण्ण जन्माष्टमी | भाद्र | भाद्र कृष्ण सप्तमी | हिन्दु |
| ५ | हरितालिका तिज | भाद्र | भाद्र शुक्ल तृतिया | हिन्दु |
| ६ | घाँसे जात्रा | असोज | असोज १ गते | समुदाय सबै |
| ७ | विजया दशमी | असोज कात्तिक | घटस्थापना देखि कोजाग्रत पुर्णिमा | हिन्दु |
| ८ | तिहार | कात्तिक मंसिर | कात्तिक कृष्ण त्रयोदशी देखि कात्तिक शुक्ल द्धितिया | हिन्दु |
| ९ | क्रिसमस डे | पौष | डिसेम्वर २५ | क्रिश्चियन |
| १० | तमु लोह्सार | पौष- १५ | | गुरुङ्ग |
| ११ | माघे सक्रांन्ति | माघ - १ | माघ | हिन्दु/बौद्ध |
| १२ | सोनाम लोहछार | | | |
| १३ | महा शिव रात्रि | फागुन | फागुन कृष्ण त्रयोदशी | हिन्दु |
| १४ | फागु पुर्णिमा | फागुन | फागुन शुक्ल चतुर्दशी | हिन्दु |
| १५ | चैते दशै | चैत्र बैशाष | चैत शुक्ल अष्टमी | हिन्दु |
| | जात्राहरु | | | |
| १ | पोखरिकाँडा जात्रा | जेठ पुर्णिमा | | समुदाय सबै |
| २ | बराह मेला | बैशाख १ गते | बैशाख पुर्णिमा | समुदाय सबै |
| ३ | टोट्नाउलाको जात्रा | असोज पुर्णिमा | असोज पुर्णिमा हिन्दु | हिन्दु |
| ४ | पाम्का जात्रा | मंसिर पुर्णिमा | मंसिर पुर्णिमा | हिन्दु |
| ५ | काले जात्रा | कार्तिक | कार्तिक | हिन्दु |
| | टुनिचौरको जात्रा | असोज | पुर्णिमा | |

स्रोत ; गाउँपालिकाको प्रोफाइल २०७५

## १.१.८ आर्थिकरूपले सक्रिय जनसङ्याको अवस्था

बराहाताल गाउँपालिकाको प्रोफाइल २०७५ अनुसार यस गाउँपालिकाको कुल जनसंख्यालाई आर्थिक रूपले सक्रिय र निष्क्रिय गरि विश्लेषण गर्दा कुल ५४.४३ प्रतिशत (१५ देखि ५९ वर्ष) जनसंख्या आर्थिक रुपले सक्रिय देखिन्छ । यस

पालिकामा बसोवास गर्ने अधिकांश व्यक्ति कृषि पेशामा आवद्ध रहेका छन् । यस पालिकामा मुख्यरुपमा पशुपालनमा बाख्रा पालन र फलफुल खेतिमा केरा तथा आँप खेति गर्ने गरिन्छ । यस गाउँपालिकामा वैदेशिक रोजगार तथा अन्य स्वदेशकै अन्य क्षेत्रमा रोजगारको सिलसिलामा घर परिवारबाट महिनौ बाहिर जानु पर्ने बाध्यता यहाँका प्रत्येक नागरिकमा रहेको देखिन्छ । गरिबीका कारण छिमेकी मुलुक भारतमा सपरिवार जाने परम्परा समेत यस पालिकामा रहदै आएको कारण विद्यालयमा भर्ना भएका बालबालिकाहरुको नियमीत उपस्थिति हुने कुरा चुनौतिपूर्ण हुन गएको छ । जसले गर्दा विद्यालयको छाड्ने र दोहोर्याउने दर बढ्दो क्रममा रहन गएको छ । बराहताल गाउँपालिकाका अधिकांश स्थानीय बासी कृषिमा आश्रीत रहे पनि कृषि क्षेत्रमा केहि समस्याहरु देखिएका छन्,परम्परागत कृषि प्रणाली हनु,रोजगार मूलक नहनु,जमिन बाँझिदै जानु,श्रम अनुसारको उत्पादन नहनु,मानिसहरुमा कृषि प्रति वितृष्णा,वजार व्यवस्थापन राम्रो नहनु,रसायनिक मल र विषादिको प्रयोग वढि हुनु,शित भण्डार नहनु,हावापानी र माटो सहाउँदो विउ उपलब्ध नहनु,सिंचाईको प्रयाप्त सुविधा नभएको,उत्पादकत्वमा कमि,कृषि श्रमिकको उपलब्धतामा कमि आदि कृषि क्षेत्रमा समस्या देखिएको छ ।

## १.१.९ शिक्षा तथा साक्षरताको अवस्था

| साक्षरताको अवस्था | महिला सङ्ख्या | महिला प्रतिशत | पुरुष सङ्ख्या | पुरुष प्रतिशत | जम्मा सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| पढ्न र लेख्न सक्ने | ८७१२ | ७०.४ | ९६५१ | ८५.९ | १८३६३ | ७७.७ |
| पढ्न मात्र सक्ने | | ०.६ | | ०.६ | | ०.६ |
| पढ्न लेख्न नसक्ने | ३५९४ | २९.० | १५२१ | १३.५ | ५११५ | २१.७ |
| | | | | | | |

स्रोत : राष्ट्रिय जनगणना – २०७८

| **विवरण** | **सङ्ख्या** |
|---|---|
| **निरक्षर (१५–६० वर्ष)का जनसंख्या** | **५,११५** |
| **प्रति कक्षा सहभागी संख्या** | **४० जना** |
| **आवश्यक कक्षा सङ्ख्या** | **११४ कक्षा** |

स्रोत : राष्ट्रिय जनगणना – २०७८

**विद्यालय तथा शिक्षण संस्था विवरण**

| **संस्था प्रकार** | **सङ्ख्या** |
|---|---|
| **प्रारम्भिक बाल विकास केन्द्र** | ४७ |

| | |
|---|---|
| **सामुदायिक विद्यालय** | ५६ |
| **संस्थागत विद्यालय** | ४ |
| **सिकाइ केन्द्र** | १ |
| **प्राविधिक विषय पढाइ हुने विद्यालय** | १ |

स्रोत : गाउँपालिकको ईमिस रिर्पोट २०८०

शिक्षक दरबन्दि

| प्राथमिक तह | | | |
|---|---|---|---|
| प्रकार | महिला | पुरुष | जम्मा |
| **स्थायी** | ३९ | ६७ | १०६ |
| **राहत** | २७ | १६ | ४३ |
| **करार** | ४ | २ | ६ |
| | | | |
| निम्नमाध्यामिक तह | | | |
| **स्थायी** | ४ | १६ | २० |
| **राहत** | ४ | १५ | १९ |
| माध्यामिक तह | | | |
| **स्थायी** | १ | ५ | ६ |
| **राहत** | १ | १२ | १३ |
| उच्च माध्यामिक तह | | | |
| **राहत** | ३ | ५ | ८ |

स्रोत : गाउँपालिकको ईमिस रिर्पोट २०८०

महिला प्राध्यानाध्यपकाको अवस्था

| **तह** | **महिला** | **दलित** | **जनजाति** | **जम्मा** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| प्राथमिक | १० | १ | ९ | १० |
| निम्नमाध्यामिक | १ | | | १ |
| मध्यामिक | १ | | | १ |
| कुल महिला शिक्षक सबै तहको | | | | ८३ |

स्रोत : गाउँपालिकको ईमिस रिर्पोट २०८०

विद्यालय अनुसरा विद्यार्थि संख्या

| कक्षा स्तर | संख्या | तह | छात्र | छात्रा | जम्मा | |
|---|---|---|---|---|---|---|
| कक्षा १ -१२ | ७ | बालविकास | ३८० | ४६९ | ८४९ | |
| कक्षा १–१० | २ | कक्षा १-५ | १५३० | १४६६ | २९९६ | |
| कक्षा १–८ | १५ | कक्षा ६-८ | ९१५ | ९१८ | १८३३ | |
| कक्षा १–५ | २६ | कक्षा ९-१० | ४७१ | ४३५ | ९०६ | |
| कक्षा १–३ | ६ | कक्षा ११-१२ | १९० | १७० | ३६० | |
| | | | | | | |
| संस्थातत विद्यालय | | बाल विकास | ७२ | १०४ | १७६ | |
| | | कक्षा १–५ | ११९ | १६२ | २८१ | |
| | | कक्षा ६–८ | २७ | ४६ | ७३ | |

स्रोत : गाउँपालिकको ईमिस रिर्पोट २०८०

## १.१.१० मुख्य अवसर समस्या तथा चुनौती

### १.१.१०.१ सवल पक्षहरू

यस गाउँपालिकाले शिक्षा क्षेत्र सुधारकालागि बार्षिक कार्यक्रममा प्राथमिकताका साथ २० प्रतिशत छुट्याउने गरेको छ ।साथै पालिकामा कार्यरत सबै तहका शिक्षक कर्मचारी तथा शिक्षा सँग सम्वन्धित सबैलाइ नियमीत क्षमता विकासका लागि विभिन्न तालिम गोष्ठि सञ्चालन गरि क्षमतावान शिक्षक तथा कर्मचारि निर्माण गरि गुणस्तरिय शिक्षा प्रदान गर्दै आइरहेको छ । स्थानीय पाठ्यक्रम (हाम्रो बराहताल) स्वीकृत गरि कक्षा १-३ सम्मको पाठ्यपुस्तक निर्माण भइ कार्यान्वयन भएको,शिक्षा समितिको गठन भइ शैक्षिक योजना तथा कार्यक्रम निर्माणमा सक्रिय भएको,शिक्षकको पेसागत विकासका लागि विषयगत

शिक्षकहरुको सञ्जाल निर्माण भइ क्रियाशील बनेको,शिक्षा क्षेत्रमा शिक्षक, संगै बालकालिका संगै अभिभावको आयआर्जन बृद्धि गरि पठन पाठनमा समतामुल पहुँच सुनिश्चित गर्दै, सिपयुक्त दक्ष जनशक्ति निर्माणका लागि नेपालकै एक मात्र नमुनाको रुपमा पढ्दै कमाउदै कार्यक्रमलाइ यस गाउँपालिकाले प्राथमिकताका साथ कार्यान्वयमा ल्याउनु पनि रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा अनुगमन समिति निर्माण भएको,स्थानीय तह मार्फत नयाँ बाल विकास केन्द्रको स्थापना र थप तलब भत्ताको व्यवस्था भएको,विद्यालय कर्मचारीलाई न्यनूतम् पारिश्रमिक उपलब्ध गराइएको, वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरि सोही अनुसार कार्यान्वयन गरिएको ,पालिकाभरका सम्पूर्ण विद्यालयहरु IEMIS मा आवद्ध भएका,यातायात र खाजा खर्चको व्यवस्था गरि हरेक महिनामा नियमीत प्र अ बैठक बसी शैक्षिक मुद्दामा छलफल गरि समाधान गर्ने गरिएको ,विद्यालयका कार्यरत शिक्षकहरुको तलबभत्ता मासिक रुपमा EFT सिस्टम मार्फत सम्बन्धित शिक्षकको खातामा निकासा गर्ने गरिएको,अनाथ बालबालिकाहरूलाई पालिकाबाट शैक्षिक सहयोग भएको र स्थानीय तहको शिक्षा योजना निर्माण प्रकृया अगाडी बढेको छ । साथै यस पालिकामा विद्यालयको गुणस्तर सुधारका लागि स्थानीय तहका विकास साझेदार निकायहरु शिक्षामा सुधार र विकासका लागि साझेदारी र सहकार्य गर्न तत्पर देखिएका ।

**१.१.१०.२ मुख्य समस्याहरुः**

विद्यालय उमेरका सबै बालबालिकाहरु विद्यालयको पहुँचमा पुर्याउन नसकिनु,विद्यालयमा बालबालिकाहरु उपयुक्त उमेरमा भर्ना नहुनु,छाउपडी र बालविवाह न्यूनीकरण हुन नसक्नु,पालिका स्तरिय शिक्षा नीति निर्देशिका तथा मापदण्डहरुको निर्माण तथा कार्यान्वियन हुन नसक्नु । विद्यार्थीहरुको सिकाइ उपलब्धि अपेक्षित हुन नसक्नु,भर्ना भएका बालबालिकाहरुलाई विद्यालयमा टिकाउन र सिकाउन नसक्नु,शिक्षक विद्यार्थी अनुपात नमिल्नु र विषयगत शिक्षकको अभाव,विद्यालयहरुमा भौतिक पूर्वाधारको अभाव,नियमीत रुपमा विद्यार्थीहरुको स्वास्थ्य जाँच तथा रिफेरल सहयोगको अभाव (अपांगताको स्क्रिनिङ समेत),विद्यालयमा स्वच्छ खानेपानी,स्वच्छ शौचालयको अभाव,छात्रामैत्री शौचालय तथा सेनिटरी प्याडको उचित व्यवस्थापन नहुनु र शिक्षकहरुको पेशागत विकास र प्राविधिक सहयोगको अभाव,शिक्षामा लगानीका लागि स्थानीय सरकारको चासो कम रहनु,विद्यालयमा विद्यालयमा शैक्षिक सामग्री निर्माण र प्रयोगको अभाव,विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ र शिक्षकबिच समन्वयको अभाव,विद्यालयको आन्तरिक सक्षमता कमजोर हुनु,विद्यालयहरुमा विपत प्रतिकार्य योजना निर्माण नहुनु,पाठ्यक्रमले निर्दिष्ट गरेको विद्यार्थी मूल्यांकन प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिनु र विद्यालयमा सूचना प्रविधिको पहुँच र प्रयोगको अभाव ।

**१.१.१०.३ शिक्षा क्षेत्रका अवसरहरु**

संवैधानिक तथा कानुनी आधारहरु सहित आधारभतु तह सम्मको शिक्षा अनिवार्य तथा नि: शुल्क,र माध्यिमक तह सम्म निःशुल्क गरेर सबै बालवालिकाहरूको शिक्षामा पहुँचको अवसर नेपाल सरकारद्वारा प्रदान गर्नु, तीन तहको सरकारहरु बिच समन्वय,सहकार्य र जिम्मेवारी सहित गर्न सकिने अधिकारका साथै माध्यिमक तह सम्मको शिक्षा क्षेत्रको व्यवस्थापनको अधिकार स्थानीय तहको काम र कर्तव्य अन्तर्गत भएको हुँदा आफ्नो स्थानीय तह भित्रका विद्यालयको अनुगमन मूयाङ्कन तथा पृष्ठपोषण गर्ने,शिक्षक व्यवस्थापन,सिकाइ उपलब्धि संगै अन्य थुप्रै गतिविधि संचालन गरेर समय सापेक्ष शैक्षिक

उपलब्धि वृद्धि गर्न सक्नेअवसर स्थानीय तहलाई हुन, शिक्षामा लगानी वृद्धि गरि गुणस्तरिय गर्न सकिनु,स्थानीय सरकार सञ्चालन ऐन शिक्षाका अधिकारहरु स्थानीय तहमा प्रदान गर्ने,तीन वटै सरकार तथा अन्य संघ संस्थाहरु बाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुन,विभिन्न साझेदारी संस्थाको लगानी तथा सहभागितावाट शिक्षा क्षेत्रमा उल्लेखिय उपलब्धि हासिल गर्न तथा सिक्ने वातावरण हुनु, स्थानीय पाठ्यक्रमको निर्माण भई कार्यान्वयनको चरणमा हनु,नेपालको संविधान (२०७२) ले बालबालिकाहरुको शिक्षा प्राप्तीको अवसर सुनिश्चित गर्ने विषयलाई संबैधानिक दायित्वका रुपमा स्थापित गर्दै संबिधानको अनुसूची ८ मा माद्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तह मातहत राखेको छ । संविधान जारी भए पश्चात् दोस्रो कार्यकालको लागि तिनै तहको निर्वाचन भइ संवैधानले सिर्जना गरेका दायित्वहरु कार्यान्वयन गर्न तिनै तहका सरकार क्रियाशिल रहेको अवस्था देखिन्छ । संबिधानले सिर्जना गरेको दायित्व पूरा गर्न उपलब्ध अबसरहरु निम्न रहेका छन् ;

**१.१.१०.४ चुनौतीहरु**

विद्यालय शिक्षामा सर्वव्यापी पहुँचको सुनिश्चितता, भौगोलिक विकटता र छरिएको वस्ती,विद्यालय नक्सांकन गर्न नसकिनु, अपांगता भएका बालबालिका, सबै बालबालिकाहरुलाई विद्यालयको सम्मको पहुँच,अपांगतामैत्री भौतिक संरचना नहुनु,सामाजिक तथा सांस्कृतिक रुपले पछि परेका समुदायका बालबालिकाहरुलाई विद्याल शिक्षामा मूलप्रवाहीकरण गर्ने विषय प्रमुख चुनौतीको रुपमा रहेको देखिन्छ । सबै विद्यालयमा न्यूनतम् सक्षमताको अवस्थाको सुनिश्चितता, निर्माणात्मक विद्यार्थी मूल्यांकनको कार्यान्वयन हुन नसक्नु, नतिजामूलक रुपमा शिक्षक विकास र व्यस्थापन गर्न नसक्नु, जीवनपर्यन्त सिकाइ अवसरको सुनिश्चितता वातावरण सिर्जना हुन नसक्नु, स्थानीय योजना तथा बजेट र कार्यक्रममा प्राथमिकता प्राप्त क्षेत्रका रुपमा शिक्षालाई सम्बोधन नगरिनु, प्रयाप्तता,समता र नतिजामूलक रुपमा स्रोत साधनको व्यवस्थापन गर्न अप्ठेरो हुनु, सहभागितामूलक रुपमा विद्यालय तहका योजना,बजेट र कार्यक्रमको निर्माण र कार्यान्वयनमा चुनौति देखिनु,शैक्षिक संरचना र सँगठनहरुलाई विद्यालयको सुधार,विकास र उन्नयनमा प्रभावकारी रुपमा परिचालन, सरोकारवालासँग शैक्षिक उन्नयका लागि साझेदारी र सहकार्यमा असहजताहुनु, विपत् जोखिमको अवधिमा शिक्षा पाउने अधिकारको सुनिश्चितता, मौजुदा शैक्षिक नीति कानुन र योजनाको प्रभावकारी कार्यान्वयनका लागि नतिजामूलक नियमन,अनुगमन,सुपरीवेक्षण र पृष्ठपोषण आदि चुनौति रहेका छन् ।

# परिच्छेद : २ शिक्षा योजना

## २.१ परिचय

नेपालको संविधानको धारा ५६ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ,प्रदेश र स्थानीय तह गरि तीन तहको हुने र सोहि बमोजिम राज्य शक्तिको प्रयोग सङ्घ,प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्नुपर्ने व्यवस्था उल्लेख छ । शिक्षासम्बन्धी सङ्घ,प्रदेश र स्थानीय तहलाई संविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकारको व्यावहारिक कार्यान्वयन गर्न सहकारिता,सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गरि शिक्षाको राष्ट्रिय गन्तव्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता पूरा गर्नुपर्ने देखिन्छ । विगतमा नेपालले शिक्षा क्षेत्रको योजना एकात्मक शासन व्यवस्था बमोजिम केन्द्रिय स्तरबाट विकास तथा निर्माण गर्ने र कार्यान्वयन क्षेत्रीय र जिल्लास्तरबाट गराउने गरेको सन्दर्भमा राज्यको पुनः संरचनासँगै शिक्षासम्बन्धी अधिकार,स्रोत साधन,जिम्मेवारी र उत्तरदायित्व पनि स्थानीय निकायमा हुने गरि संवैधानिक रूपमा व्यवस्था गरएिको छ .

नेपाललाई सन् २०२२ सम्म अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्र र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रुपमा विकास गरि समृद्ध नेपाल र सुखी नेपाली' को चाहना पूरा गर्न शिक्षा सम्बन्धीहालसम्म भएका प्रयास,उपलब्धि र पहिचान गरिएका समस्या तथा चूनौतीको समीक्षा गर्दै शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले संघ,प्रदेश र स्थानीय तहको शिक्षा क्षेत्र योजनाको ढाँचामा एकरुपता आउने गरि १० बर्षे (२०७८- २०८७)शिक्षा क्षेत्रको नयाँ योजना निर्माणलाई अगाडि बढाएको परिवेशमा तथा विद्यालय क्षेत्र विकास योजना (एस.एस.डि.पी) को ५ बर्षे (वि.सं. २०७३- २०७८) कार्यक्रमको समयावधि २०७८ असार मसान्तसम्म समाप्त भएको र सोहि योजनाको निरन्तरताकोलागि पनि यस योजना विकास गरिएको हो । शिक्षा क्षेत्रको क्षेत्रगत विकासका लागि शिक्षाको राष्ट्रिय गन्तव्य र अन्तराष्ट्रिय रुपमा दिगो विकास लक्ष्यको लक्ष्य नम्बर ४ पूरा गर्न तथा राज्य पुनर्संरचनाको वर्तमान सन्दर्भमा संघ,प्रदेश र स्थानीय तहबिचको शैक्षिक

योजनामा एकरुपता ल्याउनका लागि समेत बरबहताल गाउँपालिकाले १० बर्षे (२०८०-०८१ देखि २०९०-२०९१) नयाँ शिक्षा योजना निर्माण कार्य अघि बढाएको हो ।

परिवर्तित शासकीय संरचनामा नेपालको संविधान बमोजिम विशेषतःशिक्षा क्षेत्रमा विभिन्नको अधिकार सूचिभित्र परेका र स्थानीय सरकार सञ्चालन ऐन र संविधानमा निर्दिष्ट गरएिको शिक्षासम्बन्धी मौलिक हक,राज्यको पुनरसंरचना र अधिकारको बाँडफाँड,मुलुकको आर्थिक-सामाजिक रूपान्तरणका सबाल,दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता,सोह्रौ योजना,सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका नीति स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्पलाई परिपूर्ति गर्न तथा विभिन्न गुणस्तरीय र जीवनपयोगी शिक्षा प्रदान गर्न,शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न,सक्षम समुन्नत र आत्मनिर्भर भविष्यको कर्णधार,निःशुल्क गुणस्तर,प्रविधियुक्त शिक्षा विकासमा नागरिकको आधार,पालिकाको परिकल्पनाको मान्यता अनुरूप शिक्षामा सबैको सरल,सहज र समतामूलक पहूँच सुनिश्चित गर्न,शिक्षालाई सर्वव्यापी,समकालीन आवश्यकतामा आधारित,विज्ञान तथा प्रविधियुक्त,रोजगारमूलक तथा प्रतिस्पर्धी बनाउन राज्यको पुनः संरचनासँगै तहगत सरकारका शिक्षा प्रतिको लगानीको प्राथमिकता समेत निर्धारण भएको सन्दर्भमा शिक्षामा सङ्घ र प्रदेशबाट प्राप्त हुने अनुदानको प्राप्ति गर्न र शिक्षाका कार्यक्रमको व्यवहारिक कार्यान्वयन गर्न,आवश्यक स्रोतको पहिँचान,परिचालन र व्यवस्थापन गर्न,दिगो विकास लक्ष्य बमोजिम पालिकाका शिक्षाका सूचकहरूको विकास गर्न र सोही बमोजिमका उच्च शिक्षा,प्राविधिक शिक्षा र विद्यालय सुशासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न,शिक्षामा सरोकारवालाको सहभागिता सुनिश्चित गरि गुणस्तरीय शिक्षा प्रदान गर्न,शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता पूरा गर्ने उदेश्यका साथै बरबहताल गाउँपालिका नयाँ शिक्षा क्षेत्र योजना (२०८१- २०९१) को कार्यढाँचा विकास गर्नुपर्ने अवस्था सिर्जना भएको हो ।

यो योजना आ.ब. २०८०/०८१ देखि २०९०/०९१ सम्म १० वर्षे हुनेछ ।

**२.१ .१*दीर्घकालीन राष्ट्रिय सोच***

***"आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने" ।***

**२.१.२ बराहताल गाउँपालिकाको दूरदृष्टि ;**

**समृद्ध बराहतालको आधार ; शिक्षामा समता,गुणस्तर र उत्थानशील पूर्वाधार**

**२.१.३ लक्ष्य ;**

**शिक्षालाई गुणस्तरीय,जीवनपयोगी,नवप्रबर्तनशील,सिप मूलक,उत्पादनशील तथा रोजगारमूलक बनाउँदै सक्षम नागरिकको विकास तथा विपद प्रति उत्थानशिल पूर्वाधार सुनिश्चित गर्ने ।**

**२.१.४ उद्देश्य ;**

१. सबै बालबालिकाहरुका लागि अनिवार्य तथा नि;शुल्क आधारभूत :शिक्षाको सुनिश्चितता गर्नु

२. जीवनपयोगी,सिप युक्त,रोजगारमूलक नि:शुल्क माद्यमिक शिक्षाको सुनिश्चितता गर्नु

३. सबै युवा तथा प्रौढ नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर प्रदान गर्नु

४. विद्यार्थीहरुको शैक्षिक उपलब्धि अभिवृद्धि गरि शैक्षिक गुणस्तर कायम गर्नु ।

५. सबै विद्यालयहरुमा उत्थानशील भौतिक पूर्वाधार विकास गर्नु ।

**२.१.५ रणनीति**

१.१ प्रारम्भिक बालबिकास केन्द्रको स्तरोन्नति र पहुँच अभिवृद्धि गर्ने ।

१.२ बालविकास केन्द्रको नक्साङ्कनका आधारमा ,समायोजन तथा पुनवितरण गर्ने ।

१.३ अपाङ्गता भएका,दलित र आर्थिक रूपले विपन्न बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क गरि उच्च शिक्षा निःशुल्क गर्नका लागि विभिन्न तहबाट पहल गरिने र आवश्यकता अनुसार संघ तथा प्रदेश सरकारसँग समन्वय गरि सेवाको सुनिश्चित गरिने ।

१.४ हरेक बालबालिकालाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क गरिने,साथै दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा बालबालिकालाई सांङ्केतिक भाषामा शिक्षा प्रदान गरिने ।

१.५ सबै विद्यालयहरूमा गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरि कार्यान्वयन गरिने ।

२.१ आजीवन सिकाइ तथा निरन्तर शिक्षाको लागि स्थानीय तहको प्रत्येक वडामा सामुदायिक सिकाइ तथा प्रशिक्षण केन्द्र स्थापना गरि आवश्यकताअनुसार विस्तार तथा सुदृढीकरण गर्ने,

२.२ प्रारम्भिक बाल विकास केन्द्रमा उमेर समूहका सबै बालबालिकाको पहुँच पुर्याउदै कक्षा १ मा भर्ना हुँदा आधारभूत भाषिक र गणितीय सिप सिकेको सुनिश्चित गरिने ।

२.३ प्रत्येक विद्यालयमा प्रविधि मैत्री शिक्षाको बिस्तार गरि शैक्षिक ब्यबस्थापन सुचना प्रणालीमा प्रभावकारिता ल्याउनुका साथै विद्यालयलाइ प्रविधि मैत्री विद्यालय घोषणा गर्ने ।

३.१ .प्रत्येक विद्यालयमा प्रविधि मैत्री शिक्षाको बिस्तार गरि शैक्षिक ब्यबस्थापन सुचना प्रणालीमा प्रभावकारिता ल्याउने ।

३.२ स्थानीयश्रम बजारको आवश्यकता र प्राथमिकताका आधारमा बेरोजगारको योग्यता र क्षमता अनुसार सान्दर्भिक,उपयोगी,गुणस्तरीय र प्रभावकारी सिप सिक्ने अवसर प्रदान गर्ने ।

३.२ परीक्षा तथा मूल्याङ्कन प्रणालीलाई सुदृढीकरण गरि आधुनिक एबम् प्रविधियूक्त बनाउने ।

३. ३ समावेशी र विशेष शिक्षाको लागि आवश्यक संरचना निर्माण गरि सरोकारवालाको पहुँच सुनिश्चित गर्नु ।

३.४ घर,विद्यालय र सार्वजनिक क्षेत्रलाई शारीरिक,मानसिक वा अन्य किसिमका शोषण र हिंसा बाट सुरक्षित वातावरण सुनिश्चित गर्ने ।

३.५ सबै तहका शिक्षक तथा कर्मचारीहरुको व्यवस्थापन सहित क्षमता विकासका क्रियकलाप सञ्चालन गर्ने ।

३.६ सबै तहका विद्यालय हरुलाई अपाङ्गमैत्री बाल मैत्री तथा विपद उत्थानशिल बनाउनकालागि मापदण्ड तयार गर्ने ।

३.७ असाह्य, द्वन्द पिडित,अनाथ, संरक्षकत्वमा रहेका बालबालिकाहरुलाइ शिक्षामा पहुँच सुनिश्चित गर्ने।

३.८ सक्रामक तथा दिर्घरोगबाट पिडित अभिभावकका सन्ततिहरुलाइ शिक्षामा पहुँचकालागि विशेष कार्यक्रम लागु गर्ने।

## २.१.६ उपलब्धि तथा प्रमुख नतिजा

उपलब्धि

प्रारम्भिक,आधारभूत तथा माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ । सबै सामुदायिक विद्यालय,प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा सबै जनशक्ति दक्ष भै कार्यरत रहेको हुने हुनेछन । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील,सकारात्मक सोच भएको,निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार भएको हुनेछ ।

## २.१.७ मुख्य क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | सूचकहरु को तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | स्थानीय | ७७.७ | ८५ | ९५ | ९८ | फल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | ८६.८५ | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४. | ९९. | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | स्थानीय | ८६.७ | ९५ | ९७ | ९९ | फल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | ८१.९१ | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३. | ८५. | ९५. | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर | स्थानीय | ७७.७ | | | | |
| | | प्रदेश | ९५.९ | ९७ | ९८ | ९९ | फल्यास प्रतिवेदन-२०८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९. | १०० | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | स्थानीय | १०७.२ | १०५ | १०३ | १०० | फल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | १२०.९९ | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५ | १०७ | १०५ | |
| २.३ | आधारभूत तह प्राथमिक कक्षा १-५ मा खुद भर्ना दर | स्थानीय | ९५.६ | ९७ | ९८ | ९९ | फल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | ९५.८५ | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९. | ९९.५ | १०० | |
| २.४ | आधारभूत तह प्राथमिक कक्षा १-५ मा कूल भर्ना दर | स्थानीय | १२७.३ | १२० | ११० | १०५ | फल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | १२६.३९ | | | | |
| | | राष्ट्रिय | ११९.२ | | | | |
| २.५ | आधारभूत तहको कक्षा १-५ को कक्षा छाड्ने दर | स्थानीय | १.९ | १.५ | १.० | ०.५ | फल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | ४ | | | | |
| | | राष्ट्रिय | ३.२४ | | | | |
| २.६ | आधारभूत तहको कक्षा १-५ को कक्षा दोहोराउने दर | स्थानीय | ९.५ | ७ | ५ | २ | फल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | १२.२५ | | | | |
| | | राष्ट्रिय | ८.४९ | | | | |
| २.७ | आधारभूत तहको कक्षा १-५ को कक्षा उतिर्ण दर | स्थानीय | ८४.८ | ९० | ९५ | ९८ | गा.पा आइएमइआइएस |
| | | प्रदेश | ७९.१५ | | | | |
| | | राष्ट्रिय | ८३.८३ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.८ | आधारभूत तह प्राथमिक कक्षा ५ पूरा गर्ने दर | स्थानीय | ५६.४ | ६५ | ८५ | ९५ | गा.पा आइएमइआइएस |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | |
| २.९ | आधारभूत तहमा प्राथमिक कक्षा १-५ मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका | स्थानीय | ०.० | ०.० | ०.० | ०.० | गा.पा आइएमइआइएस |
| | | प्रदेश | ४७.३१ | | | | |
| | | राष्ट्रिय | २२.२ | २०. | १५. | १०. | |
| २.१ | आधारभूत तह प्राथमिक कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | ०.९७ | १ | १ | १ | फल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | |
| २.११ | आधारभूत तह कक्षा १-८ मा खुद भर्ना दर | स्थानीय | ९५.८ | ९७ | ९८ | ९९ | फल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९. | | १०० | |
| २.१२ | आधारभूत तह कक्षा १-८ मा कूल भर्ना दर | स्थानीय | १२७.३ | ११५ | १०५ | १०१ | फल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर | स्थानीय | ८७.४ | ९० | ९५ | ९८ | फल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५. | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा | स्थानीय | ४३.७७ | ५५ | ६५ | ८५ | गा.पा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ८ पूरा गर्ने दर | | | | | | | आइएमइआइ एस |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५. | |
| २.१५ | आधारभूत तह कक्षा १-८ कूल भर्ना दरमा लैङ्गिक समता सूचक | | स्थानीय | ०.९८ | ०.९९ | १.० | १.० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिकाको सङ्ख्या | नेपाली भाषा | स्थानीय | ७१.३ | | | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | ७१.३ | | | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिकाको सङ्ख्या | नेपाली भाषा | स्थानीय | ६८.८ | ७०.० | ७१.३ | ८७.१ | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४५. | ५२. | ६०. | ७०. | |
| | | गणित | स्थानीय | ६८.८ | ७०.० | ७१.३ | ८७.१ | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०. | ६०. | ७०. | |
| | | अङ्ग्रेजी | स्थानीय | ६८.८ | | | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा ८ को तह ३ हासिल भएका | नेपाली भाषा | स्थानीय | ६१.५ | ७०.० | ७१.३ | ८७.१ | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | |
| | | गणित | स्थानीय | ५५.१ | ५८.० | ६०.० | ६१.५ | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाको सङ्ख्या | | राष्ट्रिय | ५३.५ | ६०. | ६५. | ७०. | |
| | | विज्ञान | स्थानीय | ५४.४ | ५८.० | ६०.० | ६१.५ | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०. | ६०. | ७०. | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका | आधारभूत (कक्षा १-५) | स्थानीय | १.९ | १.५ | १ | ० | फल्यास रिर्पोट-२०८० |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | २.९ | १. | ०.५ | ० | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | १.९ | १.५ | १ | ० | फल्यास रिर्पोट-२०८० |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १. | ० | |
| २.२ | आधारभूत तह कक्षा १-८ अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको प्रतिशत | | स्थानीय | ७९ | ९५ | १०० | १०५ | गा.पा IMEIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४७ | ४५. | ५०. | ५०. | |
| २.२१ | आधारभूत तह कक्षा ६ -८ मा कक्षा छोड्ने दर | | स्थानीय | १.९ | १.५ | १ | ० | फल्यास प्रतिवेदन -२०८१ |
| | | | प्रदेश | १.९ | १.५ | १ | ० | |
| | | | राष्ट्रिय | २.८ | | | | |
| २.२२ | आधारभूत तह कक्षा ६ -८ मा कक्षा दोहोराउने दर | | स्थानीय | ११.४ | ५ | ३ | १ | गा.पा IMEIS |
| | | | प्रदेश | ६.५६ | | | | |
| | | | राष्ट्रिय | ५.१९ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.२३ | आधारभूत तह कक्षा ६ -८ मा कक्षा उतिर्ण दर | स्थानीय | ६३.८५ | ७५ | ८५ | ९५ | गा.पा IMEIS |
| | | प्रदेश | ८५.८१ | | | | |
| | | राष्ट्रिय | ८८.२ | | | | |
| ३.१ | माध्यमिक तह कक्षा ११-१२ मा खुद भर्ना दर | स्थानीय | ३८.० | ५० | ६५ | ८५ | फल्यास प्रतिवेदन-२०८० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५. | | |
| ३.२ | माध्यमिक तह कक्षा ११-१२ मा कूल भर्ना दर | स्थानीय | ५३.८ | ७५ | ८५ | ९५ | फल्यास प्रतिवेदन - २०८० |
| | | प्रदेश | ३८.० | | | | |
| | | राष्ट्रिय | ७१.४ | | ० | ९९. | |
| ३.१ | माध्यमिक तह कक्षा ९ -१० मा खुद भर्ना दर | स्थानीय | ७९.१ | ८५ | ९५ | ९८ | फल्यास प्रतिवेदन - २०८० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५. | | |
| ३.२ | माध्यमिक तह कक्षा ९ -१०) मा कूल भर्ना दर | स्थानीय | ८८.६ | ९५ | ९८ | ९९ | फल्यास प्रतिवेदन - २०८० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९. | |
| ३.१ | माध्यमिक तह कक्षा ९ -१२ मा खुद भर्ना दर | स्थानीय | ५८.१ | ७५ | ८५ | ९५ | फल्यास प्रतिवेदन - २०८० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५. | | |
| ३.२ | माध्यमिक तह कक्षा(९ -१२) मा कूल भर्ना दर | स्थानीय | ७१.८ | ८५ | ९५ | ९८ | फल्यास प्रतिवेदन - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९. | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक कक्षा ९ -१२ | स्थानीय | १.० | १.० | १.० | १.० | फल्यास प्रतिवेदन |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १.०२ | १. | १. | १. | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | स्थानीय | १५६ | १३० | ११० | १०० | गा.पा IMEIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | स्थानीय | ४२.६ | ७० | ८५ | ९५ | गा.पा IMEIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | स्थानीय | २८ | ४० | ६५ | ८५ | गा.पा IMEIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २४. | | | | |
| ३.७ | माध्यमिक तह कक्षा ९ -१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | स्थानीय | ५ | ८ | ९ | १० | गा.पा IMEIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २०.६ | २२. | २७. | ३३. | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | | | | गा.पा IMEIS |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | गणित | स्थानीय | | | | गा.पा IMEIS |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विज्ञान | स्थानीय | | | | गा.पा IMEIS |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | गा.पा IMEIS |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| ३.१० | माध्यामिक तह कक्षा ९ -१० मा कक्षा छोड्ने दर | स्थानीय | ३.७ | ३ | २ | १ | फल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | २. | | | | |
| | | राष्ट्रिय | १.९४ | | | | |
| ३।११ | माध्यामिक तह कक्षा ९ -१० मा कक्षा दोहोराउने दर | स्थानीय | ०.४ | ०.२ | ० | ० | फल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | २.४७ | | | | |
| | | राष्ट्रिय | २.१८ | | | | |
| ३.१२ | माध्यामिक तह कक्षा ९ मा कक्षा उतिण दर | स्थानीय | ७३ | ८५ | ९५ | ९८ | गा.पा IMEIS |
| | | प्रदेश | ९१.५२ | | | | |
| | | राष्ट्रिय | ९३.४२ | | | | |
| | माध्यामिक तह कक्षा ११ -१२ मा कक्षा छोड्ने दर | स्थानीय | १.३ | १ | ०.५ | ० | फल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | १.११ | | | | |
| | | राष्ट्रिय | ०.८९ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१३ | माध्यामिक तह कक्षा ११ -१२ मा कक्षा दोहोराउने दर | स्थानीय | ०.० | ०.० | ०.० | ०.० | फल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | २.८ | | | | |
| | | राष्ट्रिय | ०.७८ | | | | |
| ३.१४ | माध्यामिक तह कक्षा ११ मा कक्षा उतिण दर | स्थानीय | ८८.८ | ९५ | ९७ | ९९ | गा.पा IMEIS |
| | | प्रदेश | ९१.११ | | | | |
| | | राष्ट्रिय | ९१.२७ | | | | |
| ३.१५ | साक्षरता दर कुल | स्थानीय | ६५.८ | ७५ | ८५ | ९५ | फल्यास प्रतिवेदन-२०८१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७६.२ | | ९५. | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता | स्थानीय | ०.८७ | .९५ | .९७ | .९९ | **राष्ट्रिय जनगणना २०७८** |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | ०.८ | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक शिक्षा कक्षा ९ -१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह उत्तीर्ण जनशक्ति वार्षिक सङ्ख्या | स्थानीय | छात्रा | ० | | | |
| | | | छात्र | ० | | | |
| | | प्रदेश | छात्रा | | | | |
| | | | छात्र | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | |
| | | | छात्र | | | | |
| ६.१ | आधारभूत तह कक्षा १ -५ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | १;१८ | १;३० | १;४० | १;४५ | गा.पा IMEIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | |
| ६.२ | आधारभूत तह कक्षा ६ -८ मा विद्यार्थी:शिक्षक अनुपात सामुदायिक | स्थानीय | १:३५.६ | १:४० | १:४५ | १:४५ | गा.पा IMEIS |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय) | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३०:०१:०० | | ३०:०१:०० | ३०:०१:०० | |
| ६.३ | आधारभूत तह कक्षा १-८ मा विद्यार्थीः शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | १:२१.५५ | १:३५ | १:४० | १:४५ | गा.पा IMEIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३३:०१:०० | ३१:०१:०० | ३०:०१:०० | ३०:०१:०० | |
| ६.४ | आधारभूत तह १-८ को विद्यालय विद्यार्थी अनुपात सामुदायिक विद्यलालय | स्थानीय | १;९६ | | | | गा.पा IMEIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ६.४ | माध्यमिक तह कक्षा ९ -१० मा विद्यार्थीः शिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | १:८२ | १:५० | १:४५ | १:४५ | गा.पा IMEIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४:०१ | | ३०:०१:०० | ३०:०१:०० | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट रू हजारमा | स्थानीय | १९०६५८ | | | | बार्षिक नीति कार्यक्रमतथा बजेट पुस्तिका आ.व२०८१/०८२ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५. | १७. | २०. | |
| ७.२ | स्थानीय तहको कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट रू हजारमा | स्थानीय | ३८८५ | | | | बार्षिक नीति कार्यक्रमतथा बजेट पुस्तिका आ.व २०८१/०८२ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ७.२ | आधारभूत तह कक्षा १-८ मा प्रति विद्यार्थी | स्थानीय | २७७३२ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सरकारी खर्च रू | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | |
| ७.३ | माध्यमिक तह कक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च रू हजारमा | स्थानीय | २२०४६ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | |
| ७.४ | गाउँपालिकामा सङ्घीय सरकारको कक्षा १-१२ मा प्रति विद्यार्थी सरकारी खर्च इसिइडि सहित रू हजारमा | स्थानीय | २४८५१ | | | | बार्षिक नीति कार्यक्रमतथा बजेट पुस्तिका आ.व२०८१/०८२ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| ७.५ | गाउँपालिकामा सङ्घीय सरकारको कक्षा १-१२ मा प्रति विद्यार्थी सरकारी खर्च इसिइडि सहित रू हजारमा | स्थानीय | ५०७ | | | | बार्षिक नीति कार्यक्रमतथा बजेट पुस्तिका आ.व२०८१/०८२ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |

स्रोत:फ्ल्यास रिर्पोट २०८० र बराहाताल गाउँपालिका IMEIS रिर्पोट - २०८०

# परिच्छेद : ३ शिक्षाका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

विद्यालय तहको शिक्षाको प्रारम्भिक आधारशिला नै प्रारम्भिक बालविकास हो । विशेष गरि पुर्व बाल्यावस्थाका बालबालिकाहरुको शारीरिक,मानसिक,बौद्धिक,सामाजिक,संवेगात्मक तथा सर्वाङ्गीण पक्षको विकास गर्नका लागि नेपालको अनिवार्य तथा निशुल्क शिक्षा ऐन,२०७५ तथा राष्ट्रिय शिक्षा नीति,२०७६ मा ४ वर्ष उमेर पुगेका बालबालिकाहरुको लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ । विद्यालय शिक्षाको पाठ्यक्रम २०७६ मा पनि सिकाई सहजिकरणका क्षेत्रहरु र त्यसको वार्षिक कार्यघण्टा उल्लेख गरि औपचारिक रुपमा विद्यालय शिक्षाको घेराभित्र ल्याइएको छ । प्रारम्भिक राष्ट्रीय रणनीति २०७७। ०७८ को परिभाषा र बालअधिकार महासन्धि १९८९ को मर्मलाइ समेत आत्मसात गरि प्रारम्भिक बालविकास र शिक्षाको अवधारणा आएको हो । प्रारम्भिक बालविकास र शिक्षाले बालवालिकाको शारीरिक,मानसिक,सामाजिक,बौद्धिक,संवेगात्मक,भाषिक र साँस्कृतिक लगायतको समग्र विकासलाइ समेट्छ । यस प्रकारको शिक्षाको मुख्य उद्धेश्य भनेको पनि यिनै सर्वाङ्गीण पक्षको विकासलाई अधिकतम बनाउनु हो । नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको औपचारिक नीति शुरूवात २००७ सालमा काठमाण्डौमा स्थापना भएको मन्टेश्वरी स्कूलबाट भएको पाइन्छ । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले पहिलो पटक पूर्व प्राथमिक शिक्षामा जोड दिएको थियो । २०२२ सालमा बाल मन्दिर स्थापना भएपछि शिशु शिक्षालाई झन बढावा दिएको पाइन्छ । शिक्षा मन्त्रालयले २०२५ सालदेखि शिशु कक्षासम्बन्धी पाठ्यक्रम तयार गरेको र २०२९ सालमा शिशु कक्षा व्यवस्था नियमावलीद्वारा यसलाई व्यवस्थित गरेको पाइन्छ । शिक्षा ऐन,२०२८ अनुसार ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बालशिक्षा भन्ने बुझिन्छ । बाल विकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको नीति स्थापित गरि समुदाय र विद्यालय स्तरमा बाल विकास केन्द्रहरू सञ्चालन गरिने व्यवस्था गरियो । समुदाय स्तरमा सञ्चालित बाल विकास केन्द्रहरूको अनुगमन नियन्त्रणमा समस्या देखिए पश्चात् विद्यालयमा आधारित बाल विकास केन्द्रमा जोड दिन थालियो । सोह्रौ योजनाले पनि प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धि कार्यक्रमहरूलाई सबै स्थानीय तहसम्म पुर्याई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ जस्ले गर्दा प्रारम्भिक बालविकास र शिक्षालाइ नपुगेको स्थानीय तहमा पुर्याउने र पुगि सकेका स्थानीय तहहरुमा थप व्यवस्थापन गरि अगाडि वढ्न सहज भएको छ ।

### ३.१.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा कर्णाली प्रदेशमा जम्मा ३३४५ वटा प्रारम्भिक बालविकास केन्द्रहरु रहेका छन,जस्मा विद्यालयमा आधारित संघ द्वारा संचालित २७६९ वटा र विद्यालयमा आधारित स्थानीय तह द्वारा संचालित ३३२ वटा तथा धार्मिक ३ वटा र संस्थागत २४१ वटा रहेको छ । साथै कर्णाली प्रदेश भर छात्रा ३८४४५ र छात्रा ४४०१५ गरि जम्मा ८२४६० रहेका छन जस्मा संस्थागत तर्फ छात्रा ८८२७ र छात्र १२९०१ गरि जम्मा २१७२८

जना रहेका छन । स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फल्यास रिर्पोट-२०२४ । यस गाउँपालिकामा रहेका सबै बालविकास केन्द्रहरु विद्यालयको संरचनाभित्र रहेका छन । जम्मा ४७ वटा केन्द्रमध्ये वडा नं १ मा २ वटा केन्द्र,वडा नं २ मा ६ वटा केन्द्र ,वडा नं. ३ मा ४ वटा केन्द्र,वडा नं. ४ मा ५ वटा केन्द्र,वडा नं. ५ मा ७ वटा केन्द्र,वडा नं. ६ मा ३ वटा केन्द्र,वडा नं. ७ मा ४ वटा केन्द्र,वडा नं. ८ मा ७ वटा केन्द्र,वडा नं. ९मा ४ वटा केन्द्र,वडा नं. १० मा ५ केन्द्रमा जम्मा ३०८ छात्रा र ३६५ छात्र गरि जम्मा ४७ वटा बालविकास केन्द्रमा ६७३ जना बालवालिकाहरुले अध्ययन गरिरहेको विद्यमान अवस्था छ ।

यस पालिका अन्तरगत रहेका ४७ वटा बालविकास केन्द्रमा ४७ महिला शिक्षक रहेका छन् । कार्यरत सहयोगी शिक्षकहरुमा कक्षा ८ उत्तिर्ण २जना ,कक्षा ९ उत्तिर्ण १ जना,एसएलसी उत्तिर्ण २४ जना ,प्रविणता प्रमाणपत्र तह उत्तिर्ण ९ जना रहेका छन् । पेशागत दक्षता सम्बन्धि तालिम सामान्य रुपमा लिएको भएतापनि बालविकास केन्द्रमा सहजिकरण सघन तालिम प्राप्त शिक्षक नरहेको पाइन्छ । बालविकास केन्द्रमा कार्यरत सहयोगि शिक्षकहरुको मासिक तलब रु १०००० सङ्घीय अनुदान र रु ७००० स्थानीय पालिकाको अनुदानबाट बेहोर्ने गरि रु १७००० का दरले तलब ,प्रति बालवालिका रु ५०० का दरले सङ्घीय अनुदानबाट बजेट व्यवस्थापन गरिएको छ । औषत रुपमा केहि बालविकास सामग्री खरिदका लागि पालिका अनुदानको रुपमा लगानी गर्नु बाहेक त्यस्तो नीतिगत रुपमा कुनै विशेष किसिमको आर्थिक लगानी गरिएको छैन । सरकारले तोकिएको निर्देशिका र मापदण्डका आधारमा विश्लेषण गर्ने हो भने यस पालिकामा रहेका बालविकास केन्द्रहरुको सञ्चालन र व्यवस्थापनको अवस्थाको मुल्याकंन गर्दा सबै केन्द्रमा गुणस्तरियताको अवस्था कम्जोर देखिन्छ । आन्तरिक सक्षमताका आधारमा भन्दा मौजुदा पाठ्यक्रमले तोकेको सिकाइ सहजीकरण क्रियाकलाप प्रभावकारि रुपमा नभएको अवस्था देखिन्छ । विशेष गरि बालवालिकाको सर्वाङ्गिण विकासमा भन्दा पनि केवल सिकाइ सिपमा मात्र केन्द्रित भएको देखिन्छ । प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको परिपक्वता र वृद्धि विकासका आधारमा गुणस्तरिय सिकाइ अवसर सिर्जना गर्न नसकिएको तथ्य विद्यमान रहेको देखिन्छ ।

## **३.१.३** प्रमूख समस्या र चुनौति

### ३.१.३.१ समस्याहरु

समायानुकुल तालिम प्राप्त शिक्षकको कमि , स्थानीय अभिभावक तथा सरकारद्वारा प्रयाप्त आर्थिक लगानी हुन नसक्नु लगानी सम्बन्धि स्थानीय स्तरमा नीतिगत तथा कानुनी ब्यवस्था नहुनु, सुरक्षित र सहज केन्द्रको सेवाको अवसरमा कमिपाठ्यक्रममा तोकिए बमोजिम सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन नहुनु,बालमैत्री प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम मापदण्ड बमोजिम ब्यवस्थापन गर्न नसक्नू ,अप्रयाप्त सुपेरिवेक्षण,विद्यालय ब्यवस्थापनमा प्राथमिकतामा नपर्नू अभिभावकको न्यून चेतना स्तर बृद्धी नहुन जस्ता समस्याहरु रहेका छन ।

### **३.१.३.२ चुनौतिहरु**

बालवालिकाको सर्वाङ्गिण पक्षको विकास, सुविधा सम्पन्न बालविकास केन्द्र निर्माण ,सहजरुपमा बालवलिकाहरु विद्यालय आवागमनको ब्यवस्था,अभिभावकको चेतना अभिबृद्धी गर्न,सिकाइ र सिकाइ वातावरणमा गुणस्तर कायम गर्नु,नमुना केन्द्र स्थापना गर्नू ।

**३.१.४ उद्देश्य**

चारवर्ष उमेर पुगेका सबै बालवालिकालाई बालविकास शिक्षामा सहज पहुँचको सुनिश्चितता गर्नु ।

गुणस्तरीय बालविकास शिक्षा तथा सेवा प्रदान गर्नु ।

सबै बालवालिकाहरुलाई बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।

**३.१.५ रणनीति**

१. हरेक वर्ष न्युनतम कार्यक्रमहरु तयार गरि प्रयाप्त तथा निरन्तर लगानी सुनिश्चित गरिने ।

३. बालविकास केन्द्रको नक्साङ्कन गरि आवश्यकता अनुसार समायोजन तथा स्थापना गरिने ।

४. निर्धारित गरिएका न्युनतम मापदण्ड एवं पाठ्यक्रम अनुसार बालविकास कक्षा सञ्चालन गरिने ।

५.बालविकास केन्द्रका सहयोगी शिक्षक एवं शिक्षक कार्यसम्पादन करार तयार गरि कार्यान्वयन गरिने ।

६. नमुना बालविकास केन्द्र स्थापना गरिने ।

७. परिवार,समुदाय ,विभिन्न संघसंस्था ,निजि क्षेत्र र विद्यालयहरुसँग सहकार्य तथा समन्वय गरिने ।

८. पेशागत दक्षता अभिवृद्धिका लागि हरेक वर्ष बालविकास शिक्षकलाई तालिमको कार्यक्रम सञ्चालन गर्ने ।

९. बालकक्षा व्यवस्थावन ,कक्षा सजावट,बाल उद्यान ,प्रविधिमा आधारित शैक्षिक सामग्री आदिको बालविकास केन्द्रमा कुशल व्यवस्थापन गर्ने ।

१०.प्रारम्भिक बालविकास र शिक्षा लाई प्रभावकारी रुपमा सञ्चालन र अभिभावक तथा आमा समुहहरुलाई थप जिम्मेवार गराउन समुदायमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने ।

११ बालविकासमा भर्नादर तथा पहुँच बढाउनकालागि अभिभावकि शिक्षा सहित आयआर्जनका क्रियाकलाप सञ्चालन गर्ने

**३.१.६ प्रमुख उपलब्धि तथा नतिजा**

उपलब्धि

१. समुदायका चार वर्ष उमेर समुहका सम्पुर्ण बालवालिकाहरुको प्रारम्भिक बालविकास शिक्षाको पहुँच तथा गुणस्तरीय शिक्षाको अवसरको सुनिश्चित भएको हुनेछ ।

२. सबै बालविकास केन्द्रहरुले तोकिएको न्युनतम मापदण्डहरु पुरा गरि पाठ्यक्रमको मर्म अनुसार सञ्चालन भएका हुनेछन् ।

३. योग्य ,दक्ष एवं तालिम प्राप्त बालविकास शिक्षकको व्यवस्थापन भएको हुनेछ ।

४. कक्षा १ मा भर्ना भएका सबै बालवालिकाहरु बालविकास शिक्षाको अनुभव सहितका हुनेछन् ।

५. प्रभावकारी,व्यवस्थित र सुरक्षित कक्षाकोठाको व्यवस्थापन भएको हुनेछ ।

### ३.१.७ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र . स | प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना प्रतिशत | ७७.४ | ८२ | ८७ | ९२ | १०० | १०० |
| २. | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ५ | १० | १० | १० | १० | ४७ |
| ३. | बालउद्यान भएका बालविकासको सङ्ख्या | २ | ५ | १० | २० | १० | ४७ |
| ४. | कक्षा कोठामा स्मार्ट टि भि को सङ्ख्या | ५ | १५ | २० | १० | ८ | ४७ |
| ५. | कक्षा १ मा बालविकासको अनुभव सहित भर्ना हुने बालबालिकाको प्रतिश ( भर्ना दर ) | ९५ | १०० | १०० | १०० | १०० | १०० |
| ६. | शिक्षक विद्यार्थी अनुपात | १;१० | १;१५ | १;२० | १:२२ | १:२५ | १;२५ |
| ७. | नमूना तथा गुणस्तरीय सेवा प्रदान गर्ने बालविकास केन्द्रको सङ्ख्या | | १० | १० | १० | १० | ४७ |
| | लैङ्गिक समता सूचक | ०.९ | १ | १ | १ | १ | १ |
| ९. | खुद भर्ना दर | ६९.९ | ७९ | ८४ | ८९ | ९४ | ९४ |

## ३.१.५ प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य

| क्र स. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन पुनवितरण तथा समायोजन | पटक | ४७ | ५ | २२ | २० | | | ४७ | निरन्तर |
| २ | बालविकास केन्द्रका शिक्षकलाई पेशागत क्षमता अभिवृद्धि आधारभूत तालिम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | बालविकास पाठ्यक्रम प्रवोधिकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | सिकाई मैत्री बालविकास भवन निर्माण | वटा | ४७ | ७ | ५ | ५ | ५ | ५ | २७ | २० |
| ५ | शैक्षिक सामग्री निर्माण तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | ०० |
| ६ | बाल उध्धान निर्माण | वटा | ४७ | ५ | १२ | १० | १० | ९ | ४७ | ०० |
| ७ | बालवालिकाको स्वास्थ्य परीक्षण | पटक | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| ८ | आधुनिक प्रविधियुक्त शैक्षिक सामग्री वितरण भएका बालविकास केन्द्र | वटा | ४७ | ७ | १० | १० | १० | १० | ४७ | ०० |
| ९ | कार्यसम्पादन करार विद्यालय | पटक | ४७ | ४७ | १ | १ | १ | १ | १ | निरन्तर |
| १० | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | वटा | १० | १ | २ | २ | २ | २ | ९ | १ |
| ११ | भर्ना अभियान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १२ | बाल सिकाइ मेला सञ्चालन | पटक | ४७ | १ | २ | २ | ५ | १० | २० | २७ |
| १३ | अन्तर बाल विकास केन्द्र स्तरिय सिकाइ भ्रमण | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा बालबालिकाको नैसर्गिक अधिकार हो । यसअधिकारलाई नेपालको संबिधानले मौलिक अधिकारका रुपमा समेत आत्मसात गरेको छ ।अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा ऐन २०७५ र अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा नियमावली २०७७ ले १ वर्षको पूर्व प्राथमिक शिक्षादेखी कक्षा ८ सम्म प्रदान गरिने शिक्षालाई अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका रुपमा प्रदान गरिने परिभाषित गरिएको छ । यस ऐनले ४ वर्ष देखि १२ वर्षसम्मको उमेरलाई अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा उमेरका रुपमा लिएको छ ।यसै गरि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा नामाकरण गरिएको छ । आ.व.२०७८-०७९ को नेपाल सरकारको नीति तथा कार्यक्रमको बुदा न. ६३ मा आगामि आ.व.मा साक्षर नेपाल घोषर्णा गर्ने र बुदा न. ७० मा बालवालिकालाई विद्यालय ल्याऔँ र पढाइमा टिकाऔँ कार्यक्रमलाई प्रभावकारी बनाउने र सार्वजनिक विद्यालय सवलीकरण दशक २०७६-२०८५ अभियान संचालन गर्ने नीति लगाएतका थुप्रै आधारहरुले आधारभूत तह शिक्षको महत्वपुण तह हो भन्ने स्पस्ट देखिन्छ । आधारभूत शिक्षाले बालवालिकाहरुको सर्वाङ्गिण विकास,गुणस्तरीय जीवनयापन र सामाजिकीकरणमा सहयोग पूर्याउँछ । यस शिक्षा प्रणालीले बालवालिकाहरुलाई जीवन पर्यन्त सिकाइमा मार्ग प्रसस्त गरि मूलकको सामाजिक र आर्थिक विकासमा सहयोग पूर्याउँछ । नेपालको संविधान २०७२ ले आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ । त्यसकारण,नेपालमा बसोवास गर्ने प्रत्येक बालवालिकाहरुलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँचको हक हुने छ । अनिवार्य तथा निःशूल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशूल्क शिक्षा नियमावली २०७७ मा व्यवस्था भए बमोजिम सो उमेर समूहका सबै बालवालिकहरुलाई अनिवार्य र निशुल्क शिक्षामा पहुँचको हक हुने व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को अनुसूची ८ मा पनि स्थानीय सरकारको अधिकार क्षेत्र भित्र आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ । आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरुको व्यवस्था गरेको छ । आधारभूत शिक्षा अन्तरगत कक्षा १ देखी ८ सम्मको शिक्षामा पहुँच,गुणस्तर तथा समता र समग्र शिक्षा क्षेत्रको व्यवस्थापकीय प्रवन्धको मौजुदा अवस्थाका आधारमा आधारभूत शिक्षाका चुनौतिहरु पहिचान गरि यसको उद्धेश्य,रणनीति,नतिजा र प्रमुख क्रियाकलापहरुका साथै लक्ष्य तोकिएको छ ।

### ३.२.२ बर्तमान अवस्था

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फल्यास रिर्पोट-२०२४ अनुसार कर्णाली प्रदेशमा आधरभुत तहका २४८३ वटा विद्यालय रहेको छ जस्मा १८६८३८ छात्रा र १८८४५८ छात्रा गरि जम्मा ३७५२९६ जना छात्रछात्रा अध्ययनरत छन । यस पालिकामा आधारभूत तह सञ्चालन भएका विद्यालयको सङ्ख्या ५९ रहेको छ । जसमा सामुदायिक तर्फ ५६ वटा र संस्थागत तर्फ ४ वटा विद्यालय रहेका छन् जस मध्य आधारभूत तह १-५ चलेका विद्यालय ३२ वटा र १- ८ चलेका १५ गरि ४७ वटा आधारभूत विद्यालय सञ्चालनमा रहेको छ । विद्यार्थी सङ्ख्याको हिसाबले हेर्दा जम्मा ४५०५ जना विद्यार्थीहरु आधारभूत तहमा अध्ययनरत रहेका छन् । जसमा छात्राको सङ्ख्या २२४५ र छात्रको सङ्ख्या २२६० जना रहेको छ । आधारभूत तहमा अध्यापन गर्ने शिक्षको दरबन्दी २०६ जना रहेको छ,जसमा स्थायि दरबन्दी तर्फ १२९ जना र राहत ६२ करार १५ रहेको छ । शिक्षण अनुदान तर्फ हाल ९ कोटा उपलब्ध गराइएको छ ,भने विद्यालय विद्यार्थी अनुपात

१:२२ रहेको छ । आधारभू तहमा कूल भर्नादर १२८.५ रहेको छ भने खुद भर्नादर ९५.८ प्रतिशत रहन गएको छ । ई सि डि बाट कक्षा १ मा हुने भर्नादर ८६.७ रहेको छ भने कक्षा १ मा भर्ना भएका मध्य कक्षा ८ मा पुग्ने दर ४३.७७ प्रतिशत रहेको छ । कक्षा १ मा कक्षा दोहोर्याउने दर १५.३ प्रतिशत रहेको छ भने आधारभूत तहको सिकाइ उपलब्धि दर ७०.६ प्रतिशत रहन गएको छ । विद्यालय बाहिर रहेको बालबालिकाको सङ्ख्या १.९ प्रतिशत रहेको छ । त्यसैगरि शिक्षक बिद्यार्थी अनुपात १:२१.५५ रहेको छ, भने लैङ्गिक सूचकअनुपात ०.९८ रहेको छ साथै लैङ्गिक सूचकअनुपात क्रमश दलित १.९३ र जनजाति २.११ रहेको छ । (स्रोत: बराहता गाउँपालिकाको ईमिस तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र )

यस पालिकालाई अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षा सुनिश्चित गरिएको गाउँपालिका घोषणा गर्नका लागि घरधूरी सर्वेक्षण गरिएको छ । जसले २१९ जना बालबालिका विद्यालय बाहिर रहेको देखाएको छ । पालिकाभित्र रहेका ५६ वटा विद्यालयहरुमध्ये केहि विद्यालयहरुले मात्र न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित हुन गएको देखिन्छ भने अझै धैरै विद्यालयहरुमा न्यूनतम् सक्षमताका सूचक पुरा गर्न काम गर्नु पर्ने देखिन्छ । अपांगमैत्री पूर्वाधार (शौचालय र कक्षाकोठा) भएका विद्यालयको सङ्ख्या न्यून रहेको छ भने धैरै विद्यालयहरुमा सुधार गर्नु पर्ने र नयाँ निर्माण गर्ने विद्यालयमा अनिवार्य रुपमा अपाङ्गमैत्री पुर्वाधारको सुनिश्चित गर्नु पर्ने देखिन्छ । यस पालिकाले आधारभूत तहको शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहका विकास साझेदार निकायहरु शिक्षामा सुधार र विकासका लागि साझेदारी र सहकार्य गर्न तत्पर देखिएका,स्थानीय पाठ्यक्रम (हाम्रो बराहताल) स्वीकृत गरि कक्षा १-३ सम्मको पाठ्यपुस्तक निर्माण भइ कार्यान्वयन भएको,शिक्षकको पेसागत विकासका लागि विषयगत शिक्षकहरुको सञ्जाल निर्माण भइ क्रियाशील बनेको,विद्यालय कर्मचारीलाई न्यनूतम् पारिश्रमिक उपलब्ध गराइएको, वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरि सोही अनुसार कार्यान्वयन गरिएको ,पालिकाभरका सम्पूर्ण आधारभूत विद्यालयहरु IEMIS मा आवद्ध भएका,यातायात र खाजा खर्चको व्यवस्था गरि हरेक महिनामा नियमीत प्र अ बैठक बसी शैक्षिक मुद्दामा छलफल गरि समाधान गर्ने गरिएको ,आधारभूत तहको शिक्षा सुनिश्चितताका लागि अनाथ बालबालिकाहरूलाई पालिकाबाट शैक्षिक सहयोग भएको र स्थानीय तहको शिक्षा योजना निर्माण प्रकृया अगाडी बढेको छ । कक्षाकोठा व्यवस्थापनका लागि आधारभूत तहका अधिकांश विद्यालयहरुमा कार्पेट,कुशन जस्ता सामग्रीहरू उपलब्ध गराइएको छ । सबै आधारभूत विद्यालयहरुमा इन्टरनेटको व्यवस्था गरिएको छ । सबै आधारभूत विद्यालयलाई डिजिटल विद्यालय बनाउने कार्यक्रम कार्यान्वयन भइरहेको छ

### ३.२.३ चुनौती र अवसरहरुः

विद्यालय नक्सांकन गर्न नसकिनु , भर्ना भएका बालबालिकाहरुलाई विद्यालयमा टिकाउन र सिकाउन नसक्नु,शिक्षक विद्यार्थी अनुपात नमिल्नु र विषयगत शिक्षकको दरबन्दी कमी हुनु,विद्यालयहरुमा भौतिक पूर्वाधारको कमि,अपांगताको स्क्रिनिङ नहुनु ,विद्यालयमा स्वच्छ खानेपानी,छात्रामैत्री शौचालय तथा सेनिटरी प्याडको उचित व्यवस्थापन नहुनु र अपांगतामैत्री भौतिक संरचना व्यवस्थापन कमिहुनु,शिक्षकहरुको पेशागत विकास,विद्यालयमा शैक्षिक सामग्री निर्माण र प्रयोगको कमी रहनु,विद्यालयको आन्तरिक सक्षमता कमजोर हुनु,विद्यालयहरुमा विपत प्रतिकार्य योजना निर्माण नहुनु,पाठ्यक्रमले निर्दिष्ट गरेको विद्यार्थी मूल्यांकन प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिनु र विद्यालयमा सूचना प्रविधिको पहुँच र प्रयोगको कमी रहनु जस्ता समस्याहरु आधारभूत तहका मुख्य समस्याहरु देखापरेका छन भने

नेपालको संविधान,२०७२ मा व्यवस्था भएअनुरुप अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु,समय सन्दर्भ सँगसँगै आवश्यकता अनुसार दक्ष र पेशाप्रति समर्पित शिक्षकको व्यवस्थापन गर्नु,विद्यालयमा प्रयाप्त भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण निर्माण गर्नु,आवश्यकताको आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनवितरण गर्नु,आधारभूत शिक्षामा शैक्षिक सुशासन,नियमीत ता र उत्तरदायित्व बृद्धि गर्नु,शिक्षण सिकाइलाई व्यावहारिक,बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु,सामुदायिक तथा नीजि विद्यालयबिचको विभेद अन्त्य गर्नु,अभिभावक तथा शैक्षिक सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु,कक्षा छाड्ने दर घटाइ सिकाइ उपलव्धीमा बृद्धि गर्नु,सार्वजनिक शिक्षाप्रतिको आम अभिभावकको चासो र आकर्षण बृद्धि गर्नु,विभिन्न किसिमका प्रकोप,संकट तथा महामारीबाट मुक्त बनाउनु,विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्नु,सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु,निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रुपमा विकास गर्नु ,जस्ता चुनौतीहरु आधारभूत शिक्षाको क्षेत्रमा देखापरेका छन् ।

यसैगरि आधारभूत तहसम्मको शिक्षालाई संविधानमै अनिवार्य र निशुल्क गरि मौलिक हकको रुपमा स्थापित गरिनु,संविधानमा स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत तथा माध्यमिक शिक्षालाई राखिनु,संङ्घीयताको कार्यान्वयनसंगै सरोकारवालाहरुमा सार्वजनिक विद्यालयप्रतिको चासो र चिन्ता बढदै जानु,शिक्षकका पेशागत संघ संस्था,राजनीतिक दल,नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त भइरनु,शिक्षामा पहुँच र गुणस्तर अभिबृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको सक्रियता बढदै जानु ,विद्यार्थीहरुको समता,पहुँच बृद्धिका लागि राज्यका तिनवटै सरकारले छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्न सक्नु,आधारभूत शिक्षामा दिवा खाजा तथा पोषण कार्यक्रम सञ्चालन हुनु,शिक्षालाई संघ,प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राख्नु जस्ता तमाम अवसरहरु सँगसँगै आधारभूत शिक्षामा गुणस्तर सुधारका लागि प्रशस्त आधारहरु रहेका छन् ।

**३.२.४ उद्देश्यः**

१. सबै बालबालिकाका लागि अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षाको अवसर सुनिश्चित गर्नु,

२. सबै विद्यालयहरूमा अत्यावश्यक शैक्षिक भौतिक पूर्वाधारहरुको प्रबन्धगर्नु,

३. आधारभूत तहको शिक्षाको सिकाई उपलब्धि अभिबृद्धि गरि शैक्षिक गुणस्तरिय सिकाइ सुनिश्चित गर्नु ।

४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरि यस तहको शिक्षामा सबै को समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

५.आधारभूत विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री,अपाङ्गमैत्री,समावेशी,समतामूलक र सुरक्षित बनाउनु ।

**३.२.४ रणनीतिहरू:**

१. विद्यालयमा अत्यावश्यक शैक्षिक, भौतिक पूर्वाधारहरुको प्रबन्धगरि विद्यालय भौतिक पूर्वाधारलाई विपत्उत्थानशील बनाउने तथा विद्यालयको सेवा क्षेत्र किटान गर्ने,

२. विद्यालय बाहिर रहेका बालबालिकाहरु पहिचान गर्ने

३. गाउँपालिका भित्र संचालित विद्यालयहरु स्थानीय मापदण्डका आधारमा नक्सांकन गरि समायोजन तथा स्थानान्तरण गर्ने,
४. विद्यालय मार्फत सरोकारवाला निकायको सहकार्यमा विद्यालय स्वागत तथा विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने साथै विद्यालय बाहिर रहेका किशोर किशोरीहरु सहित सबैका लागि विद्यालय भर्ना गर्न कार्यक्रम सञ्चालन गर्ने,
५. गरिब र विपन्न अभिभावकका लागि विद्यालयको तथा सहयोगी निकाय सँगको सहकार्यमा अभिभावक आय आर्जनमूलक कार्यक्रम निर्माण गरि कार्यान्वयन गर्ने,
६. विद्यालय,वडा हुँदै गाउँपालिका तहसम्म विशेष कार्यक्रम सञ्चालन गर्ने,
७. विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालय भर्ना गराउनकालागि प्रोतसाहन मूलक कार्यक्रम सञ्चालन गर्ने,
८. वैकल्पिक विद्यालय, घुम्ती विद्यालय, विशेष विद्यालय तथा खुला विद्यालय स्थापना वा सुरुवात गर्ने
९. छात्रा,अपाङ्गता भएका,दलित,बिपन्न,जनजाति र कठिन परिस्थितिबाट आएका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र तिनीहरूलाई टिकाइ राख्न लक्षित कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने,
१०. स्थानीय पाठ्यक्रमको विकास र मातृभाषामा पठनपाठन लागि विद्यालय र शिक्षकहरूको सक्षमता विकास गर्ने,
११. विषयगत शिक्षक सञ्जाल, मेन्टरिङ, कोचिङ, दैनिक पाठयोजना, कक्षा अवलोकन, स्वाध्ययन, सहपाठी सहयोग जस्ता विधिको प्रयोग गरि स्वचालित रूपमा शिक्षक पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने,
१२. विद्यालय,विद्यार्थी र अभिभावक विच त्रिकोणात्मक समबन्ध विकास गर्ने खालको प्रणालीको विकास गर्ने ।
१३. विद्यालयको पठनपाठनलाई जीवनोपयोगी,व्यवहारकुशल सिप युक्त, रमाईलो र प्रभावकारी बनाउन प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप सञ्चलान गर्ने
१४. निर्माणात्मक मूल्यांकनलाइ प्रभाकारी रूपमा कार्यान्वयन गर्ने,
१५. शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पादाधिकारीहरुका बालबालिकाहरुलाइ सामुदायिक विद्यालयमा पढाउनकालागि अभिप्रेरित गर्ने।

## ३.२.५ प्रमुख उपलब्धि तथा नतिजा

प्रमुख उपलब्धि

१. सबै बालबालिकाका लागि अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ,

२. सबै विद्यालयहरूमा अत्यावश्यक शैक्षिक भौतिक पूर्वाधारहरुको व्यवस्था भएको हुनेछ,

३. आधारभूत तहमा शैक्षिक गुणस्तर अभिबृद्धि भएको हुनेछ,

प्रमुख नतिजा तथा परिमाणात्क लक्ष्य

| क्र. स | प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १- ३ सम्म एकिकृत पाठ्यक्रमको लागु | ५६ | ✓ | ✓ | ✓ | ✓ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गरेका विद्यालय सङ्ख्या | | | | | |
| २ | कल्याणकारी कोष स्थापना गरेका विद्यालय सङ्ख्या | ० | २० | १० | १० | १६ |
| ३ | न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र विद्यालय बगैंचा निर्माण गर्ने विद्यालय सङ्ख्या | ५ | १५ | १५ | १० | ११ |
| ४ | सबै सामुदायिक विद्यालयहरुले न्यूनतम प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेका विद्यालय सङ्ख्या | १० | २० | १० | १० | ६ |
| ५ | कक्षा ३ र ५ मा उपलब्धि परीक्षा सञ्चालन गरि नतिजा सार्वजनिक गर्ने विद्यालय सङ्ख्या | ५६ | ✓ | ✓ | ✓ | ✓ |
| ६ | शिक्षक पेशागत विकास र विद्यार्थी सिकाई सहायता प्रणाली निर्माण गरि कार्यान्वयन गर्ने विद्यालय | ० | १५ | १५ | १५ | ११ |
| ७ | विद्यालय शिक्षा प्रणाली प्रकोप,संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील विद्यालय सङ्ख्या | ५ | १० | २० | १० | ११ |

### ३.२.६प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यालय नक्साङ्कन,पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | | | | | १ | निरन्तर |
| ३ | मापदण्डअनुसार शिक्षकको तलब भत्ता(कक्षा ६-८) | जना | ५३ | ५३ | - | - | - | - | ५३ | निरन्तर |
| ४ | नयाँ शिक्षक नियुक्ति(सबै तह) | जना | ११५ | १० | १६ | २२ | २५ | ३० | १०३ | १२ |
| ५ | विद्यालय कर्मचारी तलब भत्ता | जना | ६४ | ६४ | - | - | - | - | ६४ | निरन्तर |
| ६ | बालविकास शिक्षक तलब भत्ता | जना | ४७ | ४७ | - | - | - | - | ४७ | |
| १० | विद्यालय अनुदान एकमुष्ट रकम( SIP,सामाजिक परीक्षण,IEMIS Data,अतिरिक्त क्रियाकलाप,अभिभावक शिक्षा,विद्यालय रिपोर्ट कार्ड,SMC लाइ क्षमता अभिबृद्धि) | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | |
| १३ | छात्रबृत्ति व्यवस्थापन गर्ने | विद्यार्थी | ९०० | ५०० | १०० | १०० | १०० | १०० | ९०० | |
| १४ | स्यानीटरी प्याड व्यवस्थापन | छात्रा | १००० | २०० | २०० | २०० | २०० | २०० | | |
| १६ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास | समिति | ५६ | ० | १० | १० | २० | ६ | ५६ | १० |
| १७ | विषय शिक्षकहरूलाइ तालिम | जना | ३०० | ५० | ५० | ५० | ५० | ५० | २५० | ५० |
| १८ | विद्यालयमा सूचना तथा प्रविधिमा सहायता | विद्यालय | ५६ | ० | १० | २० | १० | ६ | ४६ | १० |
| १९ | एक  विद्यायल एक ल्यापटप | विद्यालय | ५६ | ० | १० | १० | १० | १० | ४० | १६ |

## ३.३ माध्यामिक शिक्षा

### ३.३. १परिचय

शिक्षा ऐन,२०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरिएको छ । नेपालको संविधानको अनुसूचि ८ मा आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान एतापनि अनुसूचि ९ मा शिक्षालाई साझा अधिकारको विषय बनाइएको छ । नेपाल सरकारबाट राष्ट्रिय शिक्षा नीति,२०७६,राष्ट्रिय पाठ्यक्रमको प्रारूप,२०७६ र दिगो विकासको लक्ष्य चार कार्यान्वयन कार्यढाँचा स्वीकृत भई कार्यान्वयनमा आइरहेको अवस्था छ । आर्थिक सर्वेक्षण २०७६/०७७ अनुसार देशभर कुल ३५५२० विद्यालयहरूमध्ये कक्षा ९- १० सञ्चालन भएका विद्यालयहरू १०६४४ र कक्षा ११-१२ सञ्चालन भएका ४१८७ तथा कक्षा ९-१२ सञ्चालन भएका विद्यालयहरू १०८८९ रहेका छन् । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिर्पोट - २०२४ अनुसार कर्णाली प्रदेशमा कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयहरू ४०६ वटा र कक्षा ११-१२ सञ्चालन भएका विद्यालयहरू ३४४ वटा गरि जम्मा ७५० वटा माध्यामिक विद्यालय संचालन भएका छन् भने ९-१२ मा ६९३०४ छात्रा र ६६५१४ छात्र गरि जम्मा १३५८१८ छात्रछात्र अध्ययनरत छन भने कक्षा १२ सम्मको सरभाइभल रेट ३६.% रहेको छ भने प्रदेशभर माध्यमिक तहमा स्थायी,अस्थायी र राहत गरि कक्षा ९-१० मा १२३४ र ११-१२ मा ५४८ गरि जम्मा १७८२ दरबन्दीमा शिक्षकहरू कार्यरत रहेका छन

### ३.३.१ वर्तमान अवस्था

अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुची र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । यस तहको शिक्षालाई जीवनोपयोगी,उत्पादनमूलक,प्रविधियुक्त,सिप मूलक र व्यावहारिक बनाउनु पर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सिप को उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लाइन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सिप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । प्राविधिक र व्यावसायिक शिक्षाको धारमा जानका लागि विद्यार्थीहरूलाई कक्षा ६ देखि ८ सम्म पढाइ हुने पेसा,व्यवसाय र प्रविधि शिक्षाले प्रदान गरेको ज्ञान सिप ले पनि सजिलो बनाउन सक्दछ । यसरी विद्यार्थीहरूलाई प्राविधिक वा साधारण धार छनोट गर्न र भावी जीवनका थुप्रै विषयमा निर्णय लिन उपयुक्त परामर्श पनि विद्यालयले प्रदान गर्नुपर्दछ । यिनै कुराहरूलाई ध्यानमा राखेर बराहताल गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त,सिप मूलक,निःशुल्क,बालमैत्री,र समावेशी गराउने नीति लिएको छ । सोह्रौ योजनाले समेत साक्षरता र सिप विकासलाई जोडि माध्यामिक शिक्षालाई वृत्ति विकास र उच्च शिक्षालाई उघम र रोजगार केन्द्रित बनाउन "पढ्दै कमाउँदै र कमाउँदै पढ्दै " जस्ता कार्यक्रमलाई जोड दिने सरकारी गैरसरकारि सहकारी र निजि क्षेत्रको सहकार्यमा राष्ट्रिय सिप विकास तथा रोजगार सिर्जना महाअभियान सञ्चालन गर्ने; अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारहरूको पूर्व सिकाइको मान्यता विधिलाइ

प्रभावकारी बनाउने साथै माध्यमिक शिक्षा परिक्षा दिएर बसेका विद्यार्थीलाई दुई महिना (आठ हप्ता) अवधिको प्रतिकारात्मक स्वास्थ्य,सन्तुलित भोजन,पाककला र प्राथिमक उपचार,सवारी अनुमति तथा सवारी नियम,आत्म सुरक्षा तथा अनुसासन कार्यक्षेत्र सुरक्षा र यौन दुर्व्यवहार ,राष्ट्रप्रेम,स्वयंम सेवा र योग,ध्यान तथा कला लगायतका व्यवहारिक विषयहरु समावेश गरि सम्बन्धित निकायहरुसँगको समन्वयनमा अनिवार्य अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकाले पनि माध्यामिक तहमा समतामूलक पहुँचको सुनिश्चित हुने छ । बराहताल गाउँपालिकालभित्र हाल कक्षा १-१० सञ्चालित २,कक्षा १-१२ सञ्चालित ७ गरि माध्यमिक तहको विद्यालयहरूको सङ्ख्या ९ वटा रहेको छ । यस तहमा जम्मा ११७१ विद्यार्थीहरू अध्ययनरत छन् जस मध्ये छात्रा ६५८ जना रहेका छन,भने शिक्षक सङ्ख्या मा वि ९-१२ मा स्थायि दरबन्दी ६ जना राहत १३ जना र सङ्घीय अनुदान १२ जना गरि ३१ जना शिक्षक रहेका छन शिक्षकहरू माध्यमिक तह तर्फ कार्यरत छन् ।

**३.३.२ उद्देश्य**

१. आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सिप मूलक,प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने ।

२. माध्यमिक शिक्षालाई समावेशी,बालमैत्री र निःशुल्क बनाउने ।

३. माध्यामिक शिक्षाको शिक्षणविधिलाई व्यावहारीक,अनुसन्धानात्मक,सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्दै प्रर्तिस्पर्धी तथा उच्चशिक्षा हासिल गर्न योग्य बनाउने ।

**३.३.३ रणनीति**

१. आधारभूत तह पूरा गरेका बालबालिकालाई निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गर्ने ।

२. माध्यमिक शिक्षालाई सिकाइ वातावरण निर्माण गरि गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

३विद्यालयमा सुशासन कायम गरि अभिभावकहरूको सहभागिता बनाउने ।

४ विद्यालयको भौतिक पूर्वाधार सबल,दक्ष विषयगत शिक्षक,प्रयाप्त शैक्षिक सामग्री सहितका विद्यालयहरू निर्मार्ण तथा पुन निर्माण गर्ने ।

५. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयभित्र ल्याउन एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ

६. अपाङ्गता र समावेशी शिक्षा दिने विद्यालय तथा स्रोत कक्षा सञ्चालनमा सङ्ख्या वृद्धि गरिनेछ ।

७. शिक्षण प्रणलीलाई व्यावहारिक तथा सिर्जनात्मक एवं अनुसन्धानात्मक विधिको विकास गर्ने ।

बनाउन आवश्यक तयारी गर्ने ।

८.सिकाइ उपलब्धि वृद्धि गर्नका लागि निर्देशनयुक्त शिक्षक डायरी प्रकाशन,वितरण तथा कार्यान्वयनमा ल्याइनेछ

९. विद्यालयको स्वमूल्याङ्कन एवं अन्य माध्यमबाट वर्गीकरण गरि शैक्षिक लगानी गरिने छ ।

१०. सिकाइ मूल्याङ्कन,मौजुदा शिक्षक विद्यार्थी सङ्ख्याको आधारमा विषयगत दरबन्दी मिलान गर्ने

११. बालबालिकामाथि हुन सक्ने शारीरिक तथा मानसिक हिंसालाई पूर्णरूपमा अन्त्य गरि कक्षाकोठाको सिकाइलाई बालमैत्री,अपाङ्गमैत्री, छात्रामैत्री र अभिभावकमैत्री सहित सामाजिक परीक्षणलाई व्यापक बनाई विद्यालयलाई चुस्त तथा पारदर्शि र सुशासन कायम भएको विद्यालयहरूलाई नमूना घोषणा गर्ने / सुरक्षित सिकाइ वातावरण निर्माण गर्ने ।

१२. अनुगमन,सुपरीवेक्षण,शिक्षक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याई गुणस्तरीय अभिवृद्धि गर्ने र सोको लागि विद्यालयमा ई-हाजिरीको व्यवस्थापन गर्ने ।

**प्रमुख उपलब्धि र नतिजा**

**उपलब्धि**

१. नि:शुल्क माध्यामिक शिक्षामा सबैको समतामूल पहुँच सुनिश्चत भएको हुने छ ।

२. स्थानीय प्रदेश र संघबिचको समन्वय र सहकार्यमा आर्थिक रूपले विपन्न,असहाय र दलित समुदायका बालबालिकाको लागि विशेष कार्यक्रम लागु गर्ने तथा सबै माध्यमिक विद्यालयहरूमा विषयगत शिक्षकको व्यवस्थापन,शिक्षकको पेसागत विकास गरि  माध्यमिक विद्यालयहरूलाई क्रमश नमुना विद्यालयको नीति  विकास गरिनेछ । लागु गारिनेछ ।

## ३.३.४ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र .स | प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | माध्यामिक तह कक्षा ९ -१० मा भर्ना हुने विद्यार्थी सङ्ख्या | १०६० | १६४१ | २२२२ | २८०३ | ३३८४ |
| २ | माध्यामिक तह कक्षा ११- १२ मा भर्ना हुने विद्यार्थी सङ्ख्या | ६६० | ८२० | १०८० | १३५० | १७८० |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | ० | १० | १० | १० | १० |
| ४ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड पूरा गरेका माध्यामिक विद्यालय सङ्ख्या | ५ | १५ | १२ | १३ | ११ |
| ५ | माध्यमिक शिक्षा ९-१२ मा  खुद भर्नादर ६० प्रतिशत भन्दा माथि पुगेको विद्यालय सङ्ख्या | ० | २० | १५ | १५ | ६ |
| ६ | आवासीय विद्यालय सञ्चालन भएका सङ्ख्या | २ | १ | १ | १ | १ |
| ७ | माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला,पुस्तकालय र कम्प्युटर ल्याब निर्माण भएका विद्यालय सङ्ख्या | ९ | १२ | १५ | १० | १० |
| ८ | सूचना सङ्कलन,डायरी छपाइ तथा वितरण | ० | १५ | २० | ६ | १५ |
| ९ | विद्यालयमा सबै विद्यार्थीहरूको पहचुँमा सुझाव पेटिका राख्ने र १५/१५ दिमा सुझाव पेटिका हेर्ने | ० | ६ | १५ | २० | १५ |

## ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स | मुख्य क्रियाकलापहरु | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ( ५ वर्ष ) | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | नि:शुल्क माध्यामिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन कार्यविधि निर्देशिकाहरु तयारी तथा अध्यावधिक गर्ने | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| २ | विद्यालय सेवा क्षेत्रको सिमाङ्कन गरि हरेक माध्यामिक विध्यालयको सेवा क्षेत्र एकिन गर्ने र सिमाङ्क भित्रका बालाबालिकाहरु भर्नाको सुनिस्चितताका लागी विद्यालयमा नक्साङ्कन पुनर्वितरण तथा समायोजा र स्थापना | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ३ | भर्ना अभियान कार्यक्रम सञ्चालन । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | आवश्यकता र माग बमोजिम भौतिक पूर्वाधार व्यवस्थापन । | विद्यालय | ५६ | ० | १० | १० | १० | १० | ४० | १६ |
| ५ | विषयगतशिक्षक व्यवस्थापन | विद्यालय | ५६ | ० | १० | १० | १० | १० | ४० | १६ |
| ६ | विशेष कक्षा सञ्चालनको लागि समन्वय,सम्पर्क गरि विशेष विद्यालय तथा स्रोत कक्षा स्थापना । | वटा | २ | १ | - | - | १ | - | २ | निरन्तर |
| ७ | अनुकूल सिकाइका लागि लक्षित समूहलाई शैक्षिक सामग्री वितरण । | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ८ | सूचना सङ्कलन,शिक्षक डायरी छपाइ तथा वितरण । | विद्यालय | ५६ | ० | १० | १५ | २० | ५ | ५० | ६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | शिक्षक योग्यताको मापदण्ड र दरवन्दी निर्धाररणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन गर्ने | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| १० | विद्यालयको भौतिक,शैक्षिक अवस्थाको आधारमा वर्गीकरण तथा लगानी गर्ने । | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ११ | दरबन्दी मिलान गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १२ | विद्यालयको मानक बनाई नमूना विद्यालय घोषणा । | विद्यालय | ९ | ० | १ | १ | १ | १ | ४ | ५ |
| १३ | सबै विद्यालयले श्वेतपत्र तयार गरि जारी गर्ने । | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| १४ | गुणस्तर अभिवृद्धिका लागि अनुगमन,सुपरीवेक्षण तथा शिक्षकलाई सहयोग । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १५ | सबै बालसमूह गठन,क्षमता विकास र परिचालन । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १६ | सबै विद्यालयहरुम ई-हाजिरीको व्यवस्थापन | विद्यालय | ५६ | ० | १० | १५ | १० | १५ | ५० | ६ |
| १७ | सामाजिक परीक्षण गर्ने गरेका विद्यालय । | वटा | ५६ | १० | १० | १५ | १० | ११ | ५६ | निरन्तर |
| १८ | अवलोकन भ्रमण संचालन गर्ने विद्यालय । | वटा | ० | ५ | ५ | ५ | ५ | ५ | २५ | ३१ |
| १९ | सबै विद्यालयमा आवश्यक अचारसंहिता निर्माण शिक्षकहरुलाईअभिमुखीकरण,तथा कार्यान्वयन । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २० | गुणस्तर अभिवृद्धिका लागि अनुगमन,सुपरिवेक्षण तथा शिक्षकलाई सहयोग । | विद्यालय | ५६ | ० | १० | १५ | १० | ११ | ४६ | १० |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.४.१ परिचय

न्यून सिपयुक्त कामदारको बाहुल्य तथा रोजगारीको बजारको माग र उच्च शिक्षाबिचको कमजोर सम्बन्ध रहेको नेपाल जस्तो मुलुकका लागि साक्षरता र जीवनपर्यन्त सिकाइका कार्यक्रमको ठूलो महत्व रहन्छ । नेपालको संविधानले आधारभूत शिक्षा प्राप्तिलाई नागरिकको मौलिक अधिकारका नीति स्वीकार गरेको अवस्था छ । वि.सं. २००७ सालमा २ प्रतिशत रहेको साक्षरता दर २०७८ मा पुग्दा नेपालमा ७७.४ प्रतिशत (नेपाल जीवन स्तर सर्वेक्षण २०२२/२०२३ अनुसार) प्रतिशत पुगेको अवस्थामा कर्णाली प्रदेशमा राष्ट्रिय जनगणना २०७८ अनुसार ७६.२ प्रतिशत रहेकोमा महिला साक्षरता ६९.४ प्रतिशत र पुरुष साक्षरता ८३.६ प्रतिशत व्यक्तिहरू साक्षर भएको अवस्था छ । एकातिर प्रौढ शिक्षा,साक्षरता शिक्षा कार्यक्रम हुँदै २०६९ देखि शुरू भएको साक्षर नेपाल अभियानमार्फत नेपाललाई नै साक्षर घोषणाका लागि तयारी भइरहेको अवस्था छ भने अर्कोतिर प्राथमिकदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षाको मार्गबाट प्राप्त गर्नसक्ने संयन्त्र निर्माण गरएिको छ । नेपालको साक्षरता प्रतिवेदन - सन २०२३,अनुसार हाल सम्म नेपालका ७७ जिल्लाहरु मध्य ६४ जिल्लाहरू साक्षर जिल्लाका घोषणा भइसकेका छन्,जस्मा वाग्मति गण्डकी र कोशी प्रदेशका जिल्लाहरु छन भने मधेश र कर्णाली प्रदेशमा साक्षर जिल्ला घोषणा गर्ने काम रोकिएको छ । नेपाल सरकारले आर्थिक वर्ष २०७७।०७८ को बार्षिक बजेटमा आगामी दुई वर्षभित्र साक्षर नेपाल घोषणा गर्ने कार्यक्रम अगाडि ल्याएको थियो जस अनुसार साक्षर जिल्ला घोषणा गर्ने कार्य निरन्तर रुपमा भै रहेको छ । कर्णाली प्रदेश सरकारले समेत आगामी दुई वर्षभित्र साक्षर जिल्ला घोषणा हुन बाँकी जिल्लाहरूलाई साक्षर घोषणा गर्ने नीति तथा कार्यक्रम सञ्चालनमा ल्याएको अवस्था छ ।

साक्षरता तथा निरन्तर शिक्षा एवम् जीवनपर्यन्त शिक्षाका कार्यक्रम सञ्चालन गर्न संविधानतः स्थानीय तहलाई अधिकार प्रदान गरिएतापनि सङ्घ र प्रदेश सरकारले समेत यो कार्यक्रममा साझा अधिकारलाई प्रयोग गर्दे सहयोग र सहजीकरण गरिरहेको अवस्था छ । देशभर २१५१ वटा सामुदायिक सिकाइ केन्द्रहरू अनौपचारिक शिक्षाको महत्वपूर्ण अङ्ग भई काम गरिरहेका छन् भने गाउँपालिकामा सामुदायिक सिकाइ केन्द्रहरूले विद्यालयीय शिक्षाको पहुँचमा नपुगेका व्यक्तिका लागि प्राथमिक शिक्षा विस्तार कार्यक्रम,अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम,खुला शिक्षा (निम्नमाध्यमिक र माध्यमिक),खुला विश्वविद्यालयबाट सञ्चालित खुला सिकाइका कार्यक्रमहरू समेत सञ्चालनमा छन् ।

### ३.४.२ वर्तमान अवस्था

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिर्पोट २०२४ अनुसार देशै भरि अनौपचारिक शिक्षा कार्यक्रम तथा अनौपचारिक शिक्षा विद्यालय ५० वटा सञ्चालनमा रहेको छ भने ३७ वटा शैक्षिक कार्यक्रम सञ्चालन गरि साक्षरता बढाउने कार्य भै रहेको छ । कर्णाली प्रदेश भरि २४८ वटा सामुदायिक सिकाई केन्द्र सञ्चालनमा रहेको छ जुन सबै केन्द्र सरकार द्वारा सञ्चालनमा रहेका छन भने स्थानीय तहबाट सञ्चालित सामुदायिक सिकाई केन्द्रको सङ्ख्या ० रहेको छ । बराहताल गाउँपालिकाको जम्मा जनसङ्ख्या २५,९४५ (पुरुष १२४६५ र महिला

१३,४७८ ) रहेको छ भने जम्मा घरपरिवार सङ्ख्या ६,१६९ भएको छ । बराहताल गाउँपालिकामा साक्षरता दर ७७.७ (पुरुष ८५.९० र महिला ७०.४० प्रतिशत) रहेको छ । बराहताल गाउँपालिकाको अपाङ्गता प्रतिशत ५.३ रहेको छ। माथिको तथ्याङ्क अनुसार अझै पनि यस गाउँपालिकामा ५७८५ जना निरक्षर रहेको देखिन्छ ।(स्रोत: राष्ट्रिय जनगणना २०७८) यस गाउँपालकालाई साक्षर गाउँपालिका घोषणा गर्न १ : ३० का दरले १९२ वटा साक्षर कक्षा सञ्चालन गरि साक्षर पालिका घोषणा गर्न सकिन्छ । सबै अवस्थालाई हेर्दा यस पालिकामा हाल १ (एक) वटा सामुदायिक सिकाइ केन्द्र रहेको र उक्त सङ्ख्यालाई बढाउनु पर्ने तथा थप व्यवस्थित गर्नुपर्ने देखिन्छ । विभिन्न सिपमूलक तालिमबाट निरक्षर रहेको प्रत्येक व्यक्तिलाई सिपमा जोड्न सके मात्र पालीकाको समुन्नती हुने देखिन्छ ।

सिकाई जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । मानिसहरू औपचारिक ,अनौपचारिक र अतिरिक्त पद्धतिका माध्यमबाट केही न केही नयाँ कुराहरूको सिकाई जीवनमा भई नै रहेको हुन्छ । यसै कुरालाई मध्यनजर गर्दै बराहताल गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवन पर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरेको छ । पढाइ लेखाई र सामान्य गणितीय सिप को सहयोगले कृषि,उद्यम,व्यापार लगायत धैरै प्रकारका पेशा व्यवसाय सञ्चालनमा ठूलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा वृद्धि गरि जीवनस्तरमा सुधार ल्याउन सकिने हुँदा स्थानीय स्तर कै सामग्रीहरूको निर्माण गरि सिकाइका अनुभवहरुलाई उपयोग गर्ने गरि जीवन पर्यन्त सिकाइलाई मूर्त रूप दिन योजना निर्माण गरिएको छ।

### ३.४.३.१ चुनौति तथा अवसर

सबै व्यक्तिहरूलाई कार्यमूलक नीति साक्षर बनाउनु,साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु,अनौपचारिक ढङ्गले साक्षर भएका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु,अनौपाचरिक शिक्षालाई नविनतम प्रविधिसँग तादम्यता गर्नु,समाजमा पठन संस्कृतिको विकास गर्नु,निरन्तर शिक्षा आय आर्जन र जीवनोपयोगी सिपसँग जोडेर प्रदान गर्नु,विद्यालय शिक्षाबाट बञ्चित व्यक्तिका लागि खुला शिक्षाको पहुँच अभिबृद्धि गर्नु आदि अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाका चुनौतिका मुख्य विषयहरू हुन् । प्राथमिक तहदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षा पद्धतिबाट प्रदान गरिदै आएको छ । उच्च तहको शिक्षा प्रदान गर्न खुला विश्वविद्यालयसमेत स्थापना भई विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको नीति रहेकाले आपसी साझेदारीमा लगानी अभिबृद्धि गर्न सक्ने अवस्था विद्यमान रहेको छ ।

गाउँपालिकामा हुने हरेक क्रियाकलापमा सम्बन्धित क्षेत्रसँग पहल गर्दै नीति तथा कार्यक्रममा पनि हरेक क्षेत्रबाट प्रतिनीधित्व हुने गरि पालिका स्तरबाट कृषि पशु रोजगार सहकारी महिला विकास आदि शाखाबाट बजेट विनियोजित भएको छ । शिक्षा जीवनभरि चलिरहने प्रक्रिया भएको कारण र समय परिवर्तनशील र प्रगतिशील भएको कारणले यस बराहताल बासीहरूको मागअनुसारको सिप मा जोडन कृषि तालिम प्रविधि विस्तार र प्रसार,उद्यम तथा रोजगार सिर्जनाको लागि र युवाहरुलाई स्वदेशमै बस्ने वातावरण सिर्जनाको लागि नीतिगत रुपमै पालीकाले योजना बनाएको छ ।

### ३.४.४ उद्देश्य

१. सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गर्दै आवश्यकता अनुसार स्थापना गरि अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्नु।

२. अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरि डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु।

३.शिक्षाबाट बन्चित भएका युवा तथा प्रौढहरुलाइ शिक्षाको मुल धारमा ल्याउनु ।

४.आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै समाजमा पछाडि परेको वर्गलाई मुलधारमा ल्याउनु।

### ३.४.५ रणनीति

१. औपचारिक शिक्षाको मूलधार बाहिर रहेका नागरिकलाई वैकल्पिक शिक्षाको व्यवस्था गर्ने।

२. सबै उमेर समूहका नागरिकलाई आजीवन शिक्षा/जीवन पर्यन्त शिक्षाको व्यवस्था गर्ने।

३. शिक्षकहरूको क्षमता अभिवृद्धि गरि स्थानीय रुपमा बोलिने भाषाहरूलाई व्यावहारिक रूपमा अन्तरसंवाद को रूपमा अगाडि बढाइनेछ।

४. सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरि आवश्यकता अनुसार स्थापना गर्दै अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने ।

५. गाउँपालिका भित्रका विद्यालयहरु मार्फत विद्यार्थी परिचालन द्वारा साक्षर,निरक्षरको अवस्था पहिचान र अभिलेखिकरण गरिने ।

६. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न संङ्घीय सरकार ,प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य संघसंस्थाहरुसँग सहकार्य र साझेदारिमा कार्यक्रम सञ्चालन गरि क्षमता अभिवृद्धि गरिने ।

७. विज्ञान र प्रविधिले ल्याएका खोज र अनुसन्धान,विपन्न र परम्परावादी सोचलाई वर्तमान सन्दर्भमा विज्ञानसँग जोड्दै पुर्खाले दिएको ज्ञानलाई व्यावहारिक बनाइने।

८. प्राविधिक शिक्षालय मार्फत समाजमा औपचारीक शिक्षाबाट बन्चित भएका व्यक्तिहरुलाई छोटो अबधिको तालिमहरु दिई व्यवशायिक बनाइने ।

९. सामुदायिक सिकाइ समुह मार्फत समुहको सदस्याहरुलाइ परिचालन गरि सिकाइ र सिप विकास कार्यक्रमहरु विस्तार गरिने।

१०. जेष्ठ नागरिक सिकाइ केन्द्रहरुको स्थापना गरि सास्कृतिक कार्यक्रम मार्फत सिकाइलाइ जोड दिने ।

### ३.४.६ प्रमुख उपलब्धि र नतिजा

उपलब्धि

१. वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना गरि सबै नागरिकलाई साक्षरता,निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सिर्जना गरि रोजगारिको अबसर सिर्जना भएको हुने छ ।

२. आगामी दुई वर्षभित्र साक्षर गाउँपालिका घोषणा भएको हुने छ । पालिका स्तरमा पठन संस्कृति विकासका लागि सार्वजनिक पुस्तकालय स्थापना तथा सञ्चालन भएका हुने छन् ।

### ३.४.७ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. स | प्रमुख नतिजा | आधार वर्ष | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१ | | | | |
| १ | प्रत्येक वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने | १ | २ | २ | २ | ३ |
| २ | बराहताल गाउँपालिकामा साक्षरता दर बढाउने । | ७७.७ | ८१.२ | ८६.८ | ९२.४ | ९६.८ |
| ३ | पुस्तकालयको स्थापना गर्ने । | ० | १ | १ | १ | १ |
| ४ | जेष्ठ नागरिक सिकाइ केन्द्र स्थापना गर्ने | ० | १ | १ | १ | १ |
| ५ | साक्षर,निरक्षर लगायत अनौपचारिक शिक्षातथा वैकल्पिक सिकाइसँग सम्बन्धित तथ्यांक संकलन भइ अद्यावधिक गर्ने | ० | १ | ० | ० | १ |
| ६ | सामुदायिक सिकाइ केन्द्र सवलीकरण तथा नयाँ स्थापना भई निरन्तर शिक्षा तथा आय आर्जन कार्यक्रम सञ्चालनहुने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ७ | निरक्षर साक्षर हुने,साक्षरले निरन्तर शिक्षा र जीवनोपयोगी सिप प्राप्त गर्ने | ० | १०० | १५० | १५० | १०० |
| ८ | महिला तथा प्रौढहरु आयआर्जन गरि जीवन निर्वाह र स्वावलम्वी तथा आत्मनिर्भर हुने प्रत्येक नागरिकले सिप सिकि रोजगारी स्वरोजगार तथा उद्यमी बनाउन सहयोग गर्ने | ० | २०० | २५० | २५० | ३०० |

## ३.४.४ प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २ ०८२ | २० ८३ | २०८४ | २०८५ | | |
| १ | अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना/सुचारु | वाट | १० | १ | ३ | २ | २ | २ | १० | |
| ३ | सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि तालिम र अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | प्रौढहरुलाई सिपविकास तालिम र आयआर्जनका कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ५ | सामुदायिक सहजकर्ताहरूको पारिश्रमिक | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ६ | सामुदायिक पुस्तकालय/ इ लाइब्रेरि स्थापना | वटा | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | छोटो अबधिको तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | | |

### ३.५ प्राविधिक शिक्षा र व्यावसायिक तालिम

#### ३.५ .१ परिचय

प्राविधिक तथा व्यावसायिक शिक्षा सीप विकास र आयआर्जनसंग जोडिएको हुन्छ। अर्थात यो शिक्षाले मानिसलाई कामको संसारसंग जोडने काम गर्दछ। यसलाई अझ सरल भाषामा बुझ्नुपर्दा गरिखाने शिक्षा पनि भन्न सकिन्छ। व्यक्तिलाई व्यवहारिक र रोजगार उन्मुख बनाउन तथा सीपयूक्त जनशक्तिको रुपमा विकास गराउनका लागि प्रदान गरिने शिक्षालाई प्राविधिक तथा व्यावसायिक शिक्षा भनिन्छ। उदाहरणका लागि सिकर्मी, डकर्मी, डाक्टर, भेटनरी जे.टी.ए.,इन्जिनियर,कम्प्युटर लगायतका सीपयूक्त जनशक्ति तयार पार्ने खालको शिक्षालाई प्राविधिक तथा व्यवसायिक शिक्षा भनिन्छ। नेपालको सन्दर्भमा हरेक क्षेत्रको विकासका लागि साधारण र प्राविधिक जनशक्तिका बीच सन्तुलन कायम राख्नुपर्ने तथ्यलाई मनन गर्दै पछिल्लो समयमा साधारण शिक्षा संगसँगै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा उल्लेख्य लगानी वृद्धि गर्दै लगिएको छ। हाल कृषि, भेटनरी, सब-ओभरसियर, इञ्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेकोले प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका कार्यक्रमहरुमा प्रयाप्त लगानी गरी त्यसमा सबै लिङ्ग, अपाङ्गता, गरिबी, सीमान्तकृत आर्थिक सामाजिक रूपले पछि परेको समुदाय लगायतका वर्गको समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा सुधार गर्दै श्रम बजारसँग आबद्ध गर्नुपर्ने आवश्यकता देखिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताका आधारमा सीप नक्साङकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरुको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ।

माध्यमिक तहलाई श्रम शिक्षाको रूपमा विकास गर्ने र त्यसको जगमा उच्च शिक्षालाई प्राविधिक/व्यावसायिक र रोजगारमूलक बनाउनु पर्ने हुन्छ। यसै कुरालाई मध्यनजर राखी माध्यमिक तह कक्षा ९–१२ मा प्राविधिक धारको व्यवस्था गरिएको भएता पनि सबै स्थानमा विविध समस्याका कारण प्राविधिक धारका विद्यालय सञ्चालन हुन सकेका छैनन। प्राविधिक धारमा विद्यार्थी भर्ना गर्दा गुणस्तर भन्दा पहुँचलाई प्राथमिकता दिने गरी कोर्स डिजाइन गरिएको र कक्षा ११–१२ मा पुगेपछि साइन्सको कोर्स थप गरिएको कारण कठिनाइस्तर बढेकोले प्राविधिक धार पूरा गर्ने विद्यार्थीहरुको दर न्यून रहेको छ। यसै सन्दर्भमा यस बराहताल गाउँपालिकाको माग तथा आवश्यकताको आधारमा यूवा तथा दक्ष जनशक्ति तयार गर्न तथा उत्पादित जनशक्तिलाई पेशा वा व्यावसायमा आवद्द गरी आर्थिक विकास गर्नका लागि यस योजनामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी कार्यक्रमहरु समावेश गरिएको छ।

#### ३.४.१ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित श्री जन ज्योति मा.वि. बराहताल- ६, कृषि प्राविधिक (वाली विज्ञान) १८ महिने र डिप्लोमा इन एग्रिकल्चर कार्यक्रम सञ्चलानमा रहेको छ । भने पुर्णकालिन र अल्पकालिन शिक्षकहरुको उच्चतम व्यवस्थापन गरि प्राविधिक शिक्षा सञ्चालन भएको अवस्था छ। यस गाउँपालिका आफ्नो निति तथा कार्यक्रममा प्रालविधिक समस्या समाधान गर्न एक वडा एक कृषि प्राविधिक कार्युक्रम कार्यान्वयन गर्ने र नितिको परिचालनलाइ प्राथमिकता दिने। स्थापना भएका सामुदायीक कृषि प्रसार सेवा के न्द्रको क्षमता अभिवृद्धी गर्दै सवै वडामा यसको पहुच विस्तार गर्ने। समय सापेक्ष प्रविधिको जानकारीका लागी जनशक्तीको क्षमता विकासमा लगानी गर्ने, गरिब र जेहेन्दार १८ महिने प्राविधिक शिक्षा (कृषि, भेटेरिनरी ) अध्ययनका लागि ५० प्रतिशत छुटमा छात्राबृत्तिको ब्यवस्थामा विशेष जोड दिएको रहेको छ। यसका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरी समुदायको मागमा आधारित सिप विकासका अवसर प्रदान गर्नुका साथै पालिका भित्र उपयुक्त, पहुँचयोग्य बातावरण भएका विद्यालयमा आवश्यक स्रोत साधनको व्यवस्था गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम विस्तार गर्नुपर्ने आवश्यक्ता खड्किएको छ। यस बराहताल गाउँपालिकाले आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममा प्राविधिक शिक्षा अध्ययन गर्ने विपन्न, अनाथ र अपाङ्गता भएका

विद्यार्थीहरुका लागि शैक्षिक छात्रवृत्ति प्रदान गर्नकालागि कार्यविधि र मापदण्ड निर्माण गरि वितरण गर्ने गरेको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमकालागि बार्षिक ….. लाख रुपैया समेत उपलब्ध गराउने गरेको छ ।

चुनौती तथा अवसरहरुः

प्राविधिक शिक्षा आजको अपरिहार्य आवश्यकता भन्ने यथार्थ हुदाँहुदै पनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गर्न नसकिनु, उत्पादित जनशक्ति र श्रम बजारको मागबीचको तालमेल मिलाउनु ,कार्यक्रमको लक्षित कोटा अनुसारका विद्यार्थी सङ्ख्याको उपलब्धता नहुनु,छोटा अवधिका तालिम प्रदायक संस्थाहरूको व्यवस्थापन र नियमनमा वृद्धि गर्नु, प्रयोगात्मक कक्षा र ओ.जे.टि. लाई व्यवहारिक रूपले कार्यमूलक बनाउनु, सबै वर्गका विद्यार्थीहरुका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षालाई उद्धमशीलता विकासमा केन्द्रित गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको बृद्धि र लागत साझेदारी सिद्धान्तका आधारमा स्रोत परिचालन गर्नु,आवश्यक पर्ने भौतिक पूर्वाधार, ल्याब लगायतको व्यवस्थापन गर्नु, प्राबिधिक र व्यावसायिक शिक्षा संचालनको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन गर्नु,स्रोत साधनमा आधारित उद्यमी र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित समृद्धि प्राप्त गर्ने प्राविधिक शिक्षाको योजना र कार्यन्वयन गर्नु जस्ता कुराहरु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन ।

यसैगरी विविध चुनौतीहरु सँगसँगै प्राविधिक शिक्षा तथा व्यावसायिक सिपको क्षेत्रमा गाउँपालिकाले लगानी गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा प्रति सरोकारवालहरुको चासो बढ्दै जानु, प्राविधिक शिक्षा अध्ययन गर्ने गरिव तथा जेहेन्दार विद्यार्थीहरुका लागि यस गाउँपालिकाले वार्षिक रुपमा छात्रवृत्तिको व्यवस्था गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा संघीय तथा प्रदेश सरकारको उच्च प्राथमिकतामा पर्नु, सीटिइभिटी अन्तरगतका बिभिन्न तहका सिपमुलक र उद्यमशीलमा आधारित व्यावसायिक र रोजगारमुलक प्रकृतिका प्राविधिक विषय र कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सकिने आधार हुनु, उपलब्ध प्राकृति स्रोत र साधनको अधिकतम उपयोग गर्दै परम्परागत सीप र प्रविधिलाई व्यावसायिक सीप र रोजगारीसँग जोड्नका लागि उपयुक्त वातावरण हुनु,सरकारले पढदै कमाउदै कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नु आदिलाई यस क्षेत्रका प्रमुख अवसरको रूपमा लिन सकिन्छ ।

३.४.२ उद्देश्य

- ✓ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालनको अवसर तथा वातावरण तयार गरि एक घर एक प्राविधिक जनशक्ति तयार गर्ने ।
- ✓ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त जनशक्तिका लागि स्थानीयस्तरमै रोजगारी तथा स्वरोजगारीका अवसरहरु उपलब्ध गराइ उघमशिलताको विकास गर्ने ।

३.४.३ रणनीति

- ✓ समयसापेक्ष रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको विस्तारका लागि आवश्यक पहल गर्ने ।
- ✓ माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको मागमा आधारित प्राविधिक तथा व्यावसायिक सिप विकासमा सहभागितामूलक पहुँच सुनिश्चित गर्ने ।
- ✓ स्वरोजगारका अवसरहरुको विस्तार तथा सुनिश्चितता गर्ने,
- ✓ प्राविधिक शिक्षा अध्ययन गर्ने आर्थिक तथा सामाजिक रूपले विपन्न परिवारको विद्यार्थीहरूका लागि छात्रवृत्ति तथा अन्य सेवा सुविधाको व्यवस्था गर्ने ।

- ✓ हालसम्मको उत्पादित जनशक्ति, श्रमबजारको माग र आवश्यकतालाई मूल्याङ्कन गरी प्राविधिक शिक्षा तर्फ थप विषय र कार्यक्रमहरूको विस्तार गर्ने।
- ✓ प्राविधिक शिक्षाका लागि इच्छुक विद्यार्थीहरुलाई प्राविधिक शिक्षाप्रति आकर्षित गर्न प्राविधिक शिक्षालय र अन्य विद्यालयहरूको बीचमा समन्वय र साझेदारीका कार्यक्रमको विकास गर्ने
- ✓ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम मार्फत उत्पादित जनशक्तिलाई प्रतिस्पर्धी क्षमता विकास र श्रम बजारसँग आबद्ध गर्ने।
- ✓ विद्यार्थीहरुलाई खोज र नवप्रवर्तन (Innovation) का लागि प्रोत्साहनमूलक कार्यक्रमहरू र पढदै कमाउदै कार्यक्रम सञ्चालन गर्ने।
- ✓ प्राविधिक शिक्षा पढेका युवाहरूलाई उद्यमशीलता विकासको लागि व्यावसायिक कार्यको सुरुवात गर्न ऋण तथा अनुदानको व्यवस्था गर्ने।
- ✓ प्राविधिक तथा व्यावसायिक सीप सम्बन्धी छोटो अबधिको तालिम र सिप विकासको लागि समन्वय र सहकार्य गर्ने।
- ✓ प्राविधिक शिक्षाको गुणस्तर सुनिश्चितता तथा सुधारका लागि आवश्यक मापदण्डको विकास र कार्यान्वयन गर्ने।

### ३.४.४ प्रमुख उपलब्धि र नतिजा

उपलब्धि

- ✓ बराहताल गाउँपालिकामा कम्तिमा एक प्राविधिक तथा व्यवसायिक विद्यालय स्थापना गरि उत्पादन भएका जनशक्तिबाट आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिकस्तरमा सुधार भएको हुने।

प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालयको संख्या | १ | १ | १ | १ | ० |
| ३ | पढ्दै कमाउदै कार्यक्रममा सहभागी विद्यार्थी संख्या | ० | ३० | ५० | ७० | १०० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरी रोजगारीमा लागेका युवाहरुको संख्या | ० | १० | १० | १० | १० |
| ५ | स्थानीय स्तरमा पहिचान भई प्रमाणीकरण तथा प्रबर्द्धन भएका परम्परागत सिपहरूको संख्या | ५ | ३ | ३ | ३ | ३ |
| ६ | प्रयोगात्मक कक्षा कोठा सहित प्रशिक्षण केन्द्रहरु स्थापना | ० | १ | १ | १ | १ |
| ७ | | | | | | |

३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने तथ्याङ्क संकलन, खण्डीकरण तथा तयारी गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तथा मापदण्ड निर्धारण गरि स्थानिय स्तरमै रोगारी सृजना हुने कार्यक्रम संचालन गर्ने। | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | |
| ३ | प्राविधक शिक्षा सञ्चालन भएका विद्यालयहरूको न्यूनतम भौतिक पूर्वाधार विकास तथा सुधार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | प्राविधिक धारका माध्यमिक (कक्षा ९-१२) विद्यालयहरू स्थापना र सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |
| ३ | नवप्रर्वधनात्मक तथा पढ्दै कमाउदै कार्यक्रम सञ्चालन | विद्यालय | ० | २ | १ | १ | १ | ५ | २० |
| ५ | छोटो अवधिका सिपमूलक व्यावसायिक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | प्राविधिक शिक्षा सञ्चालनका लागि शिक्षक व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | प्राविधिक शिक्षा पढन चाहने अति विपन्न, अपाङ्गता भएका, लोपोन्मुख तथा अनाथ विद्यार्थीहरुका लागि छात्रबृत्ति प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | स्थानीय परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन कार्यक्रम गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग सम्बन्धि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | गाउँपालिकाले उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि आवश्यक सहयोग प्रदान गर्ने | जना | २५ | ५० | ७५ | १०० | १२५ | | निरन्तर |
| ११ | शिक्षक व्यवस्थापनकालागि संघ प्रदेश र अन्य सरोकारवालहरुसंग समन्वय सहकार्यगर्ने | | | | | | | | |

परिच्छेद- ४

## ४.१. पाठ्यक्रम,पाठ्यपुस्तक,सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक अङ्गहरू सहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरएिको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रवन्धका नीति शिक्षा मन्त्रालय अन्तगत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सँगै विद्यालय तहको पाठयक्रम विकास,सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका नीति वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरि सोहीअनुसार पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको सुरू गरियो । यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरि वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू भएको छ भने वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ । पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यपुस्तक बाहेक केही बाल सन्दर्भ सामग्रीहरू विकास गरि त्यसको विद्युतिय प्रति वेवसाईटमा राख्ने गरेको छ भने प्रारम्भिक कक्षा पढाइ कार्यक्रम मार्फत् पाठ्यक्रम विकास केन्द्रले विकास गरेका प्रारम्भिक कक्षा पढाइसम्बन्धी सन्दर्भ सामग्रीहरूको कार्यक्रम लागु भएका विद्यालयमा पुर्याइएको छ । अधिकांश बाल सन्दर्भ सामाग्रीहरूको उपलब्धता र प्रयोग सिमित छ भने कति पय सामग्री अद्यावधिक गर्नु पर्ने पनि छन् । यसका अतिरिक्त पाठ्यक्रम विकास केन्द्रले कक्षा १-५ का लागि विभिन्न २७ मातृभाषका पाठ्यपुस्तकहरू तयार गरेको छ । पाठ्यक्रम विकास केन्द्रका अनुसार मातृभाष,स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरि सिकाइ सहजीकरण गर्ने,सूचना तथा सञ्चार प्रविधिलाई जीवनउपयोगी तथा व्यवहार कुशल सिपका नीति एकीकृतगर्नुका साथै सिकाइको माध्यमका नीति प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका नीति सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरि प्रयोग गर्ने नीति लिएको छ ।

पाठ्यक्रममा नागिरकताको शिक्षा दिने,विद्यालय तह पूरा गरेपछी पेसा,व्यवासाया तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरि माध्यमिक तहमा अनिवार्य तथा विभिन्नि ऐच्छिक विषयहरू समावेश गरिको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरएिको छ । विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरएिको छ भने विषयवस्तु तथा सिकाइ क्रियाकलापको भार पाठ्यघण्टा मा निर्धारित गरएिको छ । विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धतिमा व्याख्या गर्ने व्यवस्था गरएिको छ । सोह्रौ योजनामा विद्यालय तहको शिक्षाको गणुस्तर वृद्धि गर्न हरेक ५ वर्षमा पाठ्यपुस्तक परिमार्जन गर्ने अंग्रेजि,गणित तथा विज्ञान शिक्षक उपलब्ध गराउने; व्यावहारिक ज्ञान र सिप विकासको लागि इन्टर्नशीप,पढ्दै कमाउदै लगायतका क्रियाकलापलाई पाठ्यक्रममै समावेश गर्ने; विद्यालय तहदेखि नै खेलकूद तथा कलाका साथै योग र ध्यानलाई समेत अतिरिक्त क्रियाकलापको रूपमा सञ्चालन गर्ने;उल्लेख गरिएको छ । सोहि अनुसार हाल तपसिलमा उल्लेखित स्थानीय पाठ्यपुस्तक तयार

गरि लागु गरिएको छ ,कम्प्युटर,वेद,लेखा ,संस्कृत साहित्य,तिब्बती ,ऐच्छिक गणित,संस्कृत भाषा आचरण,सचेतना शिक्षा,संस्कृत व्याकर्ण,हमो आठबिस दारा,नीति शास्त्र,हाम्रो कागेश्वरी मनहरा,संस्कृत रचना,हाम्रो मेचीनगर ,फलित ज्योतिष ,कपिलवस्तु र बुद्ध शिक्षा,कर्मकाण्ड,हाम्रो गोकर्णेश्वर,ऐच्छिक अंग्रेजी ,हाम्रो मांडवी हाम्रो गौरव,दिनियत,हाम्रो बनेपा पर्यटन विकास,हाम्रो हुप्सेकोट,हाम्रो सुनबाल,भोट भाषा बौद्ध शिक्षा,सामाजिक अध्ययन - संस्कृत,संगीत योग,गल्छी स्थानीय पाठ्यक्रम,हाम्रो ठाकुरबाबा,मैथली,ध्यान ,कमलामै को पहि हाचान ,हाम्रो इन्द्रसरोवर,हाम्रोचौरपाटीहमरो संस्कृत भासा,अंग्रेजी व्याकरण,यजुर्वेद,भोटभाषा,छिचोक रिग्ने,अरेबिक,हाम्रो भीरकोट,हाम्रो रेसुङ्गा,हाम्रो मेल्लेख,हाम्रो राप्ती,हाम्रो माथागढी,हाम्रो बिदुर,बागचौर सेरोफेरो,फिक्कलको सेरोफेरो,हाम्रो माछापुच्छ्रे,हाम्रो सिस्ने,ख्वापा को पहिलो सामाजिक इतिहास,हाम्रो व्यास,उर्दू ,हमो देउमै,हाम्रो कालीगण्डकी,हाम्रो हल्दीबारी जस्ता पाठ्यक्रमहरुको प्रकाशन तथा अध्यापन कार्य भइ रहेको छ ।

## ४.१.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ तथा सो अनुरूप विकास गरएिको पाठ्यक्रमका उल्लिखित परिर्वतन तथा सुधारको प्रभावकारी कार्यान्वयनका लागि थप तयारी तथा क्षमता विकास आवश्यक छ । यसका लागि शिक्षकको तयार,क्षमता विकासको अवसर उत्प्रेरणा तथा जवाफदेहिता ज्यादै महत्वपूर्ण छ भने शिक्षक सहायता प्रणालीको स्थापना,स्थानीय लगायत सबै तहका सरकार तथा पाठ्यक्रम विकास गर्ने निकाय र कार्यान्वयन गर्ने विद्यालय सबैको क्षमता तथा जवाफदेहितामा सुधार आवश्यक छ । समस्त पाठ्यक्रम,पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्रीलाई सान्दर्भिक तथा उपयोगी बनाउन अध्ययन तथा अनुसन्धानका नतिजामा आधारित बनाउन सकिएको छैन । विद्यालय तहको कक्षा ९ देखी नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरि यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरूरी भएको छ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम,शिक्षणसिकाइ तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ ।

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । अझ औपचारीक शिक्षा पद्धतिमा पाठ्यक्रमद्वारा निर्देशित ज्ञान,सिप तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियामा संचालित हुनु पर्दछ । पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरा सँग मात्र सम्बन्धीत नभई विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने,के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गगर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात ज्ञान,सिप तथा अभिवृत्तिको माध्यमबाट ब्यक्तिलाई समाज तथा विश्व परिवेश अनूकुल समायोजन हुन,रोजगारी प्राप्त गर्न,पेसा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ । फेरी पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरएिको हुनाले यसले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई सान्दर्भिकरण सहित आत्मसात् गर्न,विभेदरहीत,समतामूलक र समावेशी दृष्टिकोण अनुरूप व्यवहार गर्न आफ्नो र अरूको अधिकार र कर्तव्य प्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ । यसरी पाठ्यक्रम एउटा

शिक्षा प्रणालीलाई मार्ग दर्शन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनु पर्दछ । मानविय आवश्यकता,बालबालिका रूची,सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान,सिप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशिल र लचिलो प्रक्रियाका नीति लिनु आवश्यक छ । शिक्षक सेवामा प्रवेशका लागि तालिमको अनिवार्यता र सेवामा प्रवेश गरिसकेपछी पनि निश्चित अवधिमा शिक्षकको पेसागत विकास (टिपिडि) तालिम लिनुपर्ने प्रावनधानबाट शिक्षण सिकाइमा सुधारका प्रयास गरएिको छ ता पनि पाठ्यक्रमको परिवर्तित सन्दर्भमा शिक्षण सिकाइ कार्यको प्रभावकारीता तथा शिक्षकको तयारी,विकास,कार्यकुशलता र उत्प्रेरणाका पक्षमा सुधारको आवश्यकता देखिन्छ । त्रैमासिक,अर्धवार्षिक र वार्षिक लिखित प्रकारका औपचारिक मूल्याङ्कनमा क्रमशः सुधार गरि आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन आन्तरिक र वाह्य मूल्याङ्कनको व्यवस्था,केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ,अक्षराङ्कान पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटीको सुरूवात गरि परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास गरएिको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका नीति सिकाइमा निरन्तर पृष्ठपोषण तयार गरि सिकाइ सुधार तयार गर्ने कार्यमा प्रभावकारी नीति प्रयोग गर्ने र परीक्षा लगायत मूल्याङ्कनका साधन विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ । कक्षा ८,१० र ११-१२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित,बैध र विश्वसनिय बनाउनु पर्ने छ । त्यसै गरि शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट नै कक्षा ५,८ र १० मा विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि परीक्षण सम्बन्धी कार्य चरणबद्ध नीति भईरहेको सन्दर्भमा यसलाई थप प्रभावकारी बनाउने र यसका नतिजालाई शिक्षाका नीति तथा कार्यक्रम सुधारका आधारका नीति प्रयोग गर्ने पद्धतिको विकास आवश्यक छ । समग्रमा अपेक्षित उच्चकोटीको तथा प्रयोगमुखी सिकाइलाई सघाउ पुग्राउनका लागि मूल्याङ्कन प्रारूपको विकास तथा कार्यान्वयन गर्न पर्ने छ । विद्यालयमा आधारित मूल्याङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउन सकिएको छैन ।

मातृभाषा तथा स्थानीय विषय शिक्षाका लागि कानुनी तथा नीति गत आधारहरू तयार भई मौलिक एवम् स्थानीय ज्ञान,सिप तथा प्रविधिको उपयोग तथा निरन्तरताका लागि सरोकारवाला पक्षका साथै गाउँपालिकाले तथा विद्यालयका लागि अवसरको सुनिश्चितता गरएिको छ । सम्बन्धीत शिक्षा वि विषयका यथेष्ट नीति विज्ञ पहिचान परिचालन गरि स्थानीय आवश्यकता निर्धारण गर्न नसक्दा यस्ता विषय क्षेत्रका लागि निर्धारित विषय र संरचना प्रभावकारी हुन सकेका छैनन् । प्राविधिक माध्यामिक शिक्षा केही प्ररम्परागत शिक्षा तथा स्थानीय पाठयक्रम बाहेक अन्य सबै विषयमा पाठ्यक्रम अनुसार कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तकहरू पाठयक्रम विकास केन्द्रले सम्बन्धीत विषय शिक्षक तथा विज्ञहरूबाट लेखाई मुद्रणका लागि तयार गर्ने र जनक शिक्षा सामग्री केन्द्र तथा निज मुद्रक तथा वितरक बाट विद्यालयमा बिक्रि वितरण हुने व्यवस्था रहेको छ । नेपाल सरकारले स्थानीय तह मार्फत् पाठ्यपुस्तक खरिदका लागि विद्यालयलाई रकम उपलब्ध गराई सामुदायिक विद्यालयमा कक्षा १-१० मा अध्यायन गर्ने सबै विद्यार्थीले निःशुल्क नीति पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ । विगत केही वर्ष देखि कक्षा १-३ प्राराम्भ गरि कक्षा १-५ सम्म पुग्राइएको रङ्गीन पाठ्यपुस्त छपाई गर्ने कार्य २०७६ देखि कक्षा ८ सम्म पुगेको छ भने पाठ्यपुस्तक छपाईका लागि प्रयोग गरिने कागजको गुणस्तरमा पनि सुधार गरिएको छ । यसका

लागि पुस्तक डिजाइन र मुद्रणमा सुधार आवश्यक देखिन्छ । त्यसैगरि स्पेसिफिकेसन अनुसारको कागज तथ मुद्रणको गुणस्तर सुनिश्चत गर्नु उत्तिकै आवश्यक छ । यसले गर्दा गाउँपालिकाका बिधार्थीहरूका लागि सिकाइ सहजीकरणमा टेवा पुग्ने अबश्य देखिन्छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फल्यास रिर्पोट २०२४ अनुसार सिकाईका लागि प्रयाप्त पाठ्यक्रमहरु शिक्षक गाईडहरु बाल सामाग्रिहरु र पुस्तक कर्नर उपलब्धभएका समुदायिक विद्यालयहरुको सङ्ख्या १७८५ वटा रहेको छ भने शिक्षक गाईडहरु १२१३ वटा विद्यालयमा रहेको छ । बाल सामाग्री १०२८ वटा विद्यालयमा बुक कर्नर ७८४ वटामा र पाठ्यक्रम ९२२ मा सनद्रभ सामाग्रि ६२९ विद्यालयमा रहेका छन ।

बराहताल गाउँपालिकाको कक्षा १ देखी ८ सम्मका गाउँपालिकाले स्थानीय परिवेस रीतिरिवाज चालचलन धार्मिक र ऐतिहासिकताका आधारमा बार्षिकनीति स्थानीय पाठ्यक्रम बनाएर लागु भइरहेको छ । अरू सबै तहका पाठ्यपुस्तकहरू पाठ्क्रम विकास केन्द्रले तयार पारि देश भर एकरूपता ल्याइरहेको छ । पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको विद्युतियप्रति तयार गरि पाठ्यक्रम विकास केन्द्रको वेवसाईटमा राखिएको तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण तथा सञ्चालन गरेको विद्युतिय सिकाइ पोर्टलमा उक्त सिकाइ सामग्रीहरू राखिएका छन् । माध्यमिक तहको प्राविधिक धारतर्फ पनि विषयगत सिकाइ तथा स्रोत सामग्री विकास गरि वेवसाईटमा राखिएका छन् । मुद्रित पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको पहुँचमा खासै समस्या नदेखिए तापनि विभिन्न किसिमका महामारी र विपद्को बेलामा विभिन्न विधि र माध्यम (अनलाईन,अफलाईन,मुद्रित..) मा पाठ्यसामग्रीको पहुँचमा वृद्धि गर्नुपर्ने अवस्ससथा कोभिड-१९ को प्रभावले सिकाइमा भएको अवरोध तथा सिकाइ सामग्रीको अप्रयाप्ततता देखाइएको छ । सधैँ आमने सामने विधिमा मात्र भर नपरी शिक्षण सिकाइ तथा मूल्याङ्कनका क्रममा पनि अन्य वैकल्पिक विधि र माध्यम आवश्यक देखिएको छ । विद्यालय क्षेत्र विकास योजनाले राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरि प्रारम्भिक कक्षाहरूमा एकीकृत ढाँचा सहित विद्यालय तहको पाठ्यक्रम सुधार तथा परिमार्जन गर्ने,गणित,विज्ञान तथा अङग्रेजी विषयमा केही डिजिटल सिकाइ सामग्री तयार गर्ने,पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका परिमार्जन गर्ने,विद्यालय तहको शिक्षण सिकाइमा माध्यम भाषा सम्बन्धी नीतिगत स्पष्टता गर्ने,प्रारम्भिक पढाइ कार्यक्रमका लागि आवश्यक सिकाइ सामग्री जस्ता कार्यक्रमहरू समावेश गरिएअनुसार लक्षित कार्यक्रम सम्पन्न भएका छन् । जीवनपर्यन्त सिकाइ कार्यक्रमहरूको प्रमाणीकरण तथा समकक्षाताका माध्यमबाट अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षामा प्रवेश गर्ने कार्यलाई सुदृढ गर्ने कार्य राष्ट्रिय योग्यता प्रारूप मार्फत व्यवस्थित गर्ने प्रस्ताव गरएिकोलेले यस अनुसार कार्यान्वयनको विस्तृत खाका तयार गरि कार्यान्वयन प्रारम्भ गर्नु पर्ने आवश्यक देखिन्छ । उल्लिखित विश्लेषणका आधारमा विद्यालय तहको पाठ्यक्रम,पाठ्यसामग्री तथा विद्यार्थी मूल्याङ्कनमा निम्नलिखित चुनौतीहरू पहिचान गरएिको छ ।

- नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी,विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास
- सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण
- पाठ्यक्रम विकास तथा परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता

- पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने
- बालबालिकाको सिकाइलाई माध्यम भाषाको कारण अवरोध नहुने गरि छनोट,विशेषतः प्रारम्भिक कक्षाहरूमा आवश्यकताअनुसरा मातृभाषा,स्थानीय भाषा,बुहुभाषा प्रयोग
- विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार,परिमार्जन तथा समायोजन
- अपाङ्गता भएका बालबालिकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा प्रर्याप्त विकल्पहरू प्रदान गरि अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्नु
- पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तकको नीतिको कार्यान्वयन
- शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धि
- मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने,परीक्षा पद्धतिलाई स्मरण र बोध जस्ता सामान्य संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरि उच्च तहको संज्ञान तथा सिप परीक्षण गर्ने गरि कार्यान्वयन र विद्यार्थीको कार्य सम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउने
- योग्यता प्रमाणीकरण लागि तहगत स्तर निर्धारण र समकक्षता प्रदान र राष्ट्रिय योग्यता प्रारूपको कार्यान्वयन
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको बैकल्पिक विधिको प्रयोग
- पाठ्यक्रम विकास,परिमार्जन कार्यान्वयन तथा मूल्याङ्कन गर्दा स्थानीय तह,प्रदेश सरकार तथा विद्यालयको अर्थपूर्ण सहभागिता कायम गरि पाठ्यक्रम कार्यान्वयनमा जवाफदेहिताको सुनिश्चितताको ।

### ४.१.३ उद्देश्य

१. पाठ्यक्रमलाई समयसापेक्ष,सान्दर्भिक,गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध नेपाल निर्माणका लागि सक्षम,सृजनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु,

२. अनुसन्धान तथा जीवन्त अनुभवमा आधारित पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु,

३. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धीत गराउने र विषयवस्तुलाई अन्तर सम्बन्धीत गरि सिकाइ क्रियाकलाप सञ्चानल गर्नु,

४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारूमा ज्ञान,सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु,

५. सिकारूका सिकाइ समस्याको समधान उन्मुख निरन्तर आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु,

४.१.४ रणनीतिहरू

१. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन गर्ने ।

२. पाठ्यक्रमलाई समयसापेक्ष,सान्दर्भिक,गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध नेपाल निर्माणका लागि सक्षम,र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाईने छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने ।

३. ज्ञानमा आधारित समाज,सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक,सामाजिक,सांस्कृतिक,राजनीतिक,आर्थिक परिवर्तन र विश्वपरिवेश समेतका आधारमा पाठ्यक्रमलाई

समसामयिक सान्दर्भिक र व्यवहारिक बनाउँदै लैजानका लागि, यसै क्रममा विद्यालय तहको प्राविधिक धारको हालको पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कनका आधारमा आवश्यक सुधार,परिमार्जन तथा समायोजन गर्न पहल गरिने ।

४. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरि जवाफादेही बनाउन विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्बन गरि परीक्षणका नीति कार्यान्वयनमा ल्याइनेछ र यसको प्रभावका आधारमा निरन्तरता प्रदान गरिने छ । विकास गरएिको पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धीत शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रबोधिकरण गरिने ।

५. सङ्घ र प्रदेश सरकार तहबाट पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरि पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न उचित कानुनी तथा नीतिगत व्यवस्था गरि कार्यान्वयनका लागि पहल गरिने ।

६.राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरे अनुसार प्रदेश तथा स्थानीय सरकारको विद्यालय तहको पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न अत्यावश्यक सक्षमता विकास गरि जिम्मेवार बनाइनेछ ।

७. वैकल्पिक सिकाइका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरि देशमा पर्न सक्न् विपत,महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने,शिक्षकको पेशागत सक्षमता विकास गर्ने र प्रयाप्त सिकाइ सामग्री विकास गरि सिकाइ अवसर अभिवृद्धि गरिने छ र विद्यालयहरूलाई यसका लागि सक्षम बनाईदै लगिने ।

८. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री,स्वअध्ययन तथा सन्दर्भ सामग्रीहरूको विकास,परिमार्जन तथा समायोजन गरि डिजिटाईज अनलाईन सिकाइ पोर्टलमार्फत्  र हात हातमा पुग्ने गरि सर्वसुलभ गराइने ।

९. पाठ्यक्रम विकास तथा कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरू अभिभावक,शिक्षक,विद्यार्थी,समाजसेवी,विद्यालय व्यवस्थापन पदाधिकारी,बुद्धिजिवी,शिक्षा प्रेमी,परम्परागत ज्ञान र सिपको ज्ञाता तथा अनुसन्धेता आदिको सहभागिता र भूमिका वृद्धि गरिने ।

१०. पाठ्यपुस्तक गुणस्तर सुधार गर्न प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गरि पाठ्यपुस्तक विकास गर्नाका लागि पहल गरिने।

११. पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई सुनिश्चित गर्न शिक्षकका पेसागत सक्षमता विकासलाई निरन्तरता दिई बहुपाठ्यपुस्तक नीति  कार्यान्वयन गरिने ।

१२. प्ररम्परागत नीति  प्रचलनमा रहेको पाठ्यपुस्तकमा आधारित शिक्षणसिकाइलाई बालकेन्द्रित,लैङ्गीक तथा अपाङ्गता मैत्री बनाई सूचना,सञ्चार र प्रविधिको उचित प्रयोग गर्दै बढी सहमागितामूलक,अन्तरक्रियात्मक,खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने

१३. बालबालिकाको सिकाइलाई भाषाका कारण अवरोध नहुने गरि स्थानीय भाषा छनोट गरिने छ । यसका लागि विशेषतः प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका लागि आवश्यकताअनुसार मातृभाषा,स्थानीय भाषा,बहुभाषा प्रयोगलाई प्राथमिकता दिइने ।

१४. विद्यालयहरूलाई वैकल्पिक तथा बहुकक्षा शिक्षणसिकाइ अनुरूपाका शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाईदै लगिने ।

१५. विद्यालयमा आधारित सहयोग पद्धति विकास गरि पाठ्यक्रम कार्यान्वयनमा रहेका समस्याहरूलाई कार्यान्वयन तहमा नै समाधान गरि शिक्षणसिकाइ प्रक्रियालाई प्रभावकारी बनाईने ।

१६. सहपाठी सिकाइ समूह गठन गरि कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याई सिकारूको शिक्षण सिकाइ क्रियाकलापमा सहभागिता अभिवृद्धि र सिकाइ उपलब्धिमा सुधार गरिने ।

१७. सबै सामुदायिक विद्यालयमा सूचना,सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक पूर्वाधार विकास तथा त्यसको उचित उपयोग गर्न सक्ने क्षमता विकास गरि कक्षागत वा तहगत नीति प्रविधिमा आधारित शिक्षणसिकाइलाई परीक्षणमा ल्याईने ।

१८. प्रत्येक सामुदायिक विद्यालयमा एक-एक सूचना सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरि शिक्षक तथा सिकारूलाई प्रविधिको प्रयोग,थप ज्ञान सिप विस्तारको अवसरमा वृद्धि तथा खोजमूलक शिक्षणसिकाइको प्रयोग गर्ने वातावरण सुनिश्चित गरिने ।

१९. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास र प्रयोलाई व्यवस्थित गर्न गाउँपालिका तथा विद्यालयको सक्षमता विकास गरि जिम्मेवार जवाफदेही बनाईने छ र भाषा आयोगको परामर्शमा मानकीकरण,शब्दकोष निर्माण तथा लेख्य प्ररम्पराको विकास गर्दै मातृभाषाको प्रयोगलाई थप व्यवस्थित गरि स्थानीय पाठ्यक्रम विकास गरिने

२०. गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास तथा कार्यन्वयनका लागि आवश्यक संरचना विकास गरि समन्वयात्मक अनुगमन तथा पृष्ठपोषण कार्यदल बनाइ त्यसलाई व्यवस्थित गरिने ।

२१. अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर बृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास तथा प्रयोगलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चित गर्न पहल गरिने ।

२२.सिकारूको सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृद्धिविकास सँग आवद्ध गर्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिने ।

२३. आधारभूत तह र माध्यमिक तहमा हुने सार्वजनिक परीक्षालाई सुधार गरिने ।

## ४.१.५ प्रमुख उपलब्धि,नतिजा,क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील सकारात्मक सोच भएको,निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ४७ | - | - | - | - |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५६ | - | - | - | - |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ० | १ | १ | - | - |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ५६ | - | - | - | - |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | १० | १० | २० | १६ |
| ६ | ब्रेललिपीमा कक्षा सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | २० | १६ | १० | १० |
| ७ | सांकेतिक भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | १५ | १५ | ११ | १० |

## ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागी शिक्षक पेसागत अभिवृद्धि तालिम सञ्चालन | जना | ३०० | ५० | ५० | ५० | ५० | ५० | २५० | ५० |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन ( अभ्यासको आधारमा ) | विद्यालय | ५६ | ० | १५ | १५ | १५ | ११ | ५६ | निरन्तर |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | विद्यालय | १७ | ५ | ३ | ३ | ३ | ३ | १७ | निरन्तर |
| ५ | नमुना पाठ्यपुस्तक विकास तथा परीक्षण(राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ) | पटक | १ | ० | १ | - | - | - | | |
| ६ | गाउँपालिका स्तरिय शिक्षक निर्देशिका विकास तथा कार्यान्वयन | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| ७ | प्राविधिक धार तर्फका पाठ्यपुस्तक पाठ्य सामाग्रिमा समस्या तथा विकल्प पहिचान र संरचना तयारी | पटक | १ | ० | १- | - | - | - | १ | निरन्तर |
| ८ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागि निर्देशिका,कार्यविधि तथा मार्गदर्शन विकास ,परिमार्जन तथा एकीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | पाठ्यक्रम तथा पाठ्यसामग्री प्रबोधिकरण | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १० | विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि अनूकुल पाठ्यपुस्तक-पाठ्यसामग्री निःशुल्क उपलब्ध गराउने | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ११ | मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास,समायोजन तथा कार्यान्वयन | विद्यालय | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य,व्यावसायिक नीति  दक्ष,पेसाप्रति उत्प्रेरित,समर्पित,प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ  । शिक्षकमा भएको विषयवस्तुको प्रयाप्त ज्ञान,शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य,दक्ष,समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ  । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ  । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच गुणस्तर,समता,सान्दर्भिकता,सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना,परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेसागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखि कार्यक्रम सञ्चालन गरेको पाइन्छ  ।

वर्तमान अवस्थामा शिक्षक तयार गर्ने काम विश्वविद्यालयहरू तथा विद्यालयहरूले गरिरहेका छन्  । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने,रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरि नियुक्तिका लागि सिफारिस गर्ने र बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ  । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरि पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन्  । यसैगरि अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने,शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन्  । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले,प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन्  ।

नेपालमा शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन  । शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरू बिच शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य हुन सकेको छैन  । यसै गरि देशमा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरू,जस्तैः शिक्षक सेवा आयोगबाट छनोट भई नियुक्ति पाएका स्थायी,अस्थायी,राहत अनुदानका,विद्यालयको निजी स्रोतबाट तलब सुविधा पाउने शिक्षक आदि छन्  । विभिन्न किसिमका शिक्षकहरूका सेवाको सर्त र सुविधा पनि फरक फरक छन् । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनका लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको  सिकाइमा जिम्मेवार बनाउने प्रयोजनमा प्रयोग गर्न सकिएको छैन्  ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाका नीति विकास गर्ने,कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने,शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने,शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने,विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपुर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ  । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतिहरू परिचान गरएिको  छ  । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान

गरएिको चुनौतिहरूको सामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस कार्यक्रकका उद्देश्य,उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू,कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरएिको छ ।

## ४.२.२ वर्तमान अवस्था

शिक्षक सेवा आयोग नियमावली,२०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने,स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने,बढुवाका लागि निश्चित मापदण्ड पूरा गनुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठत पेसाका नीति लिइने अवस्था सुधार हुँदै गएको छ । नियमीत नीति स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेसामा थप आकर्षण बढेको अवस्था छ । शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ । आगामी दिनहरूमा निरन्तर शिक्षक पेसागत विकास तथा सहयोग,पूर्वानमानयोग्य सरूवा र बढुवा प्रणाली,कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा,दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली,विश्वविद्यालयमा सर्वउत्कृष्ट स्थान ल्याउन सफल मिहिनेती,मेधावी तथा प्रतिभावान व्यक्तिहरूलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत छुटयाई सोझै प्रवेश गराउन सकिने गरि कानुनी तथा प्रक्रियागत व्यवस्थाको सुनिश्चिततामार्फत शिक्षण पेसालाई रोजाइको पेसाका नीति विकास गराउन आवश्यक देखिएको छ ।

शिक्षक सेवा आयोगबाट आधारभूत तह (कक्षा १-५),आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहमा रिक्त शिक्षक दरबन्दीमा पदपुर्तिका लागि परीक्षा सञ्चालन गर्ने कार्य भइरहेको छ । शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ । शिक्षक सेवा आयोगको कामलाई थप प्रभावकारी बनाउन प्रदेशस्तरमा शिक्षक सेवा आयोग स्थापना गरि संस्थापन सुदृढीकरण गर्नु आवश्यक देखिएको छ । अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गरि प्रयोगमा ल्याउनु आवश्यक देखिएको छ । **शिक्षा तथा मानव स्रोत विकास केन्द्रको फ्ल्यास रिर्पोट २०२४** अनुसार कर्णाली प्रदेशमा १-५ मा स्थायि शिक्षक ५२९६ जना अस्थायि शिक्षक ६९८ जना राहत शिक्षक २१९६ जना रहेका छन ,६-८ मा स्थायि शिक्षक ९१० जना अस्थायि १२० जना र राहत शिक्षक ८३८ जना रहेका छन जस्मा आधारभूत तह १-५ मा महिला शिक्षक २७२० र पुरुष शिक्षक ५४२० जना रहेका छन भने आधारभूत तह ६ - ८ मा महिला शिक्षक ३४७ जना र पुरुष शिक्षका १५२१ जना रहेका छन साथै आधारभूत तह १ - ८ मा महिला शिक्षक ३११७ जना र पुरुष शिक्षक ६९४१ जना रहेका छन । निजि स्रोतबाट नियुक्त शिक्षक तह १-५ मा ४१ महिला र २०२ पुरुष गरि जम्मा जम्मा २४३ जना शिक्षक रहेका छन भने तह ६-८ मा १८२ महिला र ५०७ पुरुष गरि ६८९ जना शिक्षक रहेका छन भने तह १-८ मा महिला २२३ जना र पुरुष ७०९ गरि ९३२ जना शिक्षक कार्यरत छन यसै गरि शिक्षण

साहयता अनुदान साथै स्वयम सेवक शिक्षक सङ्घीय अनुदान बाट ३३ महिला र ११८ पुरुष गरि १५१ जना शिक्षक र प्रदेश अनुदानबाट ८ महिला ४० पुरुष गरि ४८ जना ,स्थानीय तहबाट ७७ महिला र २८८ पुरुष गरि ३६५ जना शिक्षक कार्यरत छन भने स्वयंम सेवक शिक्षकको रुपमा ७ महिला तथा १७ पुरुष गरि जम्मा २६ जना शिक्षक कार्यरत छन । माध्यामिक तह ९-१० मा स्थाय ५९८ जना अस्थायि ८९ र राहत ५४७ गरि शिक्षक कार्यरत जस्मा नेपाल सरकार द्वारा स्वीकृत महिला शिक्षक १५० जना छन भने माध्यामिक तह ११ -१२ मा अस्थायि १९८ जना राहत ३८८ जना शिक्षक कार्यरत छन जस्मा ६९ जना महिला शिक्षक छन,माध्यामिक तह ९-१२ मा स्थायि ५९८ जना अस्थायि २८७ जना र राहत ९३५ जना कार्यरत रहेका छन महिला शिक्षक २१९ जना कार्यरत छन । निजि स्रोतबाट नियुक्त शिक्षक तह ९-१० मा ४१ महिला २०२ पुरुष तह ११-१२ मा ९ महिला र ४८ पुरुष ,तह ९-१२ मा ५० महिला र २५० पुरुष शिक्षक कार्यरत रहेका छन यसैगरि सङ्घीय अनुदानबाट ३५ महिला र १९२ पुरुष,प्रदेश अनुदानबाट १ महिला र ३२ पुरुष ,स्थानीय तह ३९ महिला र १३५ पुरुष तथा स्वयंम सेवक शिक्षकका रुपमा २ महिला र १० पुरुष शिक्षक कार्यरत रहेका छन ।

**गाउँपालिका ईमिस रिर्पोट २०८० अनुसार** यस बराहाताल गाउँपालिकामा यस गाउँपालिकामा संचालित विद्यालयहरुमा प्राथमिक विद्यालयमा महिला ३९ र ६८ पुरुष गरेर जम्मा १०७ स्थायी शिक्षक दरवन्दी रहेको छ । महिला २७ र १६ पुरुष गरेर जम्मा ४३ राहत शिक्षक दरवन्दी महिला ४ र २ पुरुष गरेर जम्मा ६ करार शिक्षक रहेको छन् । निम्न माध्यामिक विद्यालयमा महिला ४ र १८ पुरुष गरेर जम्मा २२ स्थायी शिक्षक दरवन्दी रहेको छ । भने महिला ४ र १५ पुरुष गरेर जम्मा १९ राहत शिक्षक दरवन्दी रहेको छ । माध्यामिक विद्यालयमा महिला १ र ५ पुरुष गरेर जम्मा ६ स्थायी शिक्षक दरवन्दी रहेको छ । महिला १ र १२ पुरुष गरेर जम्मा १३ राहत शिक्षक दरवन्दी रहेको छ । उच्च माध्यामिक विद्यालयमा महिला ३ र ५ पुरुष गरेर जम्मा ८ राहत अनुदान शिक्षक रहेका छन् ।

## ४.२.३ शिक्षक तयारी

नेपालमा विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका वि.एड.,एम.एड.लाई नै शिक्षक तयारी कोर्स वा प्राज्ञिक योग्यता र व्यवसायिक योग्यता दुवै मानिएको छ । यस्ता पुर्व सेवाकालिन शिक्षक शिक्षा कार्यक्रमहरू त्रिभुवन विश्वविद्यालय,काठमाडौँ विश्वविद्यालय,पूर्वाञ्चल विश्वविद्यालय,नेपाल संस्कृत विश्वविद्यालय,मध्यपश्चिम विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयले सञ्चालन गर्दै आएका छन् । विश्वविद्यालय अनुदान आयोगको भ्ःक्ष्क् प्रतिवेदन,२०१९ अनुसार शिक्षक शिक्षा कार्यक्रममा सन् २०१८/०१९ मा भर्ना भएका ७५,९५७ विद्यार्थीमध्ये ३६,१६९ विद्यार्थीहरू त्रिभुवन विश्वविद्यलयअन्तर्गतका क्याम्पसहरूमा भर्ना भएका थिए । यसबाट शिक्षक शिक्षा कार्यक्रम सञ्चालनमा त्रिभुवन विश्वविद्यालयले ठुलो हिस्सा ओटेको छ । यी विश्वविद्यालयहरूमा शिक्षक शिक्षा कार्यक्रममा भर्ना भएका विद्यार्थीहरूमध्ये ठुलो हिस्सा अर्थात् ४८,४११ छात्राहरू रहेका छन् । विश्वविद्यालयका यी कार्यक्रममा उत्तीर्ण दर भने ज्यादै न्युन रहेको छ,जस्तैः सन् २०१८/०१९ मा भर्ना भई परीक्षामा सहभागी भएका परीक्षार्थीहरूमध्ये १६.६५ प्रतिशत विद्यार्थी नियमीत तर्फ उत्तीर्ण भएका थिए ।

शिक्षक सेवा आयोग नियमावली,२०५७ बमोजिम वि.एड. वा एम.एड. गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । विश्वका विभिन्न मुलुकहरूको अभ्यासलाई हेर्दा मुल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारीका छुटै कार्यक्रममा सहभागी भई सो पूरा गरेपछि मात्र शिक्षकका लागि योग्य मानिने प्रचलन पनि रहेका छन् । शिक्षा ऐन,२०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली,२०४९ र शिक्षक सेवा आयोग नियमावली,२०५७ मा भएको व्यवस्थाअनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तिर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरि १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तिर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरि एक वर्षे वि.एड. गरि अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । यसैगरि माध्यामिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर अनुमती पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आंएको छ ।

सोह्रौ योजनाले देशको लागि आवश्यक मानव पुजिँ निर्माणकोलागि दीर्घकालीन राष्ट्रिय आवश्यक जनशक्ति विकास योजना तर्मजुमा गरि यसका आधारमा शैक्षिक कार्यक्रम निर्माण गर्ने संयन्त्र र पद्धतिको विकास गर्ने । योजनाले शिक्षकको न्यूनतम् शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक नीति योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको भए पनि यो कार्य हुन सकेको छैन । राष्ट्रिय शिक्षा नीति,२०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरि सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्र्य सञ्चालन गरिने उल्लेख गरेको छ । यही मापदण्डका आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबिचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्ष विकास गरि कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ । यसैगरि विद्यालय तहको पाठ्क्रम र विषयहरू हेरेर प्रवेश परीक्षा सञ्चालन गरि छनौट भएका विद्यार्थीहरूलाई मात्र विश्वविद्यालयमा शिक्षक शिक्षा कार्यक्रममा भर्ना लिने व्यवस्था गर्नु उपयुक्त हुन्छ । विश्वविद्यालयका शिक्षक शिक्षा कार्यक्रमहरू एकातिर अनुसन्धान र अभ्यास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षण सम्बन्धी व्यवहारिक कुशलताको कमी देखिएको छ भने अर्कातिर सिमीत अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धी विषय अध्ययन गर्नु पर्ने भएकोले दुवै पक्षमा प्रयाप्त सिकाइ हुन नसक्ने अवस्था छ ।

परिवर्तित कक्षा ११ र १२ को पाठ्यक्रम सङ्काय संरचना नभएको अबको एक वर्षमा कक्षा १२ उत्तीर्ण गरि शिक्षक हुनको लागि कम्तिमा १ वर्षे शिक्षक तयारी कोर्ष व्यावस्था गरि सो पूरा गर्नुपर्ने व्यवस्था आवश्यक छ । तर दीर्घकालिन नीति भने आधारभूत तह र माध्यामिक तहको शिक्षक बन्नको लागि क्रमशः न्युनतम् शैक्षिक योग्यता स्नातक तह र स्नातकोत्तर तह उत्तिर्ण भई एक वर्ष शिक्षक तयारी कोर्स पूरा गरेको हुनुपर्ने गरि कानुनी व्यवस्था गर्न उपयुक्त हुनेछ ।

### ४.२.४ शिक्षणसिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ । विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षणसिकाइ विद्यार्थीकेन्द्रित,प्रविधिमैत्री,परियोजनामा आधारित,समूहकार्यमा आधारित,सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका नीति एकीकृत गर्दै प्रविधिमैत्री,व्यावहारिक र नतिजामूलक बनाउने उल्लेख गरेको अवस्था छ । नेपालमा विगत देखि हालसम्म सञ्चालित विभिन्न शिक्षा परियोजना,तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षाण सिकाइमा सुधार ल्याइ शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन । यसको फलस्वप विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउने,प्रविधिको प्रयोग गरि शिक्षण गर्ने,बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन । सह्रौ योजनाले सबै विद्यालयमा इन्टरनेटको पहँचु सुनिश्चितता: प्रधानाध्यापक तथा शिक्षकको पेसागत विकास व्यवस्था गर्ने; शिक्षक विद्यार्थी अनुपातको पनुरावलोकन गरि विषयगत आधारमा सबै विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीको व्यवस्था गर्ने; विश्वविद्यालयका प्रर्भावशाली विद्यार्थीलाई शिक्षण पेसामा सोझै प्रवेशको व्यवस्था; आधारभूत तहको पाठ्यक्रमलाई स्थानीय तहको ज्ञान,संस्कृर्ति,रहनसहन,स्वाबलम्बन विकास हनुगरि परिमार्जन गर्ने; नैतिक शिक्षा र सुशासन अभियानलाई सहयोग पुग्ने र बाल मनोविज्ञान अनुकूल हुनेगरि पाठ्यक्रमको अद्यावधिक गर्ने; विद्यार्थी सङ्ख्या तथा भौगोलिक दूरीलाई दृष्ट्रिगत गरि विद्यालयहरूलाई गाभ्ने र आवश्यकतानुसार आवासीय विद्यालयको व्यवस्था गर्ने; अनौपचारिक शिक्षा तथा आजीवन को प्रबन्ध गर्ने; स्थानीय तह मार्फत शिक्षक सहायता प्रणाली र विद्यालय सुपरीवेक्षणको प्रबन्ध गर्ने; हमाली क्षेत्रमा घुम्ति शिक्षा कार्यक्रम सञ्चालन गर्ने; सदाचारी जनशक्ति उत्पादन गर्नि गुरुकुल,आश्रम,गुम्बा,मदरसाजस्ता परम्परागत शिक्षाको मूलप्रवाहीकरण गर्ने; अर्नवार्य तथा नि:शुल्क शिक्षा ऐन कार्यान्वयनको लागि तिन तहका सरकारबिच समन्वय र सहकार्य गर्ने कुरा उल्लेख गरिएको छ । योजनाले शिक्षणसिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षाण व्यावस्था,कक्षाशिक्षण पद्धतिमार्फत पढाइ सिप प्रवर्धन गर्न उपयुक्त पाठ्यासामग्री,सन्दर्भ सामग्री,प्रयोगात्मक सामग्री,उपयुक्त कक्षाकोठा व्यावस्थापन लगायतको व्याबस्थामा जोड दिएको छ । विद्यालय क्षेत्र विकास योजना (२०७-३०७४/२०७७-०७८) ले शैक्षणिक अभ्यासको सुधारमार्फत नै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुन्छ भन्ने मान्याता बोकेको थियो । यो विद्यालय क्षेत्र विकास योजनाको एउटा रणनीति पनि हो । गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलापबाट शिक्षाको स्तरमा सुधारको अपेक्षा गर्न सकिन्छ । यस योजनाले बालकेन्द्रित तथा अन्तक्रियात्मक शिक्षण विधिका साथै सक्रिय सिकाइका तौरतरिकाको प्रयोगमा जोड दिएको थियो । यसमा बालकेन्द्रित शिक्षण विधिलाई छुट्टै पद्धतिका नीति नभइ गुणस्तरीय शिक्षाका लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अङ्ग बनाइने कुरा उल्लेख गरेको छ ।

विद्यालय क्षेत्र विकास योजना अबधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका थिय । यस अवधिमा शिक्षक पेसागत

विकास प्रमाणीकरण तालिम,छोटो अवधिको मागमा आधारित कष्टमाइज्ड तालिमहरू सञ्चालन गरि शिक्षणसिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरिएको थियो । हजारौँ शिक्षकले पेसागत विकास तालिम पाए तापनि शिक्षकले तालिममा सिकेका सिपको कक्षाकोठामा प्रयोग अपेक्षित हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरूले औँल्याएको अवस्था छ । तालिकामा सक्रिय सिकाइका तौरतरिकाहरूका बारेमा जानकारी हासिल गरे पनि कक्षाकोठाको अभ्यासमा रूपान्तरण हुन नसकेको अध्ययन प्रतिवेदनहरूले औँल्याएका छन । कतिपय विद्यालयको कमजोर भैतिक पूर्वाधार,उच्च गतिको इन्टरनेट सुविधाको कमी,स्रोतको कमी,विषयगत दक्ष,योग्य र उत्प्रेरित शिक्षकको कमी,शैक्षणिक सामग्रीको कमी,उपयुक्त कार्य वातावरणको कमी आदिका कारणले कक्षा कोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

## ४.२.५ शिक्षक पेसागत सहयोग पद्धति

ग्रामिण विकासका लागि शिक्षा परियोजना तथा प्राथमिक तथा आधारभूत शिक्षा परियोजना देखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमशः तिनको संङ्ख्या विस्तार गरि १०५१ स्रोत केन्द्रहरू मार्फत शिक्षक पेसागत सहयोग प्रदान हुदै आइरहेको थियो ।
स्रोत केन्द्रहरूले आफ्नो सेवाक्षेत्रका विद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई नया पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिका सम्बन्धी अभिमुखिकरण गर्ने शैक्षिक विषय वस्तुमा प्रदानाध्यापकहरूसँग नियमीत बैठक गर्ने,शैक्षिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धी कार्यशाला सञ्चालन गर्ने,कक्षा अबलोकन गरि पृष्ठपोषण प्रदान गर्ने,अतिरिक्त क्रियाकलाप सञ्चालनमा सहयोग गर्ने शैक्षिक योजनाहरू निर्माणमा सहयोग गर्ने शिक्षकहरू बिचको अन्तरक्रिया गराउने आदि कार्यहरू हुने गर्थे । तर सङ्घीय संरचनाको कार्यन्वयनसँगै स्रोत केन्द्र पद्धति विघटन भएको छ । राष्ट्रिय शिक्षा नीति,अनुसारको स्थानीय तहमा सेवा निवृत शिक्षकहरूलाई अध्यायन अनुसन्धान,शिक्षक सहायता,अनुगमन आदीमा प्रयोग गर्ने उल्लेख गरेपनि अनुभव हस्तान्तरणका कानुनी व्यवस्था मिलाउन सकिइएको छैन । दिगो विकास लक्ष्य (२०१६-२०३०) अनुसार सिकाइ आदान प्रदान,क्षमता विकास प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ सस्थाहरू बिच सञ्जाल विकास गर्ने अति कम विकसित मुलुकका लागि दिइएको सुविधाको उपयोग हुन सकेको छैन ।

## ४.२.६ शिक्षक क्षमता विकास कार्यक्रम

पेसागत नीति सक्षम,र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षणसिकाइमा सुधार आउन सक्छ । यसका निम्ती शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ र शिक्षकको पेसागत विकासका विभिन्न तौरतरिकाहरू छन । शिक्षक तालिम,कार्यशाला सेमिनार कन्फरेन्स,क्रियात्मक अनुसन्धान,शिक्षकहरूको

सिकाइ सञ्जाल,अवलोकन भ्रमण,मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेसागत विकास सम्भब हुन्छ । नेपालमा शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू संञ्चालन भए । शिक्षकको क्षमता अभिवृद्धि गरि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना सँगै सोअन्तरर्गत ९ ओटा प्रथमिक शिक्षक तालिम केन्द्रहरू स्थापना भएर ती तालीम केन्द्रहरूबाट सेवाकालिन प्राथमिक शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन गरिए । शैक्षिक जनशक्ति विकास केन्द्रमा माध्यमिक शिक्षा विकास केन्द्र गाभिएपछि शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गतका शिक्षक तालिम केन्द्रहरू (२९ ओटा ),अगुवा स्रोत केन्द्रहरू र स्रोत केन्द्रहरूमार्फत लामो तथा छोटो अवधिका शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन हुदै आए ।

शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने,प्रारूप बनाउने,तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षण सञ्चालन गर्ने कार्य यस शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट हुदै आएको छ । हाल प्रदेश स्तरिय शिक्षा तालिम केन्द्रले अनलाईन तथा अफलाईन बिधिबाट तालिम सञ्चालन गदै आइरहेको अवस्था छ । हाल सञ्चालनमा रहेको विद्यालय क्षेत्रविकास कार्यक्रमले शिक्षकको पेसागत विकासमा जोड दिएको छ ।

विद्यालय क्षेत्रविकास योजनावधिमा आधारभूत तथा माध्यमिक तहमा अध्यापन गर्ने विज्ञान,गणित,अङ्ग्रेजी विषयका शिक्षकहरूको शिक्षण क्षमता विकासका लागि टि.पि.डि तालिम सञ्चालनमा प्राथमिकता राख्ने कार्य भइरहेको थियो । शिक्षा तालिम केन्द्रले ठूलो स्ङख्यामा शिक्षकहरूलाई प्रमाणीकरण तालिम प्रखान गर्ने कठिन भएको अवस्था छ । यसैगरि शिक्षक तालिमलाई वास्तबिक आवश्यकतामा आधारित बनाउन तालिममा सिकेका ज्ञान तथा सिपहरूको कक्षाकोठामा प्रयोग गर्नमा समस्या देखिएको छ । यसका लागि बराहताल गाउँपालिकाको समन्वयमा बार्षिक नीति शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ

## ४.२.७ उद्देश्य

१ शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गरि शिक्षक तालिम,शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु र शिक्षक तयारीको गुणात्मकपक्षको पुनरावलोकन गरि तयारीको वर्तमान स्वरूप तथा प्रक्रियामा परिर्वतन गरि सक्षम शिक्षक आपुर्ति गर्नु ।

२. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणली स्थापना गर्नु ।

३. सबै तहमा शिक्षकहरूरूको योग्यता पुनरावलोकन गरि विषय बस्तुमा निपुर्ण शिक्षकको सुनिश्चिता गर्नु ।

४. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु ।

५. आवश्यक प्रोत्साहान,निरन्तर पेसागत विकास र सिकाइ आदनप्रदान कार्यक्रमका माध्यमबाट सबैतहमा सक्षम,प्रतिबद्ध र अभिप्रेरित शिक्षकको प्रबन्ध गर्नु ।

६.सुपरिवेक्षण,शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन गरि सान्दर्भिक र प्रभावकारी बनाउनु ।

७. शिक्षकको निरन्तर पेसागत विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय शिक्षक शिक्षासम्बद्ध संस्थाहरूसँग सञ्जाल विकास र अन्वेषण गर्नु ।

### ४.२.८ रणनीतिहरू

१. शिक्षक सक्षमता प्रारूपलाई अद्यावधिक गर्ने र यसलाई शिक्षक तयारी र छनौट प्रक्रिया आबद्ध गरिने।

२. वर्तमान शिक्षक शिक्षा कार्यक्रमलाई प्रयाप्त विषय बस्तुको ज्ञान र शिक्षण सिपमा केन्द्रित हुदै पुनरावलोकन गरिने

३. शिक्षक बिद्यार्थी अनुपातको आधारमा तहगत,क्षेत्रमा र विषयगत नीति शिक्षक दरबन्दी मिलान ÷दरबन्दी पुनर्वितरित तथा थप गरिने ।

४.प्रारम्भिक बाललिकास, पूर्व- प्राथमिक शिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उत्तिर्ण,कक्षा ४-८ का लागि स्नातक तह उत्तिर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उत्तिर्ण गरेको शिक्षकको योग्यता अद्यावधिक गरिने ।

५. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी सेवाकालिन तालिमलाई अनिर्वाय बनाइने ।

६. स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ । यसका लागि पालिकामा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकताअनुसार अनुभबी शिक्षकबाट सहयोग तथा मेन्टरिङ पद्धति विकास गरिनेछ ।

७. शिक्षकको उपस्थिति,नियमीतता र कार्यसम्पादनमा सुधार गरि नतिजाप्रति जवाफ देही हुने पद्धति विकासका लागि शिक्षक ताथा प्रदानाध्यापकको बृति विकासलाई बिद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरिने ।

८. रिक्त शिक्षक दरबन्दीमा पदपुर्ति नहुनजेल सम्म स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने ।

९. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।

१०. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल,विज्ञ समूह गठन,शिक्षक सिकाइ समूह,स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याइने ।

११. शिक्षकको उपस्थिति,नियमीत ता र कार्यसम्पादनमा सुधार गर्ने तथा शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरि नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

१२.निरन्तर विद्यार्थी मूल्याङ्कन,परियोजना तथा प्रयोगात्मक कार्यमा जोड दिने

१३.उपचारात्मक शिक्षण पद्धति,परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषण लिई शिक्षण सिकाइमा सुधार गर्ने

१४.कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन कमजोर सिकाइस्तर भएका विद्यार्थीका लागि विशेष सहयोग,

१५.अपाङ्गता भएका बालबाललिकाको सिकाइको सुनिश्चिता गर्ने

१६. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

## ४.२.९ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि तथा नतिजा

१. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई बिद्यार्थीको सिकाइ सुधार हुने ।

### ४.२.१० आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| शिक्षक पेसाप्रति आकर्षण नियुक्ति | | | | | | | | | | |
| १ | मेधावी बिद्यार्थीहरूलाइ सहज तरिकाले शिक्षण पेससामा प्रबेश गराउने गरि कानुनी व्यवस्था गर्न पहल गर्ने | प्रतिशत | १ | १ | | | | | १ | |
| २ | कार्यसम्पादनका आधारमा प्रोत्साहान तथा सुबिधा दिने । | जना | १०० | ० | ४० | ४० | ४० | ४० | १६० | ४० |
| ३ | शिक्षकको सरूवा बढुवालाई बस्तुनिष्ठ बनाउने गरि कानुनी व्यवस्थाका लागि पहल गर्ने । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | पाठ्यक्रममा आधारित आधारभूत तह कक्षा १-५ मा बहुकक्षा बहुस्तर,कक्षा शिक्षक ,आधारभूत कक्षा ६-८ र माध्यमिक तहमा विषयगत शिक्षक नियुक्ति गर्ने मार्गचित्र तयार गर्न माथिल्लो निकायमा पहल गर्ने | पटक | ३२ | ० | १० | १० | १२ | ० | ३२ | निरन्तर |
| ५ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गर्न पहल गर्ने । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| शिक्षक तयारी | | | | | | | | | | |
| १ | शिक्षण सिकाइ प्रक्रिया र मूल्याङकन बिधिमा सुधार गरि गुणस्तर सुधार गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | शिक्षक बन्नका लागि हालको योग्यतालाई बृद्धि गर्नका लागि पहल गर्ने | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्रारम्भिक बालविकास - पूर्व प्राथमिक शिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नाकोत्तर भएको सुनिश्चितता गर्ने मापदण्ड तथा कार्यविधि निर्माण तथा परिमार्जन र कार्यान्वयन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | अपाङगता भएका व्यक्ति,महिला,सीमान्तकृत वर्गका शिक्षकहरूलाई शिक्षक पेसामा सहभागी गराउन क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |
| नयाँ नियुक्ति पाएका शिक्षकहरूले विशेष तालिमको व्यवस्था गर्ने | | | | | | | | | | |
| | शिक्षण सिकाइ | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १ | नियमीत शिक्षण क्रियाकलाप प्रभावकारी बनाउन मापदण्ड विकास तथा कार्यान्वयन गर्ने । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | कमजोर बिद्यार्थीका लागि बिशेष सहयोगी कक्षा सञ्चालन गर्ने उपचारात्कम शिक्षण पद्धति लागु गर्ने । | विद्यालय | ५६ | ६ | २० | १० | १० | १० | ५६ | निरन्तर |
| ३ | दृष्टि समबन्धी अपाङगता भएका सबै बालबालिकाका लागि ब्रेललिपि लगायतबाट र श्रवण सम्बन्धी अपाङगता भएकालाई साङकेतिकलगायत बाट सिक्ने व्यवस्थाका लागि पहल गर्ने | विद्यालय | ५६ | ६ | २० | १० | १० | १० | ५६ | निरन्तर |
| ४ | प्रत्येक माध्यमिक विद्यालयमा एक पुस्तकालयको प्रबन्धगर्ने प्रत्येक आधारभूत कक्षामा पुस्तक कुनाको ब्यवस्था गर्ने | सङ्ख्या | ४७ | ० | २० | १० | १० | ७ | ४७ | निरन्तर |
| ५ | प्रत्येक विद्यालयमा कम्तिमा एक आइ सि टि ल्याबको प्रबन्धगर्ने | सङ्ख्या | ५६ | ० | ५६ | - | - | - | ५६ | निरन्तर |
| ६ | प्रत्येक बिद्ययालयमा विज्ञान उपकरण सामाग्रीयुक्त कम्तिमा | सङ्ख्या | २४ | ० | २४ | | | | २४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | एक विज्ञान प्रयोग शालाको व्यवस्था गर्ने | | | | | | | | |
| ७ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम धारको पढाइलाई व्यवहारिक र सिपमा आधारित बनाउन प्रयोगात्मक पक्षमा जोड दिने र यसकालागि सुबिधायुक्त प्रयोगशालाको प्रबन्ध गर्ने । | विद्यालय | २ | ० | १ | - | १ | - | २ | |
| ८ | योग्य,दक्ष र उत्प्रेरित शिक्षकको व्यवस्थाबाट शिक्षण सिकाइलाई बिद्यार्थी केन्द्रित परियोजनामा आधारित समूह कार्यमा आधारित प्रयोगात्मक कार्यमा आधारित बनाउने गरि शिक्षण तथा सिकाइ सामाग्री विकास गर्ने | विद्यालय | ५ | १ | १ | १ | १ | १ | १ | |
| ९ | प्रत्येक बिद्यलयमा उच्च गतिको इन्टरनेट सेवाको उपलब्धता मार्फत शिक्षण सिकाइमा सूचना तथा संचार प्रबिधिको सुरक्षित प्रयोगलाई बढाउने | सङ्ख्या | ५६ | १६ | १० | १० | १० | १० | ५६ | |
| १० | निरन्तर बिद्यार्थी मूल्याङकन प्रणलीमा सुधार गर्ने गरि सहजीकरण पुस्तिका विकास र अभिमुखिकरण गर्ने । | विद्यालय | ५६ | १६ | १० | १० | १० | १० | ५६ | |
| ११ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्तगर्ने परीक्षार्थीको नजिता बिश्लेषण गर्ने | विद्यालय | ५६ | १६ | १० | १० | १० | १० | ५६ | |
| १२ | बिद्यार्थीको सिकाइ सुनिश्चित गर्ने शिक्षकले काममा बिताउने समय सुनिश्चित गर्ने प्र.अ.लाई जिम्मेवार बनाउने । | जना | ५६ | ० | ५६ | - | - | - | ५६ | |
| १३ | सुपरिवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रध्यानाध्यापक अनुभवि शिक्षक वा मेन्टर विषय विज्ञ र समकक्षी शिक्षकबाट सुपरिवेक्षण गराउने गरि ३ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने । | जना | ४०० | ५० | ६० | ७० | ८० | ९० | २९० | ११० |
| शिक्षक पेसागत सहयोग पद्धती | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक पेसागत सहयोग मार्गदशन विकास तथा परिमार्जन गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| २ | कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकहरूको ई सञ्जाल समूह बनाउने । | समुह | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ३ | शिक्षक मेन्टरीङ कार्यक्रम सञ्चालनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | जना | २७० | ५ | १० | २० | २५ | ३० | ९० | १८० |
| ४ | असल अभ्यासको अवलोकन भ्रमण गराउने । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | सिकाइ आदान प्रदान,क्षमता विकास,प्रबिधि हस्तान्तरण र ज्ञानको संञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तराष्ट्रि सङ्घसंस्थाहरूको बिच सञ्जाल विकास गर्ने । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | विद्यालयमा आधारित नियमीत र प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण संयन्त्र विकास गरि कार्यन्वयन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | प्रध्यानाध्यापकबाट नियमीत रूपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने । | पटक | २० | २ | ४ | ४ | ४ | ४ | १८ | निरन्तर |
| ८ | शिक्षकलाई प्रामर्श कार्य गर्न,अध्ययन अनुसन्धान,अनुगमन गर्ने तथा विज्ञ सेवा प्रदान गर्नका लागि स्थानीय तहमा सेवा निवृत्त विज्ञ टोली गठन गर्ने | सङ्ख्या | १०० | ० | २५ | २५ | २५ | २५ | १०० | |
| ९ | सहपाठीकक्षा अवलोकन गर्ने प्रत्येक शिक्षकले प्रत्येक महिनामा कम्तिमा २ ओटा कक्षा अवलोकन र पृष्ठपोषण आदान प्रदान  कार्यकार्यक्रम संचालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| शिक्षक पेसागत विकास | | | | | | | | | | |
| १ | शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरि विद्यालयमा आधारित शिक्षक सहायता पद्धति स्थापना गर्ने | विद्यालय | ५६ | ० | ५६ | - | - | - | ५६ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | बालमनोवैज्ञानिक सिकाइ सिप,आधारभूत तह कक्षा १ देखी ५ मा पठाउने शिक्षकका लागि कक्षा शिक्षण सम्बन्धी अन्तरसम्बन्धित विषय बस्तुलाई समेत समेटी मागमा आधारित छोटो अवधिको तथा पुनर्ताजगी अनलाईन र अफलाईन शिक्षक तालिम सञ्चालन गर्ने | शिक्षक | ४०० | ५० | ६० | ७० | ८० | ९० | ३५० | ५० |

## ४.३. शैक्षिक समता र समावेशिकरण

### ४.३.१ परिचय

नेपाल सामाजिक-सास्कृतिक विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक,सांस्कृतिक तथा जात जातिगत समुदायहरूको बसोबास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सार्मथ्यका रुपमा लिने गरिनेछ भने अर्कोतिर ऐतिहासिक रुपमा यही भिन्नतका आधारमा सामाजिक विभेद र बञ्चितिकरणमा परेका समुदायहरू पनि छन् । उदाहरणका लागि दलित तथा सिमान्कृत समुदाय ,नेपाली बाहेक अन्य मातृभाषा समुदाय,अल्पसंख्यक सास्कृतिक समुदायहरू ऐतिहासिक नीति सामाजिक,आर्थिक तथा शैक्षिक बञ्चितिकरणमा पर्न गई अहिले सम्म पनि यस्तो बञ्चितिकरणको असर कुनै न कुनै नीति देखिने गरेको छ । भौगोलिक क्षेत्रगत,आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच,सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैगरि विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेको बालबालिकाहरूमा शिक्षाको पहुँच पुर्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ । उल्लिखित विविधता भएको नेपाली समाजमा विविधतालाई पहिचान दिनु,सम्मान गर्नु,सेलीब्रेसन गर्नु र व्यक्तिगत भिन्नताको कदर गरि विविधतालाई प्रोत्साहित गर्नु आवश्यक छ । बालबालिकामा भएका उल्लिखित लगायतका भिन्नताले पहुँच,सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरि समता कायम गर्नु आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरि अवसर असमान हुनाका कारण पहिचान गरि तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्धगर्नु पर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नु पर्दछ । यस प्रकारको शिक्षामा विविधता,समता र समावेशीताको प्रवर्धन गर्नु आवश्यक छ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

समता तथा समावेशीतासम्बन्धी केही रणनीति तथा क्रियाकलापहरू प्रारम्भिक बालबालिकास तथा शिक्षा,आधारभूत शिक्षा र माध्यामिक शिक्षा लगायत अन्य अन्तर सम्बन्धीत विषयगत खण्डमा पनि समावेश गरएिको भए पनि उल्लिखित उप क्षेत्रसँग अन्तर सम्बन्धीत महत्वपूर्ण विषयका रुपमा यसलाई यस परिच्छेदमा अलग्गै प्रस्तुत गरि योजनाको समग्र खाका समावेश गरएिको छ । त्यसैले अन्य खण्डमा समावेश भएका रणनीति तथा क्रियाकलापहरूको सम्बन्धीत उपक्षेत्रको समग्र क्रियाकलापलाई सङ्गठित र अन्तरसम्बन्धीत गर्न सहयोग गरे तापनि समता तथा समावेशीता सम्बन्धी समग्र योजना विकास गरि अरू उपक्षेत्र सँग सम्बन्धीत गराउन यसले सहयोग गर्ने छ । सोह्रौ योजना समेत गुणस्तरिय शिक्षा स्वास्थ्य तथा सिप विकासका सबै क्रियाकलापमा सबै लिङ्ग वर्ग क्षेत्र र समुदायका नागरिकहरुलाई अवसर सुनिश्चित गर्दै सक्षम मानव पुजी निर्माण गर्ने तथा प्रारम्भिक बालबिकास देखि सबै तह र प्रकारको शिक्षालाइ पहुचँयोग्य समावेशी र गुणस्तरिय समयसापेक्ष एवम् जीवनोपयोगी बनाइ सक्षम तथा प्रतिस्पर्धी जनशक्ति मार्फत मुलुकको समग्र विकासमा योगदान पुर्याउने रहेको छ ।

## ४.३.२ वर्तमान अवस्था

समाजमा विविध किसमका नागरिकहरु हुने हुन्छन । सबै को सहज पहुँचमा शिक्षाका अवसर पाउन अपाङ्गता,भूगोल,आर्थिक तथा सामाजिक रुपमा पछाडि पारिएका व्यक्ति समूहको समान समतापूर्ण सहभागिता सुनिश्चित गर्नु नेपालको सम्बिधानले परिकल्पना गरेको शिक्षामा पहुँच र सहभागिता मौलिक हकको रुपमा रहेको कुराको सम्मान हुनेछ । समानता र समता तथा सहभागिता स्थान विशेषमा फरक फरक हुने भएकोले यसलाई सहि तवरले कार्यान्वयन गर्नु चुनौतिपूर्ण भएको भएपनि स्थानीय तहको सरकारबाट हुनु पर्नेछ । विभिन्न कारणले अझै पनि दलित अल्पसंख्यक विपन्न तथा अपाङ्गता भएका र दुर्गम भूगोलमा वसोवास गर्ने बालबालिकाहरुका लागि शैक्षिक पहुँच समान अवसरको रुपमा पुगेको देखिदैन । शिक्षाको पहुँच गुणस्तरमा समता भावले काम गरेर सबै को सहभागिता सुनिश्चित गर्नु पर्ने देखिन्छ । शिक्षा आफैंमा एक सामाजिक कार्य भएकोले शिक्षामा सबै को पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने अति छ ।
**गाउँपालिका IMEIS प्रतिवेदन - २०८१** अनुसार यस बराहताल गाउँपालिकामा रहेका ५६ वटा सामुदायिक विद्यालयहरुमा सबै तहका जम्मा ६४६५ जना छात्रछात्र रहेका छन जस्मा २४०६ जना दलित र जनजाती १८१२ जना। जम्मा बिद्यार्थीमा छात्रा ४२१८ जना रहेका छन । **बराहाताल गाउँपालिका IMEIS २०८० अनुसार** यस गाउँपालिकामा प्राथमिक विद्यालयमा महिला ३९ , २७ जना महिला राहत शिक्षक,४ करार महिला शिक्षक रहेको छन् । निम्न माध्यामिक विद्यालयमा ४ जना महिला स्थायी शिक्षक कार्यरत रहनुभएको छ । भने ४ महिला राहत कार्यरत हुनुहुन्छ। माध्यामिक विद्यालयमा १ महिला स्थायी शिक्षक कार्यरत रहनुभएको छ। १ महिला राहत शिक्षक कार्यरत रहनु भएको छ। उच्च माध्यामिक विद्यालयमा ३ महिला शिक्षक रहेका छन् ।

विभिन्न किसिमले सामाजिक र आर्थिक रुपमा पछाडी परेका बालबालिकाहरुको लागि विभिन्न किसिमका सहयोगहरु प्रदान गरिएको छ । विभिन्न कारणहरु जस्तै आर्थिक अवस्था,सामाजिक अवस्था तथा अन्य लैंगिक अवस्थाका कारण विद्यालयको सेवा र पहुँच भन्दा बाहिर रहेका बालबालिकाको लागि विद्यालय तथा शिक्षाको पहुँचमा ल्याउनको लागि छात्रवृति,शैक्षिक सेवा तथा परामर्शहरु र सङ्घीय सरकारबाट प्राप्त दिवा खाजा र छात्रबृति आवश्यकता अनुसारको अन्य शैक्षिक सामग्री प्रदान गर्ने कार्य गरिएको छ । विद्यालय सेवा क्षेत्र भित्र रहेका हरेकलाई विद्यालयको सेवाको पहुँचमा ल्याउनका लागि यस गाउँपालिकाले हर प्रयास गरेको छ । गाउँपालिकाले अपाङ्गता भएका बालबालिकाको एकिन तथ्याङ्क संकलन तथा अद्यावधिक गरि वर्ग अनुसारको परिचय पत्रको प्रभावकारी व्यवस्था,अपाङ्तामैत्री भौतिक संरचना शौचालय खानेपानी फर्निचर लगायतका पूर्वाधारको अभाव,तथा अपाङ्गता भएका बालबालिकाको लागि सहजिकरण गर्न शिक्षक तालिम तथा शैक्षिक सामग्रीहरुको अभाव जस्ता चुनौतीहरु रहेका छन । शिक्षामा सबै तहको लगानी वृद्धि गर्ने दिवा खाजा,छात्रावृत्ति लगायत विद्यार्थी सहुलियत कार्यक्रमलाई एकिकृत प्रणाली बमोजिम कार्यान्वयन गर्ने उच्च शिक्षामा लगानी साझेदारीको नीति अवलम्बन गर्दै शिक्षामा निजी क्षेत्र र विकास साझेदार तथा गैर आवासीय

नेपालीको स्रोत समेत परिचालन गर्ने; योजनाको अन्त्यसम्ममा कुल बजेटको २ प्रर्तशत बजेट अनुसन्धान तथा विकासमा लगाउन; उच्च शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरि दूर सिकाइलाई प्राथमिकतामा राखेर दुर्गम र प्रदेशका विद्यार्थीलाई समेत अध्ययन गर्न सकिने गरि प्रणालीको विकास गर्ने; अटिज्म लगायत सबै प्रकारका अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहँचु सनुनिश्चित र उद्यमशीलता विकास गर्ने । विभिन्न कारणले अपाङ्गता भएका विद्यार्थीहरुलाई आधारभूत तहको शिक्षा स्थानीय विद्यालयमै उपलब्धता माध्यामिक र उच्च शिक्षा मार्फत चौतर्फी विकास हुने गरि प्रदेश वा आवश्यकता अनुसार अन्य शहरमा विशेष आवासीय विद्यालयको व्यवस्थापन गर्ने ।

### ४.३.३ उद्देश्य

१. महिला,दलित,जनजाती,लोपोन्मुख समुदाय,अपाङ्गता भएका,कठिन भौगोलिक अवस्थामा रहेका,जोखिममा परेका,आर्थिक रूपले विपन्न,द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्याउने,
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुनिश्चित गर्ने,
३. विविधता,समता एवम् समावेशी शिक्षाका मूल्य,मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने,
४. शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने,
५. पाठ्यक्रम,पाठ्यसामग्री,शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमा विविधता,समता तथा समावेशीता अभिवृद्धि गरि विद्यालयलाई बालमैत्री बनाउने,
६. विद्यालयमा कुनै पनि प्रकारको विभेद,दुव्र्यवहार,हेपाई नहुने सुनिश्चितता गर्ने,
७. मैत्रीपुर्ण भौतिक संरचनाहरु निर्माण गर्ने ।

### ४.३.४ रणनीतिहरू:

१. घरधुरी सर्वेक्षण गरि बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरि सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने,

२. सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरि विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने,

३. आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरि पहुँच सुनिश्चित गरिने,

४. स्थानीय पाठ्यक्रम माफत तथा अन्य तवरले शिक्षण सिकाइमा स्थानीय भाषा,संस्कृति,भूगोल,इतिहास,ज्ञान तथा सिप समावेश गरिने,

५. सहयोगको आवश्यकता भएका बालबालिकाको लागि आवश्यकता अनुसार पोशाक,स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रबृत्ति उपलब्ध गराइने,

६. सिकाई क्रियाकलापलाई सहभागितामूलक बनाइ विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने,

७. विद्यालयमा कुनै पनि प्रकारको विभेद,दुव्र्यवहार,हेपाइ नहुने वातावरणको सिर्जना गरिने,

### ४.३.५ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धिः

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने

### ४.३.६ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. स | शिक्षामा समता र समावेशीकरण | आधार बर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ५८ | ४० | २५ | १० | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सुचक | ०.९८ | ०.८ | ०.७ | ०.६ | ०.५ |
| ३ | माध्यामिक तहमा ९-१० विद्यालय बाहिर रहेका किशोर किशोरीहरुको सङ्ख्या | ३८ | २८ | १८ | १० | ० |
| ४ | माध्यामिक तहमा लैङ्गिक समता सुचक | १.०१ | ०.९ | ०.६ | ०.५ | ० |
| ५ | पाठ्यक्रम,पाठ्यसामग्री,शिक्षण सिकाई प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता,समता र समावेशिता अभिवृध्दी भएका विद्यालय | ० | १५ | १५ | १५ | ११ |
| ६ | अपाङ्गता,गरिब,विपन्न,अभिभावक विहिन,बेसहारा बालबालिकाहरूको अलभिलेख अद्यावधिक गरेका विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ७ | विविधता,समता एवंम समावेशी शिक्षाका - मान्यता अनूकूल शैक्षिक सुशासन कायम भएका विद्यालय | ५६ | २० | १० | १० | १६ |
| ८ | लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ती एव प्रोत्साहन वितरण गरेका वद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ९ | महिला,दलित,जनजाती,लोपोन्मुख समुदाय,अपाङ्गता भएका,कठिन भौगोलिक अवस्थामा रहेका,जोखिममा परेका,आर्थिक रूपले विपन्न,द्धन्द प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्न समान अवसर दिने | ५६ | ५६ | ५६ | ५६ | ५६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विद्यालय | | | | | |
| १० | लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर कायम गर्न सफल विद्यालय | १० | २० | १० | १० | ६ |
| ११ | विविधता,समता एवम् समावेशी शिक्षाका मूल्य,मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार गरेका विद्यालय | ० | १५ | १५ | १५ | ११ |
| १२ | सबै विद्यालयहरू विभिन्न तबरमा मैत्रीपुर्ण भएका विद्यालय | ५ | १० | १० | १० | १० |

## ४.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | शिक्षाको मूल प्रवाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथयाङ्क संकलन र बिश्लेषण गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | सबैप्रकारका विभेदको अन्तकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ३ | लक्षित बर्गको लागि छात्रवृत्ती वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | विद्यालयमा गनुासो सनुवुाई अधिकारीको व्यवस्था सहित प्रणालीको व्यवस्था गर्ने | विद्यालय | ५६ | १० | २० | १६ | १० | ० | ५६ | निरन्तर |
| ५ | विद्यालयमा विभिन्न प्रकारका बालक्लब गठन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ६ | विद्यालयमा जिम्मेवारी सहितको लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने | विद्यालय | ५६ | ० | २० | १६ | १० | १० | ५६ | निरन्तर |
| ७ | विद्यालय बाहिरका बालबालिकाहरू रहेका विपन्न दलित,समदुायमा विव्यस,अभिभावक,शिक्षकहरूको संलग्नतामा घरदैलो कार्यक्रम सञ्चालन | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| ८ | बालिका तथा समावेशी शिक्षा सञ्जाल सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ९ | लागु पदार्थ दुर्वयशनी सचेतना कार्यक्रम संचालन ( आ.वि र मा.वि ) | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | छात्राहरुका लागि लन नि; शुल्क सेनेटरी प्याड वितरण | महिना | ६० | १ | १२ | १२ | १२ | १२ | ४९ | ११ |
| ११ | दलित तथा अलत विपन्न छात्राहरूलाई सरकारी तथा सार्वजनिक सेवामा पहुँच पुर्याउन सहयोग कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | आवश्यकता अनुसार समता र समावेशीरूपमा पेशागत तालिमको व्यवस्थापन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १३ | विपन्न दलित,लोपोन्मुख र अति विपन्न छात्राहरूलाई उच्च शिक्षा अध्ययन छात्रवृत्ति व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको शैक्षिक पहुँच,सहभागिता र सिकाई स्तर अभिवृध्दी गर्ने र उनीहरूको स्वास्थय तन्दुरुस्त राख्न सामुदायिक विद्यालयमा खाजा कार्यक्रम सञ्चालित छ। तात्कालिक रूपमा बालबालिकाको भोक न्युनिकरण गर्दैउनीहरूको पोषण तथा स्वास्थय स्थितिमा सुधार गरि शैक्षिक पहुँच,सहभागिता,निरन्तरता र सिकाई स्तर समेत अभिवृध्दी गर्ने दिर्घकालीन लक्ष्यका साथ दिवा खाजा कार्यक्रम आधारभूत विद्यालय तहमा विगत केही वर्ष देखि कार्यान्वयनमा छ।यसको दायरा प्रतिवर्ष विस्तार हुदैगएको छ। नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा नि:शुल्क हुनेछ र प्रत्येक नागरिकलाइ खाद्य सुरक्षा समेत प्रत्याभतू गरेको छ।दिगो विकासका लक्ष्यमा गरिबी न्युनिकरण,भोक उन्मुलन र सबैलाई गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्नेराष्ट्रिय प्रतिबद्धता व्यक्त गरेरएको छ । आर्थिक रूपमा विपन्न,मानव विकास सूचकाङ्कमा पछि परेका समदुायका बालबालिकालाई दिवा खाजासहित नि:शुल्क शिक्षा सुनिश्चित गरिने व्यवस्था अनिवार्य तथा नि शुल्क शिक्षा ऐन २०७५ गरेको छ । विद्यार्थीको स्वास्थय तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता,शैक्षिक उपलब्धि,गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्नेक्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थय तथा पोषणको अवस्था राम्रो बनाइनु आवश्यक हुन्छ । विद्यालयमा हुने सरसफाई तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थयमा सकारात्मक प्रभाव पर्ने भएको हदु आवश्यक परिपाटीको व्यवस्था मिलाउनु सम्बन्धित स्थानीय तह र विद्यालयको जिम्मेवारी भित्र पर्दछ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाई तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समदुायमा पनि यसले सकारात्मक प्रभाव पर्ने भएको हुदा आवश्यकता अनुरुप सरसफाई र स्वच्छतामा सुधार आवश्यक छ । यस बराहाताल गाउँपालिका अन्तरगतका विद्यालयहरूमा भर्ना दर वृध्दि गर्ने,शिक्षाको पहुँचमा पुर्याउने,स्वास्थ्य,पोषणमा सुधार ल्याउने,कक्षा छोड्ने र दोहोर्याउनेको अन्त्य गर्ने,नियमीत ता गराउने र सामुदायिक विद्यालयमा आकर्षण गराउने उध्देश्यले बालबालिकालाई दिवा खाजा उपलब्ध गराउँदै आएका छन । दिवा खाजासहित स्वास्थय तथा पोषण कार्यक्रम अन्तरगत विभिन्न प्रयासहरूको बाबजुद यस गाउँपालिका अन्तरगतका विद्यालयहरूमा दिवा खाजा,स्वास्थय तथा पोषण र सरसफाई तथा स्वच्छताका प्रभावकारीतालाई अझैव्यवस्थापन गर्नु पर्ने सबैविद्यालयमा स्वास्थय कमीको व्यवस्था गर्नु पर्ने विद्यालय खाजाका लागि उपयक्तु स्वरूप निर्धारण गरि पौष्टिकतथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्नु पर्ने विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्नुपर्ने र सरसफाई तथा स्वच्छताका लागि मापदण्ड विकास गरेर कार्यान्वयन गर्नुपर्नेजस्ता चनुौतीहरू पहिचान गरिएको छ । संविधानले प्रत्याभुत गरेको निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागी बनेको निशुल्क तथा अनिवार्य आधारभूत ऐन,२०७५ एवं नियमावली,२०७७ ले दिवा खाजा प्रावधानलाई कानुनी रुपमा स्थापित गरेको छ । बालवालिकाको वृद्धि विकास र सिकाईका लागी

पौष्टिक खाना तथा खाजा निर्णायक हुने कुरा अध्ययन अनुसन्धान बाट पुष्टि गरिएको छ । खाना भोक मेटाउनका लागि मात्र नभई शरीरलाई आवश्यक पर्ने पोषक तत्व आपूर्तिका लागि आवश्यक छ ।

स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ भन्ने मान्यतालाइ आत्मसाथ गर्दै नेपाल सरकारले आ.व २०७७/२०७८ देखी सबै सामुदायिक विद्यालयहरुमा बालबिकास देखी कक्षा ५ सम्मका सबै विद्यार्थीहरुका लागी दिवा खाजा सञ्चालन गर्नका लागी बजेट विनियोजन गरिएको छ । विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले गुणस्तरिय जीवन जिउन सहयोग गर्नुका साथै समाजका विभिन्न पक्षमा योगदान गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्न सहयोग गर्ने भएकोले स्वास्थ्य तथा पोषण सम्बन्धि ज्ञान प्रदान गर्नु आवश्यक छ । विद्यार्थीहरुले स्वास्थ्य तथा पोषण सम्बन्धि आवश्यक ज्ञान हासिल गरि उक्त ज्ञानको अभ्यासले आफ्नो घर परिवार तथा समुदायमा सकारात्मक प्रभाव पार्दछ । नेपाल सरकारले देशै भरिका सबै प्रारम्भिक बाल विकास र शिक्षा देखि कक्षा ५ का सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रम सञ्चालन गरेको छ,विद्यालयहरुले दिवा खाजाका लागि स्वयंम मेनु तयार गरेका छन भने ११.९ प्रतिशत विद्यालयले मात्र CEHRD द्वारा प्रदान गरिएको मेनु,अनुसार पनि दिवा खाजा कार्यक्रम सञ्चालन गरेका छन । मध्यान्नको प्रावधानको सन्दर्भमा ६३.५ प्रतिशत आधारभूत (१-५) विद्यालयहरूले आफ्नै सुविधाहरू अनुसार यस कार्यक्रमको सञ्चालन गरेका छन् यो समयमा मध्यान्ह भोजन कार्यक्रम व्यवस्थापन गर्न आधारभूत (१-८) विद्यालयहरूको हकमा ५८.४ प्रतिशत छ । यस बराहताल गाउँपालिका अन्तरगतका ५६ वटै सामुदायिक विद्यालयहरुमा नेपाल सरकारको पन्ध्रौ योजनामा बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तरगत विद्यालयमा आधारित पोषण कार्यक्रमलाई महत्व दिएको थियो भने सोह्रौ योजनामा सोही कार्यक्रमको तेस्रो कार्यान्वयनमा उच्च प्राथमिकताका आधारमा सुक्ष्म पोषक तत्वको कमिलाइ कम गर्न सप्लिमेन्ट,फोर्टिफिकेसन तथा खाध्य विविधिकरणमा स्थानीय एवम् रैथाने खाध्यान्नमा उत्पादन गर्ने, खाध्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न मौलिक एंवम रैथाने उत्पादनमा जोड दिने प्रकृति मैत्री उत्पादन प्रणालीलाइ अनुसरण गर्दै दिगो उपयोगको पद्धति अवलम्वन गर्ने कुरा उल्लेखगरिएको छ ।

### **४.४.२ उद्येश्य** :

१. बालबालिकालाई स्वस्थ्य एवं पौष्टिक आहार प्राप्तिको सुनिश्चितता गर्नु ।

२. स्वास्थय,पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धि सेवाको गुणस्तर वृद्धि गरि सिकाई उपलब्धि स्तर वृद्धि गर्नु

३. बालबालिकाको शारीरिक,मानसिक तथा संवेगात्मक पक्षको विकास गर्नु ।

### **४.४.३ रणनिती** :

१. विभिन्न सुविधाहरुको विस्तार गरि दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्ने ।

२. सबै विद्यालयहरुमा प्रयाप्त स्वच्छ पिउने पानिका साथै सफाइ सामाग्री व्यवस्थापन गर्ने ।

३. दिवा खाजा व्यवस्थापनका लागी स्थानीय स्तरको कृषि उत्पादित वस्तुलाई प्राथमिकता दिईने ।

४. दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रमलाई दिगो र प्रभावकारी बनाउन तिनै तहका सरकारसँग साझेदारी,

५. अभिभावक सक्रियता र गैह सरकारी संस्थाहरुसँग आवश्यक सहयोगका लागी पोषण अन्तरगत न्यून रकमलाई वृद्धि गर्नका लागी आवश्यक तयारी गर्ने ।

६. सबै विद्यालयहरुमा सफाई सामाग्री सहित शौचालयको व्यवस्थापन गर्ने ।
७. विद्यालयमा स्वास्थ्य परिचालिकाको व्यवस्था गरि आवश्यक पर्ने प्राथमिक उपचार किट,विद्यार्थीहरुको आवधिक स्वास्थ जाँचका साथै छात्राहरुका लागी महिनावारी स्वच्छताको व्यवस्थापनलाई प्रभावकारी बनाउने ।
८. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयाप्त पानी,साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल,किशोरीहरूका लागि चेन्ज रुम,प्रयोग भइसकेका सामग्री व्यवस्थापन,
९. हात धुने ठाउँ,स्वच्छ खानेपानी,कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने
१०. विद्यालयमा अतिरिक्त क्रियाकलाप,खेलकुद र पोषण व्यवस्थापनका लागी आवश्यक कार्यक्रम सञ्चालन गर्ने

## ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा :

उपलब्धि

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार भई पोषण अवस्थामा सुधार हुनुका साथै शारीरिक,मानसिक तथा संवेगात्मक विकासमा सुधार आई विद्यार्थीको भर्ना दरमा वृद्धि हुनुका साथै विद्यार्थीको उपस्थितिमा नियमीत ता भई कक्षा तथा विद्यालय छोड्ने दर कमि हुनेछ ।

४.४.५ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र .सं. | प्रमुख नतिजा | आधार बर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | सबै विद्यालयमा दिवा खाजा स्वास्थ्य तथा पोषण र सरसफाइ सम्वन्धि कार्यक्रम संचालन गर्ने | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| २ | स्वास्थ्य तथा पोषण र स्च्छता सम्वन्धि मापदण्ड तर्जुमा तथा कार्यन्वयन | १० | १० | १० | १५ | ११ |
| ३ | दिवाखाजा तथा पोषण सम्बन्धि चाहिने आवश्यक सामाग्री आपूर्तिको लागी स्थानीय कृषक समूहलाई तालिम तथा सहयोग | ० | १० | १५ | २० | ११ |
| ४ | प्रयाप्त शुद्ध पिउने पानी तथा सफाइ सामग्री व्यवस्थापन | १० | १० | १० | १५ | ११ |
| ५ | महिनावारी स्वच्छताका लागी आवश्यक सुरक्षित व्यवस्थापनमा सहयोग | १० | १५ | १५ | १० | ६ |
| ६ | कक्षा ६ देखि कक्षा ८ सम्म दिवा खाजाको व्यवस्थापन | ० | २४ | २४ | २४ | २४ |
| ७ | विद्यार्थीको भर्नादरमा वृद्धि विद्यालय सङ्ख्या | ० | २० | १६ | १० | १० |
| ८ | समुदायिक विद्यालयका विद्यार्थीको स्वास्थ्य तथा | ५० | ६० | ७० | ८० | ९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पोषणमा सुधार प्रतिशत | | | | | |
| ९ | कक्षा छोड्ने र कक्षा दोहोर्याउने दरमा कमि | ५० | ६० | ७० | ८० | ९० |
| १० | विद्यार्थीलाइ नियमीत विद्यालयमा उपस्थित गराउने विद्यालय सङ्ख्या | २० | १० | १० | ७ | नियमीत |
| ११ | विद्यार्थीहरुलाई शारीरिक,मानसिक तथा संवेगात्मक पक्षमा स्वस्थ बनाई गुणस्तरिय शिक्षा प्रदान गर्ने विद्यालय सङ्ख्या | १० | १६ | १० | १० | १० |

४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | दिवा खाजाका लागि आवश्यक सामग्रीको व्यवस्थापन | विद्यालय | ५६ | ६ | ६ | ६ | ६ | ६ | ३० | २६ |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध गर्ने विद्यालय | विद्यालय | ५६ | ६ | ६ | ६ | ६ | ६ | ३० | २६ |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी,किसान समूहलाई तालिम तथा सहयोग | जना | २५० | ३० | ३० | ३० | ३० | ३० | १५० | १०० |
| ४ | दिवा खाजाको लागि आवश्यक भान्सा सहित भान्सेको व्यवस्थापन विद्यालय स्तरमा | वटा | ४७ | ५ | १० | १० | १० | १० | ४५ | २ |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयाप्त पानी,साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | वटा | ४१ | ६ | ६ | ६ | ६ | ६ | ३० | ११ |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको उपलब्धता र वातावरणमैत्री व्यवस्थापन | वटा | ५६ | ३३ | ३३ | ३३ | ३३ | ३३ | ३३ | २३ |
| १० | आवधिक स्वास्थ्य जाँच,जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्र्यावलेटहरू (भिटामिन ए र आइरन,फोलिक एसिड आदि प्रदान) | वटा | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | निरन्तरता |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान | वटा | ५६ | ६ | १० | १० | १० | १० | ४६ | १० |
| १२ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रयोग सम्बन्धि अन्तरक्रिया र पुनर्ताजकि तथा तालिम | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

## ४.५ विद्यालयमा सुरक्षा,विपत् न्यूनिकरण तथा उत्थानशिलता

### ४.५.१ वर्तमान अवस्था

आपतकालिन तथा संकटपर्ण अवस्थामा बालबालिकाले सिक्न पाउने अधिकारको सुनिश्चतताको लागि आपतकालिन तथा संकटकालिन अवस्थामा शिक्षाको सन्दर्भ जोडिएको हुन्छ । यस अवधारणा अन्तर्गत शिक्षा क्षेत्रमा देखापर्ने सम्भावित जोखिमको पूर्वतयारी,आपतकालिन अवस्थामा क्षति कम हुने गरि तत्काल विद्यालय तहको शिक्षा सेवाको सुचारुपनाको व्यवस्थापन,आपतकाल पश्चात क्षतिको आपूर्ण सम्वन्धि कार्य ढाचाँलाई समेटेर यो उप क्षेत्र अन्तर्गत उद्देश्य,रर्णनीतिहरूको तर्जुमा गरिएको छ । प्राकृतिक तथा मानवीय प्रकोप,कोभिड-१९ को कारण बालबालिकाको सिकाइ र शिक्षा प्राप्त गर्ने अधिकारमा अवरोध पुगेको अवस्थाबाट पाठ सिकी आपतकालिन अवस्थामा शिक्षाको कार्यढाचाँ निर्माणको कार्य,यो योजनाको खण्डमा समावेश गरिएको छ ।
द्वन्द,महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाइ आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रूपमा लिने गरिन्छ । यसको मूल उद्देश्य् विभिन्न कारणले उत्पन्न संकटकालिन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति,परिवार तथा समुदायको जीवन रक्षा,प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन,सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निवार्ध रूपमा क्रियाशिल हुनेगरि शैक्षिक कार्यक्रमहरुको तयारी तथा सञ्चालन गर्नु हो ।

आपतकालिन तथा सङ्कटपूर्ण परिस्थितिमा बालबालिकाहरूले प्राप्त गर्न पाउनुपर्ने विद्यालय तहको शिक्षाको अधिकारलाई सुनिश्चितको लागी माथि उल्लेखित विद्यमान नीतिगत व्यवस्था भएतापनि स्थानीय तहको शिक्षामा कार्यान्वयको प्रभावकारिता कम देखिन्छ । आपतकालिन अवस्थामा शिक्षाको भूमिकालाई सामान्य उद्धार कार्याका रूपमा हेरिनु एक ठुलो चनौतीको विषय बनेको छ । अहिले आपतकालिन अवस्थाको लागि शिक्षा महत्वपूर्ण अनिवार्य कार्यक्रमका रूपमा स्थापितगर्नु अति आवश्यक देशखन्छ। त्यसैले शिक्षाको भूमिका यस गाउँपालिकाको शैक्षक व्यवस्थामा पनि सुनिश्चितता गर्नु जरुरी छ । सामान्य समयभन्दा आपतकालिन अवस्थामा शिक्षाका विषयवस्तु,विधि र सामग्री फरक हुन्छन् । तर,नेपालीको शिक्षासम्बन्धि योजनाहरू 'सबैको लागि शिक्षा वा 'सहस्राब्दी विकास लक्ष्य होस् वा 'विद्यालय क्षेत्र सुधार कार्यक्रम कुनैमा पनि आपतकालिन शिक्षा व्यवस्थाको योजना गरेको देखिदैन त्यसैले यस्तो अवस्थामा यस गाउँपालिकाको शिक्षा निरन्तर होस भनि यसका उद्धेश्य,रणनीति,उपलब्धि,नतिजा ,र प्रमुख क्रियाकलापहरु निर्धारण गरिएको छ ।

### ४.५.२ उद्धेश्य

१. औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक,मानवीय तथा आर्थिक स्रोतको तयारी गर्ने ।

३. विपत्व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने र पूर्व तयारीका लागि आधार तय गर्ने विपद्बाट बालबालिकामा पर्ने असर न्यूनिकरण गर्ने ।

### ४.५.३. रणनीति

१. विपद्को समयमा शिक्षण सिकाइका गतिविधिहरुलाई निरन्तरता दिन पूर्वतयारी,व्यवस्थापन,प्रतिकार्य र पूर्नस्थापना सम्बन्धी आवश्यक नीति,मार्गदर्शन तथा कार्यविधिहरू तयार गरि कार्यान्वयन गरिने ।

२. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी,प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गरिने

३. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको खोजी र प्रायोग गरिने

सम्पूण विदालयहरुको विपत जोखिमको अवस्था मुल्याङ्कन गर्ने र प्राथमिकिकरण गर्ने ।

४. विद्यालयले विदालय सुधार योजनामा विपत विषयमा तयार पारेको योजनाको प्रभावकारी रुपमा सहकार्य र समन्वय गरेर कार्यान्वयन गरिने ।

५. विपतको प्रतिकार्यका लागि आवश्यक सिप ,ज्ञान र स्रोत तयारी गरिने ।

### ४.५.४. प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. विद्यालय र शिक्षा प्रणालीमा विपत्तथा प्रकोप व्यवस्थापनको लागि पूर्वतयारी,प्रतिकार्य,पुन; स्थापना तथा पुनरउत्थान योजना तथा क्षमता विकास हुने ।
२. विपत्तथा संकटपूर्ण अवस्थामा शैक्षिक क्रियकलापहरू निरन्तररुपमा संचालन हुने ।
३. विपत जोखिम न्यूनिकरणका लागि योजना निर्माण हुने ।

### ४.५.५. प्रमुख नतिजा र परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा संकटासन्नता मूल्यांकनका आधारमा योजना निर्माण | ० | १ | १ | १ | १ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | १० | १० | १६ | २० |
| ३ | शिक्षक तथा वि.व्य.स विद्यालय सुरक्षा,विपद न्यूनिकरण तथा उत्थानशिलता सम्बन्धि तालिम | ० | १ | २ | ३ | ४ |
| ४ | विद्यार्थी,शिक्षक तथा कर्मचारीहरूले | ० | १६ | १० | १० | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सुरक्षित वातावरणमा अध्ययन र अध्यापन गर्न पाउनुको साथै विपद्को समयमा ज्यान र मालमत्ताको सुरक्षा हुने संरचनाको निर्माण हुने | | | | | |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समुह निर्माण र परिचालन | ० | नियमीत ता | नियमीत ता | नियमीत ता | नियमीत ता |
| ५ | जलवायू परिवर्तन तथा दिगो विकास सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | १५ | १५ | १५ | ११ |
| ६ | विद्यार्थी,शिक्षक र अभिभावकहरूमा विपत्प्रबन्धनको ज्ञान बढाउने साथै विपत्पूर्व तयारी,प्रतिक्रिया र पुनर्निर्माणका बारेमा जानकारी गराउने | १६ | १० | १० | १० | १० |
| ७ | सबै विद्यालयमा विद्यार्थी र शिक्षकहरूलाइ विपत्प्रबन्धनका विभिन्न तरिकाहरू सिकाउनुको साथै प्रशिक्षण र अभ्यास मार्फत आपत्कालीन प्रतिक्रिया क्षमता बढाउने। | १६ | १० | १० | १० | १० |
| ८ | विपत्पछि पनि विद्यालयले छिटो सामान्य अवस्थामा फर्कन सक्ने क्षमता बढाउने विद्यार्थी र शिक्षकहरूमा मानसिक र शारीरिक उत्थानशीलता विकास गर्ने। | १६ | १० | १० | १० | १० |
| ९ | सबै विद्यालयमा विपत्प्रबन्धन सम्बन्धी नीति र योजना बनाउनुको साथै विपद्को समयमा कार्यान्वयन गर्न सकिने कार्ययोजना तयार गर्ने। | १० | २० | १० | १० | ६ |
| १० | सबै विद्यालयका विद्यार्थी र शिक्षक तथ अभिभावकहरुमा वविपद्को समयमा अरूलाई सहयोग गर्ने क्षमता विकास गर्ने | ५ | १६ | १५ | १० | १० |
| ११ | विद्यालय र समुदायले दीर्घकालीन रूपमा विपद्को जोखिम कम गरि सामाजिक सुरक्षा बढाउने खालका क्रियाकलाप गर्ने | ५ | १६ | १५ | १० | १० |

## ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | ० | १ | ० | ० | ० | १ | निरन्तर |
| २ | विपत् तथा प्रकोप स्थानीय तह र विद्यालयका शिक्षक विद्यार्थीहरुको क्षमता विकास | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ३ | शिक्षाका सबै  उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा संकटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाउने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | विपत् पूर्वतयारी,प्रतिकार्य,पुनर्स्थापन तथा उत्थानशीलताका लागि सचेतना शिक्षक तथा वि.व्य.स तालिम | तालिम | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | शिक्षक,विद्यार्थी र अभिभावकहरुलाई विपत्प्रबन्धनको प्रशिक्षण दिने तथा भूकम्प,आगलागि,पहिरो,हावा हुरी ,जस्ता विपद्को जानकारि गराउदै आपतकालिन प्रतिक्रिया जस्तै : ड्रप,कभर र होल्ड को अभ्यास गराउने | विद्यालय | ५६ | ० | १५ | १५ | १५ | ११ | ५६ | निरन्तर |
| ६ | विद्यालय भवनहरु भूकम्पप्रतिरोधी छन् कि छैनन् प्राविधिक फाँट बाट जाँच गराउने,कम्जोर संरचनाहरु मर्मत संभार गर्ने वा पुननिर्माण गर्ने गराउनुका साथै आगो नियन्त्रणका उपायहरु जस्तै : फायर अलार्म,स्मोक डिटेक्टर लगायतका आवश्यक  उपकरण स्थापना गर्ने । | विद्यालय | ५६ | ० | १५ | १५ | १५ | ११ | ५६ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यार्थी र शिक्षकहरुलाई सुरक्षित ठाउँमा पुग्ने बाटो र प्रक्रिया बताउदै नियमीत रूपमा भूकम्प,आगलागी र अन्य विपद्हरूको लागि मोक ड्रिल गर्ने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | विद्यालयको सुरक्षित निकासी मार्ग निर्धारण (Evacuation Routes) गर्ने र विपदको समयमा अपनाउनुपर्ने कार्ययोजना तयार(Emergency Response Plan) गर्नुको साथै आपतकालीन किट(First Aid Kit,Fire Extinguisher,आदि को व्यवस्थापन गर्ने। | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | निरन्तर |
| ९ | विद्यालयमा विपत्प्रबन्धन क्लबहरु स्थापना गर्नुका साथै समुदाय र स्थानीय गैरसरकारी संस्थाहरु सँग सहकार्य गरि विपद प्रबन्धनका कार्यक्रमहरु आयोजना गर्ने | विद्यालय | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | निरन्तर |
| १० | विपत्प्रबन्धन सम्बन्धी पाठ्यक्रम वा शैक्षिक सामग्री तयार गर्ने। विद्यार्थीहरूलाई विपत्प्रबन्धनको महत्व बुझाउने खेलकुद र गतिविधिहरू आयोजना गर्ने। | विद्यालय | ५६ | ० | ५६ | ५६ | ५६ | ५६ | ५६ | निरन्तर |
| ११ | विपत्प्रबन्धन सम्बन्धी सूचना पोस्टर,फ्लायर,र सोसल मिडिया मार्फत प्रचार गर्ने साथै विद्यालयमा आपत्कालीन सम्पर्क नम्बर र सूचना पाट्टि (Information Board) लगाउने। | विद्यालय | ५६ | ० | ५६ | ५६ | ५६ | ५६ | ५६ | निरन्तर |
| १२ | विद्यालय परिसरमा रूख रोप्ने,पानी जम्मा हुने ठाउँहरू नियन्त्रण गर्ने जस्ता कार्यक्रमहरू गर्नुका,साथै बाढी र पहिरो जोखिम कम गर्ने उपायहरू अपनाउने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ४.६ विधालय भौतिक पुर्वाधार विकास

### ४.६.१ बर्तमान अवस्था

यस वराहताल गाँउपालिका भित्र रहेका ५६ सामुदायिक विद्यालयहरु मध्ये ३२ वटा प्राथमिक विद्यालय,१५ वटा आवि ,र ९ वटा माध्यमिक विद्यालयहरु रहेका छन । यी विद्यालयहरुमा जम्मा ५६० वटा कक्षाकोठा रहेका छन जसमा ३५ प्रतिशात पक्की कक्षाकोठा र ६५ प्रतिशत कच्ची कक्षाकोठा रहेका छन । उपलब्ध भएका कक्षा कोठाहरु पनि शिक्षण सिकाइका लागि प्रयाप्त देखिदैन । माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा पुस्तकालय र विज्ञान प्रयोगशालाको व्यवस्था रहेता पनि आधारभुत तहको विद्यालयहरुमा प्रयाप्त व्यवस्थापन हुन नसकेको । सबै विद्यालयहरुमा विद्यालय प्रशासन सञ्चालनका लागि कम्तिमा एक वटा कोठा उपलब्ध रहेको अवस्था छ । विद्यार्थी सङ्ख्या धैरै भएका विद्यालयहरुमा अझैपनि शिक्षण सिकाइको लागि कक्षाकोठा अपुग रहेको छ । त्यसैगरि कच्ची भवन र कक्षाकाठाहरुलाई पुनःनिर्माण गर्नुपर्ने अवस्था रहेको छ । यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये ३० प्रतिशत कच्ची भवनहरु स्तरोन्नती तथा पुनःनिर्माण गर्नेपर्ने अवस्थामा रहेका छन । त्यसैगरि सबै विद्यालयहरुमा छात्रछात्राहरुको लागि अलग अलग सौचालय व्यवस्था गर्न नसकिएको । भौतिक पुर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० अनुसार विद्यालय भवन निर्माण गर्नूपर्ने । विद्यालयहरुमा प्रयाप्त कक्षाकोठा व्यवस्थापन गर्नुपर्ने । सबै विद्यालयहरुका भवनहरु अपाङ्गमैत्रि र लैङ्गीक समतामूलक सुरक्षित मापदण्ड पुरा गरि निर्माण हुनुपर्ने । समयानुकूल छात्रछात्रामैत्रि शौचालय निर्माण हुनुपर्ने ।

### ४.६.२ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरि सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु ।

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास,मर्मत संभार तथा सबलीकरण गर्नु ।

३. नयाँ बन्ने र सुधार गरिने संरचना बाल,अपाङ्ग मैत्रि र भुकम्प प्रतिरोधि निर्माण र नीतिगत ब्यवस्था गर्नु ।

४. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समितिको व्यवस्था गर्ने ।

### ४.६.३ रणनिती

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह,विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।

१. विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरि पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।

२. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ,प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरि सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।

३. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण एवं मर्मत सम्भार गर्ने ।

पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवं वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरि संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

४. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरि एकद्वार प्रणालीको अपनाउने ।

५. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय,सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरि साझेदारीमा निर्माण कार्य गर्ने ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | नतिजा | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय भवन | ४० | ५ | ५ | ५ | ५ |
| २ | विद्यालय विकासका कार्यक्रममा अभिभावक र स्थानीय समुदायलाई संलग्न गर्ने। सामुदायिक सहयोग मार्फत स्रोत जुटाउनका लागि मापदण्डको निर्माण,कार्यान्वयन / अध्यनवधिक | ० | १ | १ | १ | १ |
| ३ | विद्यालयका विविद्यार्थी र शिक्षकहरू सुरक्षित वातावरणमा अध्ययन र अध्यापन गर्न पाउने। विपत्(जस्तै: भूकम्प,आगलागी) को समयमा ज्यान र सर समानको सुरक्षा हुने। | ० | १५ | १५ | १५ | ११ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षा कोठा सङ्ख्या | ० | ११ | ११ | ११ | ११ |
| | उच्च गुणस्तरका कक्षा कोठा,प्रयोगशाला,र पुस्तकालयले विद्यार्थीहरूको सिकाइ प्रक्रिया बढाउने । प्राविधिक सुविधाहरू (जस्तै: कम्प्युटर ल्याब,स्मार्ट कक्षा) ले आधुनिक शिक्षण विधिहरू लागु गर्न सजिलो हुने। | | | | | |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ० | १६ | १६ | १६ | |
| | उच्च गुणस्तरका भौतिक सुविधाहरूले विद्यालयको प्रतिष्ठा राख्न मद्दत गर्ने । विद्यालयले समुदाय र सरकारी निकायहरूबाट अधिक सहयोग र समर्थन प्राप्त गर्ने। | ५ | १० | १५ | १० | ११ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ० | १४ | १५ | १५ | १२ |
| | हरियाली र पर्यावरण अनुकूल सुविधाहरूले विद्यालय परिसरको वातावरण सुधार गर्ने। विद्यार्थीहरूलाई पर्यावरण संरक्षणको महत्व बुझाउने। | | | | | |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ० | १४ | १५ | १५ | १२ |

### ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विपद प्रतिरोधि विद्यालय भवन निर्माण | सङ्ख्या | ५६ | ४० | ५ | ५ | ६ | ० | ५६ | निरन्तर |
| २ | पुराना र कम्जोर संरचना भएका विद्यालय कक्षाकोठा सबलीकरण गर्ने | विद्यालय | २०० | ६६ | ३० | ३० | ३० | ३० | १८६ | १४ |
| ३ | विद्यालयमा बनेका सरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन गर्ने, | विद्यालय | ५६ | ५६ | ✓ | ✓ | ✓ | ✓ | ✓ | निरन्तर |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय | ५६ | ० | १५ | १५ | १३ | १३ | ५६ | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालयको व्यवस्थापन गर्ने | विद्यालय | ४८ | ० | १२ | १२ | १२ | १२ | ४८ | |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय | ५६ | ३० | २६ | ✓ | ✓ | ✓ | ५६ | निरन्तर |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची निर्माण तथा कार्यान्वयन गर्ने, | विद्यलाय | ५६ | ० | २५ | १० | १० | ११ | ५६ | निरन्तर |
| ८ | हरित विद्यालय निर्माण | विद्यालय | | ५ | १० | १० | १० | १० | ४५ | ११ |

## ४.७ विधालयमा सुचना तथा सञ्चार प्रविधि

४.७.१ परिचय

सबै नागरिकहरुमा देश विकासका लागि आवश्यक ज्ञान तथा सिप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आवद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्धेश्य रहेको छ । विश्व प्रतिस्पर्धी,श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । नेपालको संविधान, २०७२ ले सुचनाको हकमा प्रत्येक नागरिकको आफनो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनि मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागिसूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‍याई डिजिटल भिन्नता कम गर्ने,सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरि सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्‍याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाइ सहयोग पुर्‍याउनु पर्दछ । त्यसैगरि नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्‍याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा,२०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा,जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधी सम्बन्धी साक्षरता प्रदान गरेको छ । नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्‍याउने,तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामाग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ ।

### ४.७.२ वर्तमान अवस्थाः

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रूपान्तरणका लागि विषय,विषयवस्तु र माध्यमका रूपमा प्रयोग गर्ने गरि पाठ्यक्रम विकास गर्ने; सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सुनिश्चित गर्न पाठ्यक्रम,पाठ्यसामग्री विकास एवं तिनको विद्युतीय प्रतिको उपलब्धतालाई जोड दिने; डिजिटल साक्षरता,प्रविधिमा आधारित सिकाइ सहजीकरणका लागि अन्तरक्रियात्मक विद्युतीय सामग्री विकास गर्ने; सिकाइ सहजीकरण प्रक्रियालाई प्रविधिमा आधारित बनाउन अत्यावश्यक सिकाइ बातावरण विकासलाई प्राथमिकता दिइने व्यवस्थाको उल्लेख गरेको छ । तसर्थ सूचना तथा प्रविधिमा विद्यार्थीहरुको सहभागिता वृद्धि गर्न सबै विद्यालयहरुको ICT सम्वन्धि कार्ययोजना तर्नुमा गरि ICT लाई शैक्षिक क्रियाकलापमा जोड्नु आजको आवश्यकता रहेको छ ।सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

प्रयोगको सन्दर्भलाई हेर्ने हो भने केहि विद्यालयहरुमा कम्प्युटर प्रविधिसम्बन्धी पठनपाठन हुँदै आएको पाइन्छ तर यो प्रयाप्त देखिदैन । विद्यालय क्षेत्र विकास कार्यक्रमले सूचना तथा सञ्चार प्रविधिलाई महत्वपूर्ण कम्पोनेन्टको रूपमा लिइ विद्यार्थीहरूमा सूचना तथा सञ्चार प्रविधी सिप को विकास गराउने,कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउने,सिकाइ सामग्रीको पहुँचमा बिस्तार गर्ने,र शैक्षिक व्यवस्थापन र सेवा प्रवाहलाई प्रभावकारी र चुस्त बनाउनेमा जोड दिएतापनि सामुदायिक विद्यालयमा यसको कार्यान्वयको पाटो कमजोर देखिएको छ । सामुदायिक विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगतर्फ केही सकारात्मक प्रयास तापनि सन्तोष गर्ने अवस्था छैन । यस बराहताल गाउँपालिकाको सम्पुर्ण विद्यालयहरुमा कम्प्युटर तथा इन्टरनेटको पहुँच पुर्याउन सकिएको छैन। ICT को प्रयोग गरि शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि पूर्वाधारको अभाव हुनु,सूचना प्रविधिसम्बन्धी दक्ष मानवीय स्रोतको विकासको कमी हुनु,पाठ्यक्रममा कम्प्युटर शिक्षा लगायतका प्रविधिसम्बन्धी विषयको व्यापकता नहुनु,सबै विषय,तह र कक्षाका पाठ्यसामग्री डिजिटाइजेसन हुन नसक्नु जस्ता समस्या र चुनौतीको कारण यस पालिका अन्तर्गतका विद्यालयहरूको शिक्षामा सूचना तथा सञ्चारको प्रयोगलाई व्यापक बनाउन सकिएको छैन ।

**४.७.३** उद्देश्यः

१.सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच विस्तार गरि कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउनु,

२.शिक्षामा समतामूलक पहुँच विस्तारका साथै सिकाइलाई प्रभावकारी,गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,

३. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि प्रभावकारी,पारदर्शी र समतामूलक बनाउनु,

**४.७.४** रणनीतिहरू

१.सिकाइलाई सहजीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको एकीकृत सिकाइ रणनीतिको छनोट गरि उपयोग गर्ने

२.सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने

३.शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे अनुकूल पेसागत व्यवहार प्रर्दशन गर्ने सबै शिक्षकहरूको क्षमता विकास गर्ने

४.सिकाइ सहजीकरण प्रक्रियालाई प्रविधिमा आधारित बनाउन अत्यावश्यक सिकाइ बातावरण विकासलाई प्राथमिकता दिने

५.शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने

**४.७.५** प्रमुख उपलब्धि र नतिजा

उपलब्धि

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी,गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन हुने ।

२. डिजिटल साक्षरता,प्रविधिमा आधारित सिकाइ सहजीकरणका लागि अन्तरक्रियात्मक विद्युतीय सामग्रीको विकास भएको हुने।

३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग भएको हुने
४. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने
५. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने
६. सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने

४.७.६ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सङ्ख्या | ५६ | ४ | ३ | २ | ० |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | १४ | ३ | ३ | ३ | ३ |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १६ | ३ | ३ | ३ | ३ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ८०% | ३५% | ४०% | ४५% | ५०% |
| ५ | वैकल्पिक उर्जा तथा विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | ५०% | ८५% | ९०% | ९५% | १००% |

४.७.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यालयमा ICT संरचना स्थापना र विस्तार | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था तथा सञ्चालन | वटा | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | निरन्तर |
| ३ | शिक्षकहरूकोक्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | वटा | ४० | ८ | ८ | ८ | ८ | ८ | ४० | |
| ५ | IEMIS व्यवस्थापन | पटक | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | निरन्तर |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूलाइ प्रत्येक वडामा स्थापना गर्दै क्षमता विकास गर्ने | पटक | १० | ० | १० | १० | १० | १० | १० | |
| ७ | विद्यालमा इ हाजिरी व्यवस्थापन तथा सञ्चालन | वटा | ५६ | ० | २० | १६ | १० | १० | ५६ | |
| ८ | माध्यमिकविद्यालयका अनिवार्य विषयहरुको भर्चुअल कक्षा संचालन | विद्यालय | २४ | ० | २४ | २४ | २४ | २४ | २४ | निरन्तर |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन,कम्प्युटर,इन्टरनेट लगायतको व्यवस्थापन | विद्यालय | ५६ | ० | २० | १६ | १० | १० | ५६ | |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन,कम्प्युटर,इन्टरनेट लगायत प्रयोगका लागि तालिमको ब्यवस्था | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |

परिच्छेद : ५

## ५.१ सामुदायिक पुस्तकालय

### ५.१.१ वर्तमान अवस्था

पठन संस्कृतिको विकासका लागि पुस्तकालयको स्थापना र प्रयोग अति आवश्यक देखिन्छ । समुदाय तवरमा पुस्तकालयको स्थापना र प्रयोग मार्फत पठन क्षमताको विकास र आवश्यक विभिन्न सामग्रीहरुके प्रयोगमा मद्धत पुर्याउन सहयोग मिल्दछ । सामुदायिक पुस्तकालय भन्नाले स्थानीय समुदाय,समाजसेवी वा सामुदायिक संस्था,गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी निकायको सहयोगमा स्थापना र संचालन भएका समुदायमा रहेका वा समुदाय स्तरले समेत सहजर रुपमा प्रयोग गर्न पाउने पुस्तकालय सम्झनु पर्छ । यसले बाल पुस्तकालय,वाचनालय,विद्युतीय पुस्तकालय समेतलाई जनाउँछ । समुदायमा स्थापना हुने र समुदायका लागि लक्षित पुस्तकालय स्थानीय तह वा प्रदेश सरकारको सहयोगमा समुदायका सबै वर्ग,धर्म,लिङ्ग,जातजाति,भाषाभाषी लगायतका सबै उमेर र पेसा व्यवसायमा संलग्न नागरिकलाई बिना भेदभाव सदस्यता प्राप्त गरि वा नगरि पुस्तकहरुको आदान प्रदान वा निश्चित स्थानमा बसी अध्ययन वा प्रयोग गर्न पाउने गरि सञ्चालन भएको पुस्तकालय हुन् जुन सार्वजनिक रुपमा प्रयोगमा हुन्छन ।

विभिन्न पेशा व्यवसाय,वर्ग र सबै क्षेत्रको लागि अति आवश्यक विषयवस्तुहरु र सन्दर्भ सामग्रीहरु पुस्तकालयमा उपलब्ध गरि पठन संस्कृति विकास र प्रवर्द्धन गर्न सकिन्छ । यस पालिकामा हाल सामुदायिक पुस्तकालय नभएको र सामुदायिक सिकाइ केन्द्र मार्फत तथा अन्य तवरले समुदाय स्तरमा सबैको सहज पहुँच पुग्ने गरि पुस्तकालय स्थापना र प्रयोग गर्न सकिन्छ ।

**५.१.२** उद्देश्य

क) कमसल खालका सामाजिक सञ्जालको प्रयोगमा कमी ल्याउने तथा अध्ययनमुखि समाजको निर्माण गर्ने । ।

ख) पढाईमैत्री,भय तथा हिंसा रहित वातावरण तयार गरि सबै बालबालिकाहरूलाई (जातजाति,लिङ्ग,धर्म तथा रङ्गका कारण विभेदरहित) गुणस्तरीय शिक्षा प्रदानमा सहयोग गर्ने ।

ग) सिकाइ मैत्री वातावरण निर्माण गरि व्यावसायिक,सिपमूलक र प्रविधिमूलक शिक्षामा स्व अध्ययनमा जोड दिने ।

घ) शिक्षामा सबैको समतामूलक पहुँच पुर्याउने

ङ) समुदायस्तरमा समेत पठन संस्कृतिको विकास र प्रवर्द्धन गर्न ।

च) पाठकलाई विभिन्न किसिमका आवश्यक पठन सामग्रीहरुको सरल र सहज उपलब्ध गर्न ।

५.१.३ रणनीतिहरु

क) सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास र परिचालन मार्फत पुस्तकालय व्यवस्थापन र प्रयोगमा जोड दिने ।

ख) पठन संस्कृतिको विकासका लागि समुदाय स्तरमा सचेतनामूलक कार्यक्रमहरु गर्ने तथा समुदायको आवश्यकतामा आधारित पुस्तक तथा सामग्रीहरु व्यवस्थापन गर्ने ।

५.१.४ उपलब्धि तथा नतिजा

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | पुस्तकालयको स्थापना | ० | | १ | | २ |
| २ | पढाई मेला सञ्चालन | ० | १ | १ | १ | १ |
| ३ | पढाई प्रतियोगिता सञ्चालन | ० | २ | ३ | ४ | ५ |
| ४ | नयाँ तथा पुराना पुस्तक दान कार्यक्रम | ० | १ | १ | १ | १ |
| ५ | समुदायलाई पुस्तकालयको क्रियाकलापमा स्थानिय युवाहरुलाइ सहभागी बनाउने र उनिहरुबाटै स्वयंसेवकहरु चयन गर्ने। | ० | १० | २० | १० | १० |
| ६ | शैक्षिक प्रतियोगिता (आन्तरिक): पठन,लेखन,र अन्य शैक्षिक प्रतियोगिताहरु आयोजना गर्ने। | ० | ३ | ३ | ३ | ३ |
| ७ | पुस्तकालयको सेवा र सुविधाहरुको साथै यसबाट लिन सकिने फाइदाहरुको बारेमा प्रचार प्रसार गर्न। | | | | | |
| ८ | विभिन्न विषयहरुमा पुस्तकहरु संग्रहण गर्ने र समुदायको आवश्यकता अनुसार पुस्तकहरु चयन गर्ने। | ० | १ | १ | १ | १ |
| ९ | दैनिक पठन कार्यक्रमहरु आयोजना गर्ने,विशेष गरी बालबालिका र युवाहरुका लागि। | ० | ३६० | ✓ | ✓ | ✓ |

५.१.५ मुख्य क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य :

| क्र.स | मुख्य क्रियाकलापहरु | एकाई | लक्ष्य | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुस्तकालयको स्थापना | वटा | १० | ० | ३ | २ | २ | २ | ९ | १ |
| २ | समुदाय तहमा पठन संस्कृतिको लागि सचेतनामूलक कार्यक्रम | पटक | ५ | ० | १ | १ | १ | १ | ० | १ |
| ४ | पाठ वाचन कार्यक्रम सञ्चालन | पटक | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| ५ | पढाई तथा लेखाइ सिपमा वृद्धी गर्न पढाई तथा लेखाइ  मेला सञ्चालन | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| ६ | अन्तर पुस्तकालय वक्तृत्वकला कार्यक्रम सञ्चालन | पटक | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | ३ |
| ७ | दैनिक पठन कार्यक्रमहरु आयोजना गर्ने,विशेष गरी बालबालिका र युवाहरुका लागि। | दिन | ९०० | ० | १८० | १८० | १८० | १८० | ७२० | १८० |
| ८ | विभिन्न विषयहरुमा पुस्तकहरु संग्रह गर्ने र समुदायको आवश्यकता अनुसार पुस्तकहरु चयन गर्ने। | पटक | १० | ० | २ | २ | २ | २ | ८ | २ |
| ९ | वयस्क तथा प्रौढ साक्षरता कार्यक्रमहरु आयोजना गर्ने,जसले गर्दा समुदायका वयस्क तथा प्रौढहरुले पनि शिक्षा प्राप्त गर्न सकुन् । | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |

परिच्छेद ६

## ६.१ सुशासन तथा व्यवस्थापन

### ६.१.१ परिचय

शिक्षा क्षेत्रको परिमाणमुखि विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि यस गाँउपालिकाको लागि संस्थागत क्षमता विकास एक महत्वपूर्ण आधार हो। शिक्षासम्बन्धि राष्ट्रिय नीति,मापदण्ड,योजना र कार्यक्रमको प्रभावकारी कायार्न्वयन गरि अपेक्षित नतिजा हासिल गर्नाका लागि संस्थागत क्षमता विकासमा जोड दिन अति आवश्यकता रहेको छ । यो शिक्षा क्षेत्र योजनाको पूर्ण रुपमा कार्यान्वयनको लागि स्थानीय सरकारले सम्पादन गर्नु पर्ने अधिकतम कार्यक्रमहरु सम्पादन गर्न विद्यामान जनशक्तिलाई कस्तो प्रकारको क्षमता विकासको आवश्यकता छ,त्यसको लेखाजोखा गरि अगामी पाँच वर्षका लागि कर्मचारी र जनप्रतिनीधिहरुको व्यक्तिगत क्षमता,स्थानीय तहको संस्थागत क्षमता र थप सुधार गर्नुपर्ने आवश्यकता लिई मध्यनजर गरेर योजना बद्धरुपमा अगाडी बढ्नुअति आवश्यक हुन्छ । स्थानीय तहले आफ्ना अधिकारिभत्र रहेर आवश्यकता अनुसार नीति,योजना तथा कार्यक्रम र बजेट तर्जुमा लगायत विभिन्न विषयगत क्षेत्रको विकासका लागि आवश्यक क्षमता विकासका क्षेत्रहरुको पहिचान सहित योजनाबद्ध हुनपर्दछ । सर्वप्रथम संस्थाको संरचनालाई दुरुस्त पार्नु पर्ने एउटा पाटो हो भने संरचनाको जिम्मेवारी अनुकल हुनेगरि आवश्यक सङ्ख्यामा मानव संसाधनको व्यवस्था र तिनीहरुको जिम्मेवारी अनुसारका कार्य गर्न सक्नेगरि ज्ञान,सिप र क्षमताको विकास गर्न जरुरी छ। यसका अतिरिक्त गाउँपालिकाले जनसमक्ष न्युनतम र निरन्तर पुर्याउनुपर्ने सेवाहरु मध्य शिक्षा क्षेत्र अन्तर्गतका सेवाहरू पनि हुन्छन । यी सबै प्रकारका सेवाहरु उचित व्यवस्थापनको लागि संस्थागत क्षमता विकासको आवश्यकता पर्दछ। तर्सथ,यो शिक्षा क्षेत्रको योजना तर्जुमाको सन्दर्भमा संस्थागत क्षमता विकास र सुशासनलाई प्रमुख साधन तथा माध्यमको रुपमा लिई योजना तर्जुमा गरिएको छ। यो बराहताल गाँउपालिका शिक्षा योजना तर्जुमा गर्दा संस्थागत विकास तथा तथा क्षमता विकास,श्रोत परिचालन,स्थानीय सुशासन,विकास व्यवस्थापन,लैङ्गिक समता तथा सामाजिक समावेशिकरण र शिक्षित वर्ग तथा समदुायको मूलप्रवाहीकरण सम्बन्धि विषयहरु समावेश गरिएका छन। सोह्रौ योजनामा सबै जाति,धर्म,भाषा,सस्कृति र सम्प्रदायबिच पारस्परिक सद्भाव र सहिष्णुताको भावना जागृत गराई राष्ट्रिय एकता कायम गर्न विद्यालय शिक्षा देखि विश्वविद्यालय शिक्षासम्मको पाठ्यक्रममा समायानुकूल परिमार्जन गरि कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ । साथै सार्वजनिक सेवा र सेवा प्रवाहसँग सम्बन्धित कर्मचारी प्रशासनलाई जनमूखी र परिणाममूखी बनाउन सार्वजनिक सेवा सम्पादन सम्बन्धि विशेष सार्वजनिक सेवा कार्य सम्पादन ऐन निर्माण गर्ने; सङ्घ,प्रदेश र स्थानीय तहबाट प्रवाह हुने सेवालाई छिटो,छरितो,चुस्त,दुरुस्त तथा

प्रभावकारी बनाउन अनुहार रहित र कागज रहित बनाइ विधुतिय सुशासन प्रवद्धन गर्ने; एउटै विवरण एक पटक मात्र सङ्कलन गर्ने आवश्यक  व्यवस्था गर्ने; सार्वजनिक सेवा प्रवाहलाई लक्षित वर्गको सेवाग्राहीको माग र आवश्यक्तालाई सम्बोधन हुनेगरि सेवा तथा सहायता प्रदान गर्न प्रशासनिक व्यवस्थामा सुधार गर्ने; सार्वजनिक निकायहरूमा हुनेसबै प्रकारका भुक्तानीहरूलाई विधुतिय स्वरूपमा रुपान्तरण गर्ने; गनुासोको सनुवुाई तथा तत्काल सम्बोधन हुने प्रणालीको विकास गर्ने; सार्वजनिक सेवामा आबद्ध पदाधिकारी तथा कर्मचारीसँग गरिएको कार्य सम्पादन करारलाई नतिजामूलक बनाउने व्यवस्थापन परिक्षण र कार्य परिक्षण लागु गरि कार्य सम्पादन प्रणालीमा सुधार गर्ने उल्लेख गरिएको छ ।

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

६.१.१ परिचय

योजनाले तोकेका लक्ष्य तथा उद्देश्यहरुको प्राप्तिका लागि त्यसमा समावेश भएका क्रियाकलापहरुको कार्यान्वयन,सञ्चालन ,व्यवस्थापन,अनुगमन,निरीक्षण,पृष्ठपोषण तथा मूल्याङ्कन जस्ता कार्यका लागि संस्थागत संरचना र त्यसमा कार्यरत मानवीय स्रोतको  आवश्यकता पर्दछ । संस्थागत संरचनाले कार्यक्रमलाई व्यवस्थित र सरल बनाउने मात्र नभइ त्यसको प्रभावकारितामा पनि महत्वपूर्ण भूमिका निर्बाह गरेको हुन्छ  । योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि कसले,के,कसरी,कहिले र कहाँ जस्ता प्रश्नहरुको उत्तर संस्थामा काम गर्ने व्यक्तित्वसँग जोडिएको हुन्छ  । नेपालको संविधान,२०७२ को कार्यान्वयन संगै देशमा शिक्षा प्रशासन सम्बन्धि कार्य गर्ने निकायहरुको संस्थागत संरचना र सँगठनात्मक स्वरुपमा फेरबदल भएको छ  । नेपालको संविधान,२०७२ ले  सङ्घ,प्रदेश र स्थानीय तहको एकल अधिकार भित्र आधारभूत तथा माध्यमिक शिक्षा र साझा अधिकार भित्र शिक्षा रहने व्यवस्था गरेपश्चात शिक्षा क्षेत्रको विद्यमान संरचनालाई हेर्दा केन्द्र स्तरमा शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका ७ निकायहरु,प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालय,शिक्षा विकास निर्देशनालय र मावन संसाधन विकास केन्द्र,जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइ र स्थानीय तहमा शिक्षा,युवा तथा खेलकुद महाशाखा/शाखाले शिक्षा सम्बन्धि कार्य गर्दै आइरहेका छन् । केन्द्रदेखि स्थानीय तह सम्मका सबै संस्थागत कार्यालयहरुमा तहगत र श्रेणीगत रुपमा विभिन्न कर्मचारीको सँगठनात्मक दरबन्दीको व्यवस्था गरि प्रशासन सञ्चानल गर्ने ,कार्यालय व्यवस्थापन गर्ने,कार्यालयको सेवा प्रवाह गर्ने र त्यसलाई निरन्तरता दिने र विद्यमान तमाम समस्याहरुको समाधान गर्ने कार्य भइरहेको छ  । संविधान कार्यान्वयसंगै संस्थागत तथा सँगठनात्मक संरचनामा फेरबदल भएता पनि हालसम्म कानुनहरु नबनिसकेकाले कसले,के काम कसरी गर्ने? कसको जिम्मेवारी र अधिकार कति हुने भन्ने विषयले अन्यौलता पैदा गरेको छ ।

शैक्षिक सुशासन प्रर्वद्धनका लागि तीनै तहका सरकार र राजनैतिक दलहरुले विद्यालय शिक्षा निःशुल्क हुने प्रावधान लागु गर्नुपर्ने देखि लिएर सार्वजनिक विद्यालयको भौतिक संरचना,पाठ्यक्रममा सुधार,स्थानीय पाठ्यक्रमको प्रभावकारी प्रयोग,शिक्षणको माध्यम भाषा,पाठ्यपुस्तकमा सुधार,सूचना प्रविधिको प्रयोग,आफ्नो विषयमा अब्बल ठहरिएका व्यक्तिलाई शिक्षकमा नियुक्ति,शिक्षण संस्थामा राजनीतिको प्रवेश निषेध गर्ने कुरामा प्रतिबद्धता समेत जनाउनु पर्नेमा जोड दिइएको छ । यसरी प्रतिवद्धता गएिका विषयवस्तुको उचित कार्यान्वयन गरि अनुगमन तथा सुपरीवेक्षणका आधारमा आवश्यक पृष्ठपोषण दिने कामलाई व्यवस्थित र प्रभावकारी बनाइनुपर्दछ भन्ने विषयलाई जोड दिइएको छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन र विद्यालयको समग्र व्यवस्थापन तथा सुशासन प्रवद्र्धनमा नेतृत्वदायी भूमिका बारेमा विस्तृतरुपमा व्याख्या गरिएको छ । विद्यालयमा प्र.अ,शिक्षक,अभिभावक र विद्यार्थी स्वयम पनि तत् स्थानमा विद्यालय सुशासनका लागि महत्वपूर्ण भूमिका हुने बारेमा व्याख्या गरिएको छ । विद्यालय सुशासनको विषय कुनै एक सरोकारवालाको मात्रै एकल जिम्मेवारी नभई विद्यालयका प्रत्यक्ष र अप्रत्यक्ष सरोकारवालाहरुको जिम्मेवारिता बोध तथा विद्यालय प्रतिको अपनत्वले मात्रै सम्भव हुने वास्तविकता समेटिएको छ । यसैगरि संङ्घीय संरचनामा नागरिकको नजिक रहेको स्थानीय सरकारले सम्बन्धित गाउँपालिका र नगरपालिका अन्तर्गत संचालित आधारभूत तथा माध्यमिक तहको शिक्षाको समग्र व्यवस्थापन हेर्ने संबैधानिक र कानुनी प्रावधानको कार्यान्वयनमार्फत शैक्षिक गुणस्तरका साथै समग्र शैक्षिक व्यवस्थापनमा गुणात्मक सुधार ल्याउन खेल्नुपर्ने भूमिकाहरुका बारेमा पनि यस पुस्तकमा छलफल गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ उपदफा (२) को (ज) मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी प्रावधान समावेश गरिएता पनि त्यसको कार्यान्वयन पूर्णरुपले हुन नसकेको उजागर गर्दै स्थानीय सरकारले आफूलाई प्राप्त संबैधानिक तथा कानुनी अधिकारको प्रयोग गर्न नीतिगत,कानुनी,संस्थागत र व्यवहारगत सुदृढीकरण जरुरी रहेको कुरामा पनि पुस्तकमा जोड दिइएको छ । हालसम्म भएका असल अभ्यासबाट सिक्दै स्थानीय आवश्यकता र मागको आधारमा आधारभूत र माध्यमिक तहको शिक्षामा नयाँ व्यवस्थापकीय शैली अवलम्बन गर्नुपर्छ साथै नागरिक समाजको सहकार्यमा स्थानीय सरकार उत्तरदायी,जिम्मेवार र पारदर्शी ढंगले काम गर्न सकेमा स्थानीय तहमा विद्यालय सुशासन कायम भई शैक्षिकलगायत आर्थिक,सामाजिक,साँस्कृतिक र राजनैतिक क्षेत्रको समग्र रुपान्तरण संभव हुने विषयलाई महत्वका साथ उल्लेख गरिएको छ

६.१.२ वर्तमान अवस्था

विद्यालयमा प्राप्त स्रोत र साधनको अधिकतम सदुपयोग गरि सबैले चित्तबुझ्दो र समयानुकूल गुणस्तरीय शिक्षा प्रयोग गर्न पाउनु आजको आवश्यकता रहेको छ । यसका लागि विद्यालयले कुशल व्यवस्थापन साथै असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरि सरोकारवालाहरुले पाउनुपर्ने आधारभूत सेवा पारदर्शिता तथा

छिटो छरितो र कम खर्चिलो ढंगले पाउने अवस्था सिर्जना गर्नु नै विद्यालय सुशासन हो । बालबालिकाहरुले सहज वातावरणमा पढ्ने,पठनपाठन गर्ने गराउने व्यक्ति तथा निकायहरुले सहज ढंगमा सेवा उपलब्ध गराउने र गराउन पाउने वातावरण सिर्जना गर्ने,सबै कुराहरु व्यवस्थापकीय ढंगबाट प्रभावकारी भएको अवस्था नै सुशासन हो । सुशासनका प्रमुख खम्बाहरु जनसहभागिता,कानुनको शासन,सहमतीउन्मुख,समता र समावेशी,पारदर्शिता,जिम्मेवारिता ,दक्षता,प्रभावकारिता र जवाफदेहिता हुन् । वर्तमान अवस्थामा सुशासनका सन्दर्भमा शिक्षा सरोकारवालाहरु आमरुपले सन्तुष्ट भएको अवस्था छैन । सुशासन कत्ति पनि छैन भन्दा पनि हुनुपर्ने जति नभएको अवस्था हो । विद्यालय सुशासनको पाटो कमजोर छ । जसले हाम्रो शैक्षिक कार्यक्रम जुन ढंगले अघि बढ्नुपर्ने हो त्यसो हुन सकेको छैन । सबैले जिम्मेवारी वहन गर्ने र त्यसप्रति अपनत्व स्वीकार गर्ने पाटो कमजोर देखिन्छ । कतिपय अवस्थामा नीतिगत सबालहरुले अल्मलिएको देखिन्छ । नयाँ काम गरेर नयाँ गति दिने अभ्यास नगरेको पनि होइन,नीति तथा कार्यक्रमहरु पनि राम्रा छन् तर कार्यान्वयनको पाटो कमजोर र फितलो रहेको देखिन्छ । शिक्षा सम्बद्ध कर्मचारी जिम्मेवार ढंगले अगाडि बढ्न नसकेको एकातिर देखिन्छ भने अर्कातिर विद्यालयका प्रधानाध्यापक,शिक्षक र अभिभावकहरु पनि जिम्मेवारी नभएको अवस्था रहेको यसैगरि गाउँपालिकाको समग्र संस्थागत संचनालाई हेर्दा गाउँसभाले शिक्षा सम्बन्धि नीति,योजना तथा कार्यक्रम पास गर्ने कार्य,गाउँ कार्यपालिकाले कार्यक्रम तथा बजेट निर्माण गर्ने कार्य,गाउँ शिक्षा समिति बजेट तथा कार्यक्रम निर्माणका लागि सिफारिस,प्राप्त बजेटको बाँडफाँड,शिक्षा सम्बन्धि महत्वपूर्ण निर्णयहरु गर्ने,विद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य,वडा शिक्षा समितिले विद्यालयका लागि आवश्यक थप सहयोग गर्ने,विद्यालय व्यवस्थापन समितिले विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्ने कार्य,शिक्षक अभिभावक सङ्घले विद्यालयको आर्थिक तथा शैक्षिक गतिविधि सम्बन्धि कार्य गर्दै आएका छन् । साथै सबै विद्यालयहरुमा विद्यालयको दैनिक प्रशासन सञ्चालनका लागि प्रधानाध्यापक रहने व्यवस्था पनि रहेको छ । तर विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ र प्रधानाध्यापकहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न नसक्दा शैक्षिक क्षेत्रका समस्याहरु बढदै गएको देखिन्छ ।

उल्लेखित परिवेशमा यस योजना मार्फत हाल विद्यालयहरुमा विद्यमान सुशासनका अवस्था,गुणस्तरीय शिक्षा प्रत्याभुतिका लागि सुशासनको महत्व,राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा अवलम्बन गरिएका सुशासनका अभ्यास साथै शैक्षिक सुशासन प्रवद्र्धनका लागि सरोकारवालाहरुको भूमिकाबारे ब्याख्या गरिएको छ । विषेशगरि गुणस्तरीय शिक्षा भनेको व्यक्ति मात्र स्वावलम्वी वा सवल बन्ने होईन समाजको चौतर्फी विकास गर्न सक्ने व्यक्तिको सक्षमतासँग जोड्नु आवश्यक रहेको विषय उजागर गर्न खोजिएको छ । शिक्षाका प्रक्रिया,नीति निर्माण र अभ्यासहरु अर्थपूर्ण ढंगले सहभागितामूलक हुनुपर्ने,रैथाने वा स्थानीय परम्परागत संस्थाहरुद्वारा हुने प्रतिनीधिमूलक सहभागिता बढि वैधानिक र प्रभावकारी हुने विश्लेषण गर्दै रैथाने वा स्थानीय साँस्कृतिक

अभ्यासहरुलाई सुशासनको रणनीतिहरु बनाउन सकेमा विद्यालयले समुदायसँग गाढा सम्बन्ध निर्माण गर्न,विद्यालय सुशासनको पश्चिमा विचार र अभ्यासहरुद्वारा निर्देशित नीति र अभ्यासहरुलाई परिवेश सान्दर्भिक बनाउन आवश्यक रहेको व्याख्या गरिएको छ । विषेशगरि यस गाउँपालिकाको हकमा कतिपय विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन नहुनाले वा भए पनि निर्धारण गरिएको मापदण्डको कम पालना गरिएको देखिन्छ साथै सामाजिक लेखापरीक्षण,अभिभावक भेलाजस्ता कानुनी प्रावधान हुँदाहुँदै पनि अधिकांश सरकारी विद्यालयहरुले त्यसको मूलमर्म अनुसार कार्यान्वयन नगरेको अवस्थामा रहेको छ । यसै विषयवस्तुलाई केन्द्रबिन्दुमा राखेर यसको पुष्टिका लागि विभिन्न तथ्यांकहरु लगायत अन्य चुनौती जस्तैः दिर्घकालीन सोचको अभाव,अस्पष्ट नीति र कार्यान्वयनमा समस्या,फितलो अनुगमन प्रणाली,राजनीतिक हस्तक्षेप,शिक्षामा दोहोरो नीति,शैक्षिक व्यवस्थापनमा अन्यौलता आदिलाई विषेश जोड दिइएको छ । साथै समस्या समाधानका केही विकल्पहरुका बारेमा समेत चर्चा गरि सरोकारवालाहरुलाई सुसूचित गर्ने प्रयास गरिएको छ

चुनौती र अवसरहरुः

नेपाल संङ्घीय संरचनामा गएको ५ वर्ष वितिसक्दा पनि हालसम्म शिक्षा क्षेत्रमा अन्यौलता छरपष्ट हुनुले शैक्षिक सुधारमा विभिन्न चुनौतीहरु रहेको प्रष्टै देखिन्छ । दिने र लिनेका बिचको खाडल देखिने, शैक्षिक अनियमीत ता वा पारदर्शिताको कमी (पुस्तक छपाई,वितरण,शुल्क,पीसीएफ,समाजिक लेखापरीक्षण,पुरस्कार र दण्डको व्यवस्था), गैरजिम्मेवार शिक्षक (छल्ने प्रवृत्ति,बृत्ति विकासको अभाव,सेवा सुविधाको न्यूनता,राजनैतिक आवद्धता,तालिमको कमी),अस्थायी,करार र आंशिकलगायतका धैरैथरी शिक्षक- कर्मचारी, जीवनोपयोगी,उत्पादनसँग जोड्ने तथा प्राविधिक शिक्षाको अभाव, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठनमा राजनीतिकरण÷दलीयकरण, प्रयाप्त भौतिक सेवा सुविधाको कमी (कम्प्युटर ल्याव,विज्ञान ल्याव,पुस्तकालय,खेल मैदान आदि),जसमा शिक्षासम्बन्धी स्पष्ट कानुनको व्यवस्था गर्नु,शिक्षा शाखामा आवश्यकता अनुसार दरबन्दीको व्यवस्थापन गर्नु,नागरिक बडापत्र राख्ने तथा गुनासो सुनुवाइ संयन्त्रको विकास गर्नु,शिक्षा शाखामा कार्यरत कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन हुन नसक्नु तथा संविधानले व्यवस्था गरेबमोजिम तीनवटै सरकारका बिच सहसम्बन्ध,समन्वय र सहकार्य कायम गर्न नसक्नु जस्ता चुनौतीहरु शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका विद्यमान चुनौतीहरु हुन । यसैगरि यि चुनौतीहरुसँगै केहि अवसरहरु पनि यस क्षेत्रमा देखापरेका छन् । जसमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आउनु,विद्यालय शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राख्नु, स्थानीय तहको आफ्नै शिक्षा ऐन तथा नियमावली निर्माण हुनु,गाउँपालिकामा शिक्षाका कार्यक्रम हेर्ने गरि छुट्टै शाखाको व्यवसथापन हुनु ,गाउँपालिका

देखि विद्यालय तहसम्म विभिन्न समितिहरुको व्यवस्था हुनु,शिक्षा शाखामा स्थायी दरबन्दिको व्यवस्थापन हुनु आदिलाई शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका अवसहरु मान्न सकिन्छ ।

**६.१.३ लक्ष्य**

शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ र गुणस्तरीय बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्ने ।

**६.१.४ उद्देश्य**

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार शिक्षा क्षेत्रको संस्थागत संरचना बनाउनु,

२. संघ,प्रदेश र स्थानीय सरकारबिचको अन्तरसम्बन्धलाई सुदृढ र बलियो बनाउनु,

३. शैक्षिक प्रशासन सम्बन्धि गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न आवश्यकता अनुसारको जनशक्ति व्यवस्थापन गर्नु,

४. कार्यसम्पादन स्तरमा सुधार गर्दै उपलब्ध जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउनु,

५. आवश्यकता र परिवेश अनुकूल कार्यरत जनशक्ति र संस्थाको क्षमता अभिबृद्धि गर्नु ।

**६.१.५ रणनीतिहरू**

१. शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति,योजना तथा कानुन निमार्ण गर्ने ।

२. विद्यमान संस्थागत संरचना अनुसार आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।

३. शिक्षा,युवा तथा खेलकुद शाखामा कार्यरत जनशक्तिहरुको क्षमता विकास गर्ने ।

४.पालिकास्तरमा गठित शिक्षक पेसागत सहयोग प्रणालीलाई थप प्रभावकारी बनाउने ।

५. वि.व्य.स. अध्यक्ष तथा प्रधानाध्यापकसँग करार सम्झौता गरि कार्यसम्पादनमा जिम्मेवार बनाउने ।

६. विद्यालय शिक्षासँग सम्बन्धित वि.व्य.सं., शि.अ.सं तथा प्रधानाध्यापकहरुको क्षमता विकास गर्ने ।

७. संघ,प्रदेश र स्थानीय सरकारका बिच सहसम्बन्ध ,सहकार्य र समन्वयको सिद्धान्त अनुसार कार्य गर्ने परिपाटी सुरु गर्ने ।

**६.१.६ उपलब्धि तथा प्रमुख नतिजा**

**उपलब्धि:**

शिक्षाका सबै क्षेत्रमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी हुने प्रणालीको विकास भएको हुने ।

## ६.१.७ प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा विद्यालय व्यवस्थापन समिति,अभिभावक शिक्षक संघ,गाउँ शिक्षा समिति र आमा समूह गठन भएका विद्यालय | १६ | १० | १० | १० | १० | ५६ |
| २ | सामाजिक परिक्षण गराउने विद्यालय सङ्ख्या | २० | १० | १० | १० | ६ | ५६ |
| ३ | विद्यार्थी भर्ना,विद्यालयको बालमैत्री वातावरण,(बालमैत्री प्रारुप बमोजिमका सूचकमा आधारित),सहित सञ्चालन भएका विद्यालय । | ० | १५ | १५ | १० | १० | ५० |
| ४ | वार्षिक सिकाइ उपलब्धिस्तर,विद्यार्थी तथा शिक्षक अभिलेख,नियमीत ता,शैक्षिक सामग्रीको उपलब्धता,शिक्षण सिकाइमा यसको प्रयोग गर्ने तथा अभिलेख राख्ने विद्यालय, | २० | ५ | १० | १० | ११ | ५६ |
| ५ | सेवा प्रवाह सहभागितामूलक,कार्यसम्पादनप्रति उत्तरदायी,विद्यार्थीको सिकाइप्रति जवाफदेही,समतामूलक र समावेशी विद्यालय सङ्ख्या । | ० | १५ | १५ | १५ | ११ | |
| ६ | भौतिक व्यवस्थापन (विद्यालयको जग्गा व्यवस्थपन,भवन,उपयुक्त कक्षाकोठा खेलमैदान,पानी सहितको शौचालय,पुस्तकालय आदि),विद्यालयको आम्दानी र खर्च विष्लेषण, गरेका विद्यालय | ० | १५ | १५ | १५ | ११ | |
| ७ | शिक्षक विद्यार्थी,शिक्षक-शिक्षक,विद्यालय समुदाय विच सम्बन्ध सामुदायिक संघसंस्थाहरू | ० | २० | १० | १० | १६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सँगको सम्बन्ध र समन्वय,अनुगमन (विभिन्न तहबाट हुने गरेको अनुगमन अवस्था,प्राप्त सुझाव कार्यान्वयन आदि) गरेका तथा अभिभावक,सरोकारवाला,विद्यार्थीहरुलाई जानकारी दिने विद्यालय र | | | | | | |
| ८ | विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वय गर्ने विद्यालय | ५६ | १ | १ | १ | १ | ५६ |

६.१.८ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.स | प्रमुख क्रियाकलापहरु | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | शिक्षा सम्बन्धी नीति कानुन,मापदण्ड,योजनातर्जुमा,कार्यान्वयन,अनुगमन,मूल्यांकन र नियमनमा स्थानीय सरकारको क्षमता विकास गर्ने | सङ्ख्या | २ | - | १ | - | - | १ | २ | |
| २ | योजना कार्यान्वयन तथा सञ्चालन एवम् व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचना निर्माण तथा जनशक्तिको व्यवस्थापन गर्ने | पटक | २ | - | १ | - | १ | - | १ | |
| ३ | अपाङ्ग बालबाललिकाहरुको लागि उनीहरुको क्षमता अनुसारको सिकाइ वातावरण सहितको विशेष शिक्षाको प्रबन्ध गर्ने | विद्यालय | १ | - | १ | १ | १ | १ | १ | निरन्तर |
| ४ | संस्थागत संरचना अनुसार कार्यरत मानवीय साधनहरुको दक्षता वृद्धिका लागि आवश्यक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | गाउँपालिकाभित्रका कुनै पनि बालबालिका | विद्यालय | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालयभन्दा बाहिर नरहुन भनेर विद्यालय भर्ना अभियानलाई प्रभावकारी बनाउने र विद्यालयमा आइसकेका बालबालिकालाई उपयुक्त शिक्षण सिकाइ वातावरण प्रदान गरि टिकाउने तथा व्यवहारिक एवम् जीवनोपयोगी शिक्षा प्रदान गर्ने | | | | | | | | | |
| ६ | शिक्षा क्षेत्रमा काम गर्ने सबै जनशक्तिहरुसँग कार्यसम्पादन करार गरि सबैलाई सिकाइप्रति उत्तरदायी र नतिजाप्रति जिम्मेवार बनाउने | सबै | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ७ | पालिका स्तरीय शिक्षक पेसागत विकास तथा सहयोग प्रणाली स्थापना गरि तिनीहरुको प्रभावकारी सञ्चालन तथा परिचालन (TLG,Expert Group) | निरन्तर | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | विद्यालय र सामुदायिक सिकाइ केन्द्रहरुको समन्वय मार्फत औपचारिक र अनौपचारिक शिक्षालाई सँगसँगै अगाडि बढाउन आवश्यक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी संयन्त्र विकास गरि प्रभावकारी रुपमा परिचालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | कम्जोर आर्थिक अवस्था भएका विद्यार्थीको अभिभावकहरुलाई रोजगार तथा स्वरोजगार अवसर सिर्जना हुने किसिमका कार्यक्रम सिर्जना गरि | विद्यालय | | २९ | २९ | २९ | २९ | २९ | २९ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकालाई अनिवार्य विद्यालय पठाउने वातावरणको निरमार्ण गर्ने । | | | | | | | | | |
| १० | सम्पूर्ण विद्यालयहरुले वार्षिक रुपमा सबै अभिभावक तथा सरोकारवालाहरुको उपस्थितिमा विद्यालयका सम्पूर्ण गतिविधिहरु सार्वजनिक गर्ने प्रद्धतिको विकास गर्ने | सबै विद्यालय | | २९ | २९ | २९ | २९ | २९ | २९ | |
| ११ | उत्कृष्ट कार्यसम्पादन गर्ने शैक्षिक जनशक्तिका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने (सम्मान,प्रसंशा,पुरस्कार,बढुवा,ग्रेडवृद्धि तथा दण्ड आदि) | सङ्ख्या | | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| १२ | वार्षिक रुपमा सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने र जनशक्तिको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने | पटक | | १ | २ | २ | २ | २ | २ | |
| १३ | बार्षिक रुपमा शिक्षामा न्यूनतम बजेट २० प्रतिशत रकम तलब बाहेक छुट्याइ सोहिअनुसार योजना गरि कार्यन्वयन गर्नु पर्ने । | पटक | ५ | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| १४ | शिक्षा ऐनमा व्यवस्था भए अनुसार स्थानीय सान्दर्भिकता एवम् आवश्यकतामा आधारित भै स्थानीय पाठ्यक्रम तयार गर्ने र त्यसलाई लागु गराउने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुरामा पनि स्थानीय सरकारले अग्रसरता लिने । | | | | | | | | | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

विद्या विहीनो पशु ; विद्या विनाको मानिस पशुसमान हुन्छ भनेर हाम्रा धर्मशास्त्रहरुमा पनि उल्लेख भएको पाइन्छ । शिक्षाको महत्वलाई वर्णन गर्न निकै कठिन छ । जतिसुकै व्याख्या गरे पनि कमी नै हुन्छ । तसर्थ मानिसको जीवनमा जसरी भौतिक शरीरको सुरक्षा र विकासको लागि वा बाँच्नको लागि हावा,पानी,अन्न,कपडा,आवास आवश्यक पर्छ त्यसै गरि व्यक्तित्व विकास र मानसिक स्वास्थ्यको लागि शिक्षा अपरिहार्य हुन्छ । मानिस र पशु छुट्याउने आधार नै शिक्षा हो । शिक्षाले नैतिकता,सदाचारिता,दया,करुणा सिर्जना गर्दछ । यसले मानिसको कल्याण,सुख र सम्बृद्धिका लागि आधार प्रदान गर्दछ । समानता,न्याय र नैतिकतामा आधारित कल्याणकारी राज्य एवम् समतामूलक समाजको सिर्जना गर्न शिक्षा बिना संभव छैन । नागरिकको नजिकमा,नागरिकको वरिपरि,नागरिकले सुन्न,देख्न र महसुस गर्न पाउने सरकार नै स्थानीय सरकार हो । जहाँ जनता छन् त्यहीँ उनीहरुका समस्या सुन्न र जस्ताको तस्तै बुझ्न सकिन्छ । समस्याको सही समाधान पनि यहीँबाट गर्न सकिन्छ भन्ने मान्यताबाट स्थानीय सरकार निर्माण भएको हुन्छ । अर्थात जुन तहको सरकारले जुन काम सबभन्दा कुशल ढंगले निर्वाह गर्न सक्छ त्यो काम त्यही तहको सरकारलाई दिनुपर्छ भन्ने सैद्धान्तिक मान्यतामा स्थानीय सरकारलाई अधिकारहरु सुम्पिएका छन् । निर्वाचित जनप्रतिनीधिहरु मार्फत सरकारको सबैभन्दा तल्लो,सबैभन्दा नजिकको सरकार स्थानीय सरकार भएकोले यसको विशेष महत्व र खास भूमिका रहेको छ । स्थानीय सरकार अथवा गाउँपालिका र नगरपालिकाहरुले शिक्षा क्षेत्रमा अवलम्बन गर्ने व्यवस्थापकीय शैली जसले शिक्षा क्षेत्रमा गुणात्मक सुधार सम्भव बनाउँछ । सुशासन नागरिकको भलो हुने गरि सरकार र यसका अङ्गहरुले गर्ने व्यवहार हो । सुशासनमा मात्र नागरिक हितका लागि नागरिकप्रति सरकार समर्पित हुन्छ । उत्तर दायी,जिम्मेवार र पारदर्शी ढंगले काम गर्छ । नागरिक हित हुने कुरामा उनीहरुको अभिमत लिई कानुन बमोजिम शासन व्यवस्था संचालन भएको हुन्छ । पछाडि परेको वर्ग,क्षेत्र र लिङ्गको समन्यायिक विकासमा ध्यान दिन्छ भने शैक्षिक सुशासनले शिक्षा क्षेत्रको समग्र व्यवस्थापनमा सुशासनका अवयवहरुको अवलम्बन नै शैक्षिक सुशासन हो । यसमा शिक्षाको गुणस्तर सिर्जना गर्न शिक्षा प्रशासक,अविभावक,शिक्षक,विद्यार्थी र अन्य सरोकारवालाहरु बिच सिर्जनात्मक सहकार्य गरिन्छ ।

यसै सन्दर्भमा नेपालको संङ्घीय संरचनाले पनि स्थानीय सरकारलाई शासनको एक अभिन्न र अपरिहार्य तहको रुपमा स्थापित गरेको छ । संबैधानिक र कानुनी रुपमा बहुआयामिक अधिकार र भूमिका किटान भएको छ । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकको आधारभूत आवश्यकताको रुपमा वर्गीकरण गरि सबै नागरिकलाई शिक्षाको

अवसर उपलब्ध गराउनु राज्यको दायित्व रहेको उल्लेख गरिएको छ । नेपालको संविधानको अनुसूचि ८ अन्तर्गत स्थानीय तहको अधिकारको सूचिमा आधारभूत र माध्यामिक शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारलाई सुम्पिएको छ । यसैगरि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा शिक्षा सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ । यी अधिकार र कर्तव्यको कार्यान्वयन गर्दै शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रुपान्तरणको माध्यमको रुपमा विकास गर्नु परेको छ । सबै तहमा सबै वर्ग क्षेत्रको समतामूलक पहुँचको सुनिश्चिता अपरिहार्य भएको छ । शैक्षिक गुणस्तरमा सुधार गरि रोजगारमूलक र आयमूलक जीवन उपयोगी बनाउनु परेको छ । शैक्षिक क्षेत्रमा व्यवस्थापकीय क्षमता अभिबृद्धि गर्दै आर्थिक सामाजिक विकासका राष्ट्रिय लक्ष्यहरुका साथै दिगो विकासको विश्वव्यापी लक्ष्य हासिल गर्ने दिशातर्फ स्थानीय सरकार उन्मुख भएको छ जसलाई यस दश वर्षे शिक्षा योजनाले मार्ग प्रशस्त गर्ने भएकाले यस योजना कार्यान्वयको प्रबन्धस्थानीय नियकालाई दिएको छ र सोही मुल्यमान्यतामा यस बराहताल गाउँपालिकाको दश वर्षे शिक्षा योजना निर्माण गरिएको छ ।

६.२.१ वर्तमान अवस्था

सन् २०३० सम्मका लागी विश्वव्यापी रुपमा तय गरिएका दिगो विकासका १७ लक्ष्यहरुमा लक्ष्य ४ गुणस्तरिय शिक्षामा केन्द्रित छ । लक्ष्य ४ विशेष गरि समावेशी र समतामूलक गुणस्तरिय शिक्षाको पहुचँ सुनिश्चित गर्ने र जीवन पर्यन्त शिक्षाका अवसर उपलब्ध गराउने उल्लेख गरेको छ । यो लक्ष्य हासिल गर्न बिभिन्न प्रयासहरू भएतापनि उचित प्रतिफल देखा परेका छैन । शिक्षालाई यस रुपमा बुझ्न र सो अनुरुपको व्यवहार गर्न विद्यालय सुशासनमा सबै पक्षको न्यूनतम रुपमा भए पनि साझा धारणा बनाउनु आवश्यक हुन्छ,साझा सोच र प्रयास आवश्यक हुन्छ । यसका लागि विद्यालय सुशासनमा नयाँ नयाँ संरचना बनाउने भन्दा पनि भएका संरचना र संयन्त्रमा सुधार गर्नु आवश्यक हुन्छ । यिनीहरुको क्षमता विकासमा जोड दिनुपर्छ । असहमतिका बिचमा सहमती खोजेर अगाडि बढ्नुपर्ने अवस्था छ । सुशासनमा न्यूनतम साझा धारणा तय गरि अगाडि बढ्न उपयुक्त हुने देखिन्छ । अबका दिनमा विद्यालय गभर्नेन्स कुनै एक कर्ताको एकल निर्णयबाट नभई बहुसहभागितामा आधारित भई साझा मतका आधारमा सन्चालन हुनु आवश्यक हुन्छ,जसलाई थेइसेन्स (२०१६) ले governce through networks मा भनेका छन् जहाँ औपचारिक एवम् अनौपचारिक सन्जाल दुबैले काम गर्न सक्छन् । यसमा राष्ट्रिय ढाँचा चाहिन्छ । विद्यालय गभर्नेन्सको सन्दर्भमा सरकारका प्रतिनी निर्णयकर्ताका रुपमा भन्दा पनि एउटा कर्ताको रुपमा मात्र रहनु उपयुक्त हुन्छ । विद्यालय सुशासनमा सरोकारवालाहरूको सामूहिक र वैयक्तिक जवाफदेहिताले अत्यन्त महत्व राख्दछ (स्मिथ,२०१६) । यस्तो जवाफदेहिता विद्यार्थीको सिकाइ उपलब्धिमा मात्र हेर्ने पद्धति रहेको छ । विद्यार्थीको सिकाइ उपलब्धि बढाउने नाममा पाठ्यक्रमका अन्य अपेक्षा छाँयामा पर्ने हो कि भन्ने चिन्तालाई पनि स्वभाविक मान्नुपर्ने हुन्छ । किनकी यस्तो उपलब्धिमापन शिक्षकबाट तयार गरिएका औजारका आधारमा हुने

गर्दछ जसको सकारात्मक प्रभाव मात्र छैनन् । विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन तर्जुमा गर्नुपर्ने नीति निर्माणमा पनि सबैको सहभागिता आवश्यक हुन्छ । सरोकारवालाहरूको व्यवहार र अभ्यासमा पनि परिवर्तन चाहिन्छ । सुधारका लागि सबैले दबाब महसुश गरेको हुनुपर्छ । विद्यालयमा जवाफदेहिता सबैले पालना गरेको हुनुपर्छ (हुग,२०१६) जुन विद्यालय गभर्नेन्समा अर्को महत्वपूर्ण पक्षको रुपमा रहेको हुन्छ । यस्तो जवाफदेहिता सामान्यतया समतलीय ( Horizontal ) र ठाडो ( Vertical ) हुन्छ भन्ने गरिन्छ । ठाडो (Vertical ) अन्तर्गत Regular School Accountability (जहाँ नियम कानुनको परिपालना र सो को प्रतिवेदन माथिल्लो निकायमा पठाउने विषय पर्छ) र School Performance accountability (जसमा विद्यालयको समग्र पक्षको मूल्याङ्कन पर्छ) जस्ता विषयहरु पर्दछन् । यसैगरि समतलीय जवाफदेहिता ( Horizontal Accountability ) अन्तर्गत Professional School Accountability/ Multiple School accountability पर्दछ । पहिलो अन्तर्गत विद्यालयका शिक्षक र अन्यका लागि पेशागत मापदण्ड पर्दछन् भने दोश्रो अन्तर्गत विद्यालयका समग्र गतिविधीहरु पर्छन्,जहाँ सबै सरोकारवालाहरूको संलग्नता,सहकार्य र समन्वय आवश्यक हुन्छ । सबै कर्ताहरुको जवाफदेहिता सुनिश्चित गर्न उनीहरूलाई कानुनतः कामको अवसर पनि दिनुपर्छ । अधिकार र काम दिनु भनेको सरोकारवालाहरूलाई खेलका लागि मैदान उपलब्ध गराउनु पनि हो । अधिकार दिएपछि सो पूरा गर्ने अपेक्षा राख्नु स्वभाविकै हुन्छ र अन्तमा,सुशासनको अवधारणा समयसँगै बदलिंदै गएको छ । सुरुमा यो शासन गर्ने पक्षसँग सम्बन्धित थियो । अहिले आएर सार्वजनिक सेवा र सुविधाको सुनिश्चितता गर्ने कार्यसँग सम्बन्धित गरिएको छ । कम शासन हुनुपर्छ भन्न थालिएको छ । सुक्ष्म ढंगबाट विश्लेषण गर्ने हो भने विगतमा जे जस्तो भए तापनि अहिले सरकार एक्लैले मुलुकको शासन सन्चालन गर्ने अधिकार प्राप्त गरेको हुँदैन् । न्यायालय,संसद,कार्यपालिकाका साथमा विभिन्न संवैधानिक निकायहरु एवम् अन्य पक्षहरुको संयुक्तरुप नै समग्रतामा मुलुकको सुशासन हो । यसले सन्तुलन र नियन्त्रणको सिद्धान्तमा आधरित भई शासन गर्नका लागि आवश्यक अधिकार बाँडफाँड गरेको हुन्छ । विद्यालय एउटा सार्वजनिक निकाय हो । यसले प्रदान गर्नुपर्ने सेवा सुविधाको सहज र प्रभावकारी ढङ्गबाट प्रवाह हुने व्यवस्था सुनिश्चित गर्नका लागि विभिन्न संरचना र संयन्त्र बनाइएका छन् । यीनै संरचना र संयन्त्र मिलेर विद्यालयको सुशासन हुन उपयुक्त हुन्छ । अहिलेको सन्दर्भमा विद्यालय सुशासन एकल निकाय वा पदाधिकारीबाट हुन सम्भव छैन । आन्तरिक र बाह्य सरोकारबालहारुको संयुक्त सहभागिता र साझ अवधारणाबाट विद्यालय सुशासन हुनु उपयुक्त हुने देखिन्छ । तसर्थ नेपालको सन्दर्भमा विद्यालय सुशासनसम्बन्धी सम्पूर्ण अधिकार न त स्थानीय सरकारमा रहेको छ न विद्यालय व्यवस्थापन समितिमा छ । यसको अलावा विद्यालय सुशासनको अधिकार त स्थानीय सरकार,विद्यालय व्यवस्थापन समिति,प्रधानाध्यापक,शिक्षक तथा अभिभावकको संयुक्त रुपमा रहेको हुन्छ ।

तसर्थ, यस योजना बराहताल गाँउपालिका शिक्षा क्षेत्रको आवश्यकता,अवसर र सम्भावनाको आकलन गरि बनाइएको हुदा यस गाउँपालिकाको शैक्षिक गतिविधिलाई व्यवस्थित गर्ने आधारमात्रको रुपमा हेरिएको छ । यसको प्रभावकारी कार्यान्वयनको लागी सम्पुर्ण सरोकारवालाहरूको एकीकृत प्रयासको आवश्यकता पर्दछ । पालिकाभित्रको विशिष्ठ परिवेश सापेक्ष शिक्षा नीति निर्माण गरि सोहीअनुरुप पको रणनीति र कार्यनीति तयार गरिएको हुदा यस पालिकाको शिक्षा क्षेत्रको विकासमा यो उपयोगी दस्तावेज हनु सक्छ । विगतमा संचालित शिक्षा क्षेत्रमा कार्यक्रमहरुले शिक्षाको पहुँच र सहभागीता समेट्न नसके को अवस्थामा समावेशी शिक्षाको विश्वव्यापी मान्यतालाई मध्यनजर गरि यो शिक्षा क्षेत्र योजना तर्जुमा गरि कार्यान्वयन गर्न लागीएको हो । यस योजनासाँग सम्बन्धित सम्पुर्ण पक्षहरूको समावेशी सहभागीता सुनिश्चित गरि कार्यपालिकाको कुनै एक सदस्यको संयोजकत्वमा स्थानीय शिक्षा योजना कार्यान्वयन तथा समन्वय समिती गठनगरिनेछ । उक्त समितीको सदस्य-सचिवमा पालिकाको शिक्षा शाखा प्रमुख लाई तोकिने छ । साथै यो शिक्षा क्षेत्र योजनाको कार्यान्वयनको जिम्मेवारी मुख्यरुपमा यही समितिले गर्नेछ ।

**यो समितीको कार्य निम्न बमोजिम हुनेछ ।**

- शिक्षा क्षेत्र योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- शिक्षा क्षेत्र योजना अन्तरगत तर्जुमा गरिएका नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत सभाबाट पारित गराउने र कार्यान्वयनका लागी बजेटको सुनिश्चितता गर्ने ।
- शिक्षा क्षेत्र योजनालाई आवश्यकता अनुरुप बार्षिक रुपमा अध्यावधिक गर्ने गराउने,
- यो शिक्षा क्षेत्र योजना अन्तरगतका कार्यक्रमरू सञ्चालन गर्ने गराउने,
- स्थानीय सरकार र अन्य संघ-संस्थाबाट पालिका क्षेत्रभित्र सञ्चालन हुने शिक्षा क्षेत्रका कार्यक्रमरू बिच समन्वय गर्नेगराउने,
- समित सूचकमा आधारित भई शिक्षा क्षेत्र अन्तरगतका कार्यक्रमकोअनगुमन गर्ने,
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमीत रूपमा कार्यक्रमकोअनगुमन र समीक्षा गर्ने
- अन्य सहयोगी निकायहरूबिच समन्वय गर्ने,
- शिक्षा अन्तरगतका गाउँपालिका क्षेत्र सम्बन्धि अध्ययन,अन्वेषण गर्नेगराउने,र अन्य आवश्यक कार्यहरू गर्ने,गराउने,

६.२.२ उद्देश्य

१. स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढिकरण गरि योजनालाई प्रभावकारी बनाउन सरोकारवालाहरूलाई सुसूचित गर्नु ।

२. यो गाउँपालिका शिक्षा क्षेत्र योजना अन्तरगतका स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाई सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच ,गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण गर्नु

३. शिक्षा क्षेत्र योजनाका उप-क्षेत्र अन्तरगत तर्जुमा गरिएका कार्यक्रमको कार्यान्वयनमा एकरूपता कार्यम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मदत पुर्याउनु,

४. बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धित तह / निकायको भूमिका स्पष्ट गरि अपेक्ष नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु

५. बार्षिक कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन एवंम प्रतिवेदन पद्धतिलाई दिशानिर्देशन गर्नु /गराउनु

६.२.३ रणनीतिहर

१. नीति तर्जुमा आधारित अनगुमन प्रणालीको माध्यमबाट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरि शिक्षित नतिजा सुनिश्चित गर्न नीति निर्देशन तथा समन्वय गर्ने।

२.संङ्घीय तथा प्रदेश तहबाट वित्तिय हस्तान्तरण मार्फत प्राप्त सर्शत अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरि बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

३. कार्यक्रम कार्यान्वयनका लागी आवश्यकतानुसार कानुन,कार्यविधि तथा निर्देशिका विकास गर्ने।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमीत रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने,त्यसको समीक्षा गरि थप सुधारमा प्रयोग गर्ने।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।

६. विद्यालय सुधार योजना ( SIP) निर्माण तथा अध्यावधिक गर्ने।

७. विद्यालय व्यवस्थापन सशक्तिकृत र सुदृढ गरि निर्धारित कार्यक्रम कार्यान्वयनका लागी प्राध्यानाध्यापकलाइ जिम्मेवारी प्रदान गरि उत्तरदायी बनाउने।

८. वित्तिय व्यवस्थापन,खरिद प्रक्रिया,शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धि आवश्यक मापदण्ड तयार गरि लागुगर्ने।

९. अभिभावक तथा सरोकारवालाहरूसग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामजिक परिक्षणलाई प्रभावकारी बनाउने।

१०. समुदायिक सिकाई केन्द्र मार्फत सबैउमेर समूहका सिकारुहरूका लागी साक्षरता,साक्षरोत्तर,निरन्तर शिक्षा,बैकल्पिक ११.शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमरू सञ्चालन गर्दै आजीवन सिकाई केन्द्रका रूपमा समेत कार्य गर्ने ।

६.२.४ ६प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चित भएको हुने छ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा सञ्चालन हुने प्रारम्भिक बाल विकास र शिक्षा,आधारभूत शिक्षा,अभिभावक शिक्षा,अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक निरन्तर सिकाइ,सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति कानुन,मापदण्ड,योजना तर्जुमा,कार्यान्वयन,अनुगमन,मूल्यांकन र नियमन हुने | ० | १५ | १५ | १५ | ११ |
| २ | विद्यालयमा आधारभूत शिक्षामा सबैको पहुँच स्थापित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु जस्तोः दिवा खाजा,छात्रवृत्तिजस्ता कार्यक्रमहरु संचालन गर्ने। | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ३ | दुर्गम,अति पीछडिएका क्षेत्र,वर्ग एवम् अपाङ्गता भएका बालबालिका समेतका लागि आवासीय विद्यालयहरु संचालन गर्ने | ० | १ | १ | १ | १ |
| ४ | नि; शुल्क पाठ्यपुस्तक समयमै उपलब्ध गराउने | ० | १ | १ | १ | १ |
| ५ | स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाई सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच,गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण भएको हुनेछ । | १ | १ | १ | १ | १ |
| ६ | बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धित तह /निकायको भूमिका स्पष्ट गरि अपेक्षीत नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनेका हुनेछन् | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| ७ | गुणस्तरीय शिक्षाको विकासका लागि शिक्षक तालिम,न्यूनतम सिकाइ वातावरण निर्माण,विद्यालयको भौतिक पूर्वाधार निर्माण,शिक्षक दरबन्दी | १ | १ | १ | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मिलान,मातृभाषामा शिक्षा,बालमैत्री सिकाइ,प्रविधिको प्रयोग,अनुगमन तथा मूल्यांकन पद्धतिमा सुधार भई कार्यान्वयन हुने छ। | | | | | |
| ८ | माध्यमिक शिक्षा अन्तर्गत निःशुल्क पाठ्यपुस्तक वितरण,विभिन्न छात्रवृत्तिहरु वितरण,आवासीय विद्यालय तथा घुम्ती विद्यालय संचालन | ० | १ | १ | १ | १ |
| ९ | सबै विद्यालयहरुमा नमूना विद्यालयको विकास,प्रधानाध्यापकको छुट्टै दरबन्दी व्यवस्था,शिक्षक तालिम,विज्ञान प्रयोगशाला,पुस्तकालय,दूर शिक्षा कार्यक्रम,स्वयंसेवक परिचालन जस्ता कार्यक्रमहरु संचालन | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| १० | अनौपचारिक शिक्षा अन्तर्गत सामुदायिक अध्ययन केन्द्रमार्फत साक्षरता कार्यक्रम संचालन गरि गाउँपालिकालाई साक्षर घोषणा गर्ने कार्यक्रम संचालन गर्नु | १ | १ | १ | १ | १ |
| ११ | सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्वस्थापन तथा विद्यालयको आय व्ययको वित्तीय अनुशासन कायम राख्नका लागि निरन्तर अनुगमन,सुपरीवेक्षण एवम् नियमन निरन्तर रुपमा गर्नु | १ | ३ | ३ | ३ | ३ |

६.२.५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य

| क्र. स | क्रियाकलाप तथा प्रमुख कार्यक्रम | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्षमा | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | शिक्षा सम्बन्धी नीति कानुन,निर्देशिका,कार्यविधि ,मापदण्ड,निर्देशिका तथा कार्यविधि,योजना तर्जुमा,कार्यान्वयन,अनुगमन,मूल्यांकन र नियमन, | पटक | १ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | निर्दिष्ट सूचकहरु तयार गरि आफ्नो क्षेत्रभित्रका उत्कृष्ठ प्रअ,शिक्षक,विद्यालय व्यवस्थापन समिति र विद्यालयसमेतलाई पुरस्कृत गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ३ | पुराना शिक्षकलाई नयाँ पाठ्यक्रम अनुरुप समायोजन गराउन तालिम र क्षमता विकासका कार्यक्रमहरु निरन्तर रुपमा संचालन | पटक | १५ | ० | ३ | ३ | ३ | ३ | १२ | ३ |
| ४ | सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावकसँगको सहकार्यबाट विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक भई र कार्यान्वयनमा सहजीकरण भएको हुनेछ । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | सामुदायिक र निजी विद्यालयमा देखिएको लैंगिक असमानता कम गर्न स्थानीय सरकारले जनचेतनामूलक | पटक | १० | १ | २ | २ | २ | २ | ९ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम संचालन गर्ने । | | | | | | | | | |
| ६ | उपलब्ध शिक्षा क्षेत्र गत कानुन निर्देशिका मापदण्डको छपाई तथा प्रबोधिकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ७ | लगानीको लागी स्थानीय गैससहरूसँग साझेदारी तथा समन्वय | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढिकरण | विद्यालय | ५६ | ० | ५६ | ✓ | ✓ | ✓ | ५६ | निरन्तर |
| ९ | सम्बद्ध सबैसंस्थाहरूको लागी सामजिक परिक्षण | वार्षिक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्नअभिभावक भेला तथा बैठकहरू आयोजना | पटक | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| ११ | समुदायिक सिकाई केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागी साक्षरता,साक्षरोत्तर,निरन्तर शिक्षा,बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम हरु सञ्चालन गर्ने | पटक | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| १२ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाई प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ | विद्यालय | ५६ | १० | १० | १५ | १५ | ६ | ५६ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | घोक्ने भन्दा सोच्ने,शिक्षण भन्दा सिकाइ,पाठ्यपुस्तक भन्दा सन्दर्भ सामग्री,एकल भन्दा सामुहिक,कक्षाकोठा भन्दा कक्षा बाहिर,विचारलाई स्विकार गर्ने भन्दा आलोचना गर्ने,लेक्चर भन्दा छलफल जस्ता अभ्यासहरुमा विद्यालयका कृयाकलापहरु केन्द्रित गर्ने | विद्यालय | ५६ | १० | १० | १५ | १५ | ६ | ५६ | |
| १४ | विद्यालयको पारदर्शिता र सूचना प्रणालीलाई प्रभावकारी बनाउन परमपरागत अभ्यासलाई कार्यान्वयन गर्ने जस्तै ; कटुबाल प्रथा,चोहो प्रणाली (तामाङ्ग),रोधि आदी | विद्यालय | ५६ | ० | १० | १० | १० | १० | | १६ |
| १५ | विद्यालयका योजना तथा कार्यक्रम,शैक्षणिक कृयाकलाप,आर्थिक गतिविधि जस्ता आम समुदायका सरोकारका विषयहरुलाई यस्ता रैथाने कार्यक्रमहरु मार्फत सार्वजनिक गरि सरोकारवालाहरुलाई सूचना प्रदान गर्ने र पारदर्शिता कायम गर्ने । | विद्यालय | ५६ | ५ | १० | १० | १० | १० | | ११ |

*परिच्छेद ७ :*

७ १ लगानी स्रोत व्यवस्थापन

७.१.१ वर्तमान अवस्था

नेपालको संबिधानले व्यवस्था गरे अनुसार शिक्षामा स्थानीय तहको लगानीमा बृद्धि भईरहेको छ । मानव जीवनको आधारभूत जगलाई उकास्नको लागि शिक्षामा लगानी अपरिहार्य हुदैआएको छ । शिक्षालाई प्रभावकारी बनाउन यसमा आर्थिक नीति मजबुत भएमा मात्र सम्भब देखिन्छ। यसका स्रोतहरू सङ्घ प्रदेश सरकारले दिने बजेट र स्थानीय नीति सङ्कलन हुने राजश्वको रकम नै यसको स्रोतको नीति रहेको छ । यस गाउँपालिकामा कुल बजेटको शिक्षा क्षेत्रमा १३ प्रतिशत बजेट बिनियोजित गरेको छ यसका मुख्य स्रोतका नीति सङ्घ सरकारले दिने अनुदान वापतको रकम ,प्रदेश सरकारले दिने कार्यक्रम र अनुदान राजस्व बाडफाडबाट हुने बजेट स्रोत तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय निकाय बाट हुने कार्यक्रम तथा अनुदान र उच्च शिक्षामा बिद्यार्थीबाट लिइने शुल्क नै यसका स्रोतका रूपमा रहेका छन् । हाल बराहता गाउँपालिका कुल बजेटको १३ प्रतिशत शिक्षा क्षेत्रमा बिनियोजन गरेको छ र योजनामा प्रक्षेपित बजेटको सुनिश्चितताको लागि आगामी आ.ब. देखी शिक्षा क्षेत्रमा कम्तिमा कुल बजेटको २० प्रतिशत पुर्याउनको लागि क्रमिक रूपमा बजेट बृद्धि गदै भएकोले लगानीमा बृद्धि भएको छ । सङ्घ र प्रदेश सरकारले भन्दा बढी शिक्षामा लगानी बृद्धि गरेको देखिन्छ । हालको लगानी प्रारम्भिक बाल विकास,आधारभूत शिक्षा,माध्यमिक शिक्षामा शिक्षकको क्षमता बृद्धि,नमुना विद्यालय,बाल मैत्री विद्यालय,खानेपानी तथा स्वाच्छता सम्बन्धी,बाल बगैचा हरियाली,विद्यालय भवन,जिरो दरबन्दी भएका विद्यालयहरूलाई शिक्षक अनुदान भैतिक सुधार,प्रशासनिक सुधारमा लगानी भएको अवस्था छ । आगामी दिनहरूमा यस लाई थप व्यस्थित बनाइने लक्ष्य लिइएको छ । यस योजनाको सुनिश्चितताको लागि तपसिल प्रस्ताबित बजेट स्रोतको व्यवस्थान गरिने छ ।

संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ,प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरि तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हो । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने,स्रोतको विनियोजन गर्ने,विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ । बराहाताल गाँउपालिकाले पनि पालिकाको शैक्षिक सुधारका लागि हरेक बर्षका नीति तथा कार्यक्रमहरुमा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको छ । शिक्षा

क्षेत्रको सुरधाका लागि पालिकाले विभिन्न शेक्षिक कार्यक्रम र नीतिहरु निर्माण गरेर कार्यान्वयन गरेको छ । बालविकासका शिक्षकको तलब थप गर्ने तथा पालिका अनुदान मार्फत शिक्षक थप गरि शैक्षिक गतिविधी सहज बनाउन पनि पालिकाले बजेट विनियोजन गरेर अगाडि बढेको छ । पालिकाको कुल बजेटमा शिक्षा क्षेत्रको बजेट अत्यन्त बढी देखिएको भएता पनि कुल बजेटको ८५ प्रतिशतको हाराहारीमा शिक्षकको तलवमा जाने र बाँकी रहेको न्यून बजेटमा पनि शेक्षिक पुर्वाधारमा लगानी भएर १.५ प्रतिशत बजेटमात्र शिक्षाक्षेत्रको क्षमता विकासमा विनियोजन हुने गरेको छ ।

**७.१.**२ उद्देश्य

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरि कार्यक्रमगत निर्धारण गर्नु

खर्चको प्रक्रिया,तिनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।

४ . लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्न उत्तरदायित्वलाई थप सबल बनाइने छ ।

**७.१.**३ रणनीतिहरु

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तिनै तहका सरकारहरु विचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संङ्घीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने ।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।

३. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ ।

४. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरि कूल ग्राहस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रुपमा २० प्रतिशत पुर्याइनेछ ।

५. नेपालको वैदेशिक सहायता नीति अनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ ।

६. उपागमको अवधारणा अनुसार कार्यक्रम खर्च तथा सेवामूलक व्यवसायका रुपमा विकास गरिनेछ ।

७. सार्वजनिक सेवा,सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रुपमा विकास गरिनेछ ।

८. मापदण्डका आधारमा शिक्षामा नीजि तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिनेछ । भने निजी क्षेत्रले सार्वजनिक सेवा,सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रुपमा रहने गरि विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ ।

९. अवस्था र आवश्यकताका आधारमा समानीकरण,समपूरक,शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिनेछ ।

**७.१.४** प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता,पारदर्शिता,जिम्मेवारी तथा जवाफदेहिताको सुनिश्चितता भएको हुने छ ।

७.४.५ प्रमुख क्रियाकलापहरु र परिमाणत्मक लक्ष्य

| क्र.स | प्रमुख सूचकतथा क्रियाकलापहरू | आधार बर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | आ.ब. २०८६ देखी ०९० सम्म ५ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षा | **१४६३४०००** | **१७५६०८००** | **२१०७२९६०** | **२५२८७५५२** | **३०३४५०६२** | |
| २ | आधारभूत शिक्षा | ४७१३०००० | ५६५५६०० | ६७८६७२० | ८१४४०६४ | ९७७२८७७ | |
| ३ | माध्यमिक शिक्षा | २५८१७००० | ३०९८०४०० | ३७१७६४८० | ४४६११७७६ | ५३५३४१३१ | **१९२११९७८७** |
| ४ | अनौपचारिक शिक्षाः शिक्षा | ५००००० | ६०००००० | ७२००००० | ८६४०००० | १०३६८०० | **१७८८३२०** |
| ५ | प्राविधिक तथा व्यवसायिक शिक्षा र | ७००००० | ८४००००० | १००८०० | १२०९६०० | १४५१५२० | **५२०९१२०** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सिप विकास तथा तालिम | | | | | | |
| ६ | पाठ्यक्रम,पाठ्यपुस्तक ,सिकाइ सामग्री तथा मूल्याङ्कन | ५२४६०००<br>० | ६२९५२<br>०० | ७५५४२<br>४० | ९०६५०<br>८८ | १०८७८१<br>०५ | ३९०३८६३३ |
| ७ | शिक्षक व्यवस्थापन र विकास (सर्शत अनुदान,निजि स्रोत तथा पालिका अनुदान ) | ११५६७८<br>००० | ४३२४८<br>०० | ५१८९७<br>६० | ६२२७७<br>१२ | ७४७३२५<br>४ | १३८८९३५२६ |
| ८ | विद्यालय सुरक्षा,विपत् न्यूनीकरण तथा उत्थानशीलता | ३००००० | ३६०००<br>० | ४३२००<br>० | ५१८४०<br>० | ६२२०८० | २२३२४८० |
| ९ | सुशासन तथा व्यवस्थापन | ५०८६००<br>० | ६१०३२<br>०० | ७३२३८<br>४० | ८७८८६<br>०८ | १०५४६३<br>२९ | ५०८६००० |
| १० | शिक्षामा समाता र समावेशीकरण | २६७७००<br>० | ३२१२४<br>०० | ३८५४८<br>८० | ४६२५८<br>५६ | ५५५१०२<br>७ | १९९२११६३ |
| ११ | विद्यालय पोषणा तथा स्वास्थ्य कार्यक्रम | १०१०५०<br>०० | १२१०८<br>००० | १४५२९<br>६०० | १७४३५<br>५२० | २०९२२६<br>२४ | ७५१००७४४ |
| १२ | विद्यालय भौतिक पुर्वधार र विकास | ४२८४००<br>० | ७७५०८<br>०० | ९३००९<br>६० | १११६१<br>१५२ | १३३९३३<br>८२ | ४५८९०२९४ |
| १३ | विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | १६४८००<br>० | १९७७६<br>०० | २३७३१<br>२० | २८४७७<br>४४ | ३४१७२९<br>२ | १२२६३७५६ |
| | जम्मा | **१९१३८८<br>०००** | **२३२१३<br>३२५०** | **२७८५५<br>९९१०** | **३३४२७<br>१८८२** | **४०११२६<br>२२४** | १४३७४७९२<br>६६ |

बजेटको स्रोतहरु ; सङ्घ ससर्त अनुदान प्रदेश समानिपुरक अनुदान ,गाउँपालिकाको आन्तरिक स्रोत,साझेदार राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्थाको अनुदान,अन्य

## ७.१.६ क्षेत्रगत रुपमा लागत अनुमान

| क्र स | प्रमुख नतिजा | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| **१** | **प्रारम्भिक बाल विकास** | **१४६३४०००** | **१७५६०८००** | **२१०७२९६०** | **२५२८७५५२** | **३०३४५०६२** |
| १.१ | ELDS Report Card को प्रयोग | ३५० | ४२० | ५०४ | ६०५ | ७२६ |
| १.२ | स्थानीय एकिकृत प्रारम्भिक बाल विकास (LIECDP) योजना तर्जुमा र कार्यान्वयन | ३०० | ३६० | ४३२ | ५१८ | ६२२ |
| १.३ | प्रारम्भिक बाल विकास संचालक समिति गठन तथा सवलीकरण | २५० | | | | |
| १.४ | कक्षा कोठा व्यवस्थापन | २०० | २५० | ३०० | ३५० | ४०० |
| **२** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | **४७१३०००** | **५६५५६००** | **६७८६७२०** | **८१४४०६४** | **९७७२८७७** |
| २.१ | कक्षा कोठा व्यवस्थापन | ३००० | ३१५० | ३३०० | ३५०० | ३८०० |
| २.२ | निरन्तर विद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | ७००० | ७७०० | ८४४० | ९२८४ | १०२१२ |
| २.३ | घुम्ती शिक्षक बैठक | २०० | ३० | ४० | ५० | ६० |
| २.४ | शिक्षण सिकाई आपुरण (कक्षा १-८) | ३००० | ७१० | ७३० | ७५० | ७८० |
| २.५ | विद्यालयमा खानेपानी तथा सरसफाई | ३५०० | ४०० | ३०० | ३०० | ३०० |
| **३** | **माध्यामिक तह** | **२५८१७०००** | **३०९८०४००** | **३७१७६४८०** | **४४६११७७६** | **५३५३४१३१** |
| ३.१ | कक्षा कोठा व्यवस्थापन | ५००० | १००० | १००० | १००० | १००० |
| ३.२ | निरन्तर विद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | १५०० | १५० | १६५ | १८५ | २१० |
| ३.३ | घुम्ती शिक्षक बैठक | १५० | २०० | २५० | ३०० | ३५० |
| ३.४ | शिक्षण सिकाई आपुरण (कक्षा ९-१२) | ५००० | ८० | १०० | १२० | १५० |
| ३.५ | विद्यालयमा खानेपानी तथा सरसफाई | २५०० | ५०० | ५०० | ५०० | ५०० |
| **४** | **प्राविधिक तथा व्यवसायीक शिक्षा** | **७०००००** | **८४००००** | **१००८०००** | **१२०९६००** | **१४५१५२०** |
| **५** | **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | **५०००००** | **६०००००** | **७२००००** | **८६४०००** | **१०३६८००** |
| **६** | **पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मुल्याङ्कन** | **५२४६०००** | **६२९५२००** | **७५५४२४०** | **९०६५०८८** | **१०८७८१०५** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | **शिक्षक व्यवस्थापन र विकास** | **११५६७८०००** | ४३२४८०० | ५१८९७६० | ६२२७७१२ | ७४७३२५४ |
| **८** | **शैक्षिक समता र समावेशिकरण** | **२६७७०००** | **३२१२४००** | **३८५४८८०** | **४६२५८५६** | **५५५१०२७** |
| ८.१ | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्यांक संकलन | ९०० | १५० | १६५ | १८५ | २०० |
| ८.२ | सामुदायिक सिकाई केन्द्र सञ्चालन | ६५०० | ९०० | १२०० | १४०० | १५०० |
| ८.३ | रूपान्तरण कक्षा संचालन | २००० | ३४५ | ३८० | ४१७ | ४५९ |
| ८.४ | राष्ट्रिय योग्यता प्रारूप (NQF) कार्यान्वयन | १२०० | | ३०० | ३५० | ४०० |
| ८.५ | किशोर-किशोरीहरूलाई सीप विकास सहयोग | ४००० | १००० | १००० | १००० | १००० |
| ८.६ | किशोर-किशोरीहरूलाई व्यवसायिक योजना निर्माणमा सहयोग | १५०० | २५० | २५० | २५० | २५० |
| ८.७ | किशोर-किशोरीहरूलाई बजारसंग आवद्दता | ३०० | ५० | ५० | ५० | ५० |
| **९** | **विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम** | **१०१०५०००** | **१२१०८०००** | **१४५२९६००** | **१७४३५५२०** | **२०९२२६२४** |
| **१०** | **आपतकालीन तथा संकटपुर्ण अवस्थामा शिक्षा** | **३०००००** | **३६००००** | **४३२०००** | **५१८४००** | **६२२०८०** |
| **११** | **विद्यालय भौतिक पूर्वाधार विकास** | **४२८४०००** | **७७५०८००** | **९३००९६०** | **१११६११५२** | **१३३९३३८२** |
| ११.१ | निर्माण कार्य | १८४०००० | २२०८००० | २६४९६०० | ३१७९५२० | ३८१५४२४ |
| ११.२ | उपकरण तथा जडान सामग्री | ४००००० | ४८०००० | ५७६००० | ६९१२०० | ८२९४४० |
| **१२** | **विद्यालय सुचना तथा सञ्चार** | **४०००००** | **४८००००** | **५७६०००** | **६९१२००** | **८२९४४०** |
| **१३** | **सामुदायिक पुस्तकालय** | **१००००००** | **५०००००** | **५०००००** | **५०००००** | **५०००००** |
| **१६** | **संस्थागत क्षमता विकास** | **५०८६०००** | **६१०३२००** | **७३२३८४०** | **८७८८६०८** | **१०५४६३२९** |
| **१७** | **अनुगमन तथा मुल्याङ्कन** | **२५०** | **३००** | **३५०** | **४००** | **४५०** |
| | **जम्मा** | **१९१३८८०००** | **२३८५५२८००** | **२८६२६३९१०** | **३४३५१६६८२** | **४१२२१९९८५** |

**७.५ योजनाको बार्षिक बजेट तर्जुमा प्रक्रिया**

स्थानीय तहले बार्षिक रुपमा योजना तर्जुमा गर्ने प्रकृया बमोजिम नै शिक्षा क्षेत्रको बार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने प्रकृया अबलम्बन गर्नेछ । यसका लागि संघ तथा प्रदेश र स्थानीय तहको बजेट अनुमान र सिलिङका आधारमा कार्यक्रमहरु तय गरि अन्य सरोकारवालाहरु सँग पनि स्रोत खोजी गरि कार्यक्रम तय गर्ने र सेही बजोमिम बार्षिक योजनामा रहेका क्रियाकलापहरुलाई समावेश गर्दै कार्यान्वयन गिरनेछ ।

७.६ योजना कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि बार्षिक रणनीति कार्यान्नयन योजना निर्माण गरिनेछ । यसका लागि बार्षिक रुपमा प्राप्त बजेट तथा कार्यक्रमलाई प्राथमिकता अनुसार स्रोत सुनिश्चित भए सोही बर्ष र नभए प्राथमिकताका आधारमा बजेट कार्यान्वयन रणनीति तय गरि कार्यानव्यन गर्ने र बजेटको प्रभावकारी कार्यानव्यन गरिनेछ ।

परिच्छेद ८ :

## ८.१अनुगमन तथा मूल्याङ्कन

### ८.१.१ परिचय

नेपालमा योजनाबद्ध विकास प्रयासको सुरु अवस्था सँगै विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी बसेको पाइन्छ । आ.व. २०३२/०३३ देखि विकास आयोजनाहरुको कार्यान्वयनको मूल्याङ्कन गर्ने व्यवस्थाको सुरुवात भयो । आठौं योजना २०४९/०५४ देखि अनुगमन तथा मूल्याङ्कन को एउटा पद्धतिको रुपमा मजबुत गर्ने कार्य गरियो । यस योजनामा विगतका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थामा देखिएका कमीकमजोरीहरुमा सुधार गरि संस्थागत व्यवस्था ,उच्च राजनैतिक तहको प्रतिबद्धता र उपलब्धि मुल्याङकाको व्यवस्थासहितको बलियो अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गरियो ।

अनुगमन भन्नाले कुनैपनि कार्यक्रम कार्यान्वयनका लागि विशेषतः शैक्षिक योजना तथा कार्यक्रमहरु के कति रुपमा भए ? त्यसको लक्षित प्रतिफल योजना अनुरुप भइरहेका छन् वा छैनन ? भनी कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तहको व्यवस्थापनद्वारा निरन्तर र अद्यावधिक गरि निगरानी राख्ने कार्य हो । मूल्याङ्कन भन्नाले कुनै शैक्षिक कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरु कति सान्दर्भिक ,सक्षम ,लाभदायक र प्रभावकारी देखिएका छन भन्नेबारे व्यवस्थित रुपबाट मापन गरि लेखाजेखा गर्ने कार्य हो । यहाँ भन्न खोजिएको तथ्य अनुगमन तथा मूल्याङ्कन को मुख्य उद्देश्य गाँउ शिक्षा योजना र विद्यालय क्षेत्र विकास कार्यक्रमले किटान गरेका प्रत्येक सेवा प्रवाह का तहका लक्ष्य तथा उद्देश्य अनुरुपका उपलब्धिहरु पत्ता लगाई ती सुचकका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरि प्रवाह सुधार गर्नु हो ।

### **८.१.२ वर्तमान अवस्था**

यस गाउँपालिकामा शिक्षा क्षेत्र प्रभावकारी,गुणस्तर कायम र समुदायिक विद्यालय आकर्षण वढाउनका लागि शिक्षा ऐन,नियम अनुसार कार्य भए नभएको लेखाजोख गर्ने,लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र

क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरु नियमीत रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गरिने छ । यस बराहाताल गाउँपालिका शिक्षा योजनाको प्रचार प्रसार गर्न सरोकारवालाहरुलाई भेला गराई,सुचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराउने गरेको छ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि पालिका तथा सम्वन्धित वडाहरुले यस योजनासँग सम्वन्धित तह तथा निकायहरुसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्ने गरेको छ । योजनाको कार्यान्वयनको क्रममा पालिका वडाहरु,सम्वन्धित समिति तथा उपसमितिहरुको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ । शिक्षा क्षेत्रका योजना,कार्यक्रम र विभिन्न क्रियाकलाप थप प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन समिति रहेको छ । यस पालिकाको शिक्षा योजना सरोकारवालाहरुलाई जानकारी गराइ सो कार्यान्वयन भएनभएको सम्वन्धित निकायबाट अनुगमन गरिनेछ ।

अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ ।

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडाशिक्षा समिति | अलवोकन,निरक्षण, सुपरिवेक्षण,प्रतिवेदन | संयोजक तथा सदस्य | मासिक | आगन्तुक पुस्तिका,विद्यालय अनुगमन फाराम,कक्षाकोठा अनुगमन फाराम,प्रतिवेदन |
| २ | गाउँशिक्षा समिति | | संयोजक तथा सदस्य | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | गाउँपालिका | | अध्यक्ष,पदाधिकारी र तोकिएका अधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | ईकाइ प्रमुख | | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत वा तोकिएको अधिकारी | | शिक्षा,युवा तथा खेलकूद शाखा प्रमुख | मासिक | |
| ८ | गाउँपालिका शिक्षा शाखा | | शिक्षा,युवा तथा खेलकूद शाखा प्रमुख | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत | | तोकिएको अधिकारी | वार्षिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| | विकास केन्द्र | | | | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | गाउँपालिकाका विज्ञ समूह | | शाखा प्रमुख | मासिक | |
| १२ | वि.व्य.स र शिक्षक अभिभावक संघ | | पदाधिकारी | निरन्तर | |
| १३ | नागरिक समाज तथा गैर सरकारी संघसंस्था | | | मासिक | |

## ८.१.२ उद्देश्य

१. बार्षिक शिक्षा बजेट तथा कार्यक्रम अवश्यकता र योजनाबद्ध तरिकाले तयारी र कार्यान्वयन गर्नु,

२. आवश्यकता अनुसार कानुन,मापदण्ड र निर्देशिका विकास तथा स्थानीय तहका शिक्षा शाखा तथा महाशाखाहरूको क्षमता विकास गर्नु,

३. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमीत रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार,समीक्षा , सुधार गर्नु,

४. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि अवश्यक व्यवस्था मिलाउनु,

५. विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु

६. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु,

७. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल गर्नु,

८. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरि आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु,

**८.१.३** रणनीतिहरू

१. व्यावस्थित बजेट बिनियोजनका लागि अनुगमन,मूल्याङ्कन र अनुसन्धानबाट प्राप्त नतिजाका अधारमा बितरण र कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने,

२. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग र अनुगमन,मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो,छरितो,व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिने छ,

३. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने,

४. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिने, योजनाका निर्माण देखि सञ्चालन प्रक्रिया,परिणाम,उपलब्धि र प्रभावको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिने

५. व्यवस्थित र प्रमाणमा आधारित अनुगमन,मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिने,

६. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषण,सिकाइका र असल अभ्यास लाई अन्य विद्यालय वा कार्यक्षत्रमा कार्यन्वयन गरिने,

७. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने,

८. कक्षाकोठाको सिकाइको अनुगमन,सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन,९. मूल्याङ्कन,सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने,

१०,अनुगमन का क्रममा उत्कृठ विद्यालय,शिक्षक र कर्मचारी लाई प्रोत्सानका लागपि पुरस्कार र दण्ड प्रणालीको विकास गरिने,

## ८.१.४ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य

## उपलब्धि तथा नतिजा

१. प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

२. अनुगमन,मूल्याड्कन,समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतिहरू समाधान भई अपेक्षित उपलब्धि हासिल हुने छ।

३. अनुगमन र मूल्याड्कनमा संस्थागत विकास र अनुगमन,मूल्याड्कन,समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार हुने,

४. विद्यार्थीहरूको शैक्षिक उपलब्धि सुधार तथा समन्वय र सहजीकरणले कार्यले शिक्षकको क्षमतामा कुशलता ल्याउने,

**८.१.५** प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र . स. | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | आफुले कार्यान्वयन गरेका कार्यक्रमहरूको नियमीत अनुगमन गर्ने | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | स्थिति प्रतिवेदन तयार गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धी परिक्षण गर्ने | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| ६ | कक्षा १ देखि ३ सम्मका बालबालिकाको पठन सिप परीक्षणका लागि कक्षाकोठामा | पटक | ६० | ० | १२ | १२ | १२ | १२ | ४८ | १२ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारित पठन सिप परीक्षण (CB-EGRA) संचालन गर्ने | | | | | | | | | |
| ७ | विद्यालयको कार्यसम्पादन मूल्याङ्न गर्ने । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | विद्यालयहरुको सामाजिक परिक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | विद्यालयहरूको लेखा परिक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | रोष्टर विशेषज्ञहरूको व्यस्थापन र परिचालन | जना | ५६ | ० | ५६ | - | - | - | ५६ | निरन्तर |
| ११ | विज्ञ समुह,विद्यालय निरक्षक तथा शिक्षक सिकाइ समुह मार्फत,शिक्षा शाखा मार्फत विद्यालय अनुगमन तथा कक्षा सुपरिवेक्षण | पटक | २० | १ | ४ | ४ | ४ | ४ | १७ | ३ |
| १२ | प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरिवेक्षण र प्रतिवेदन | पटक | ६० | ० | १२ | १२ | १२ | १२ | ४८ | १२ |
| १३ | सिकाइमा आधारित मुल्याङ्कन | विद्यालय | ५६ | ० | ५६ | ५६ | ५६ | ५६ | ५६ | निरन्तर |
| १४ | प्रमाणमा आधारित मुल्याङ्कनका लागि अभिलेखिकरण | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | निरन्तर |
| १५ | स्थानीय तहद्वारा कक्षा अनुगमन | पटक | १५ | १ | ३ | ३ | ३ | ३ | १३ | निरन्तर |

## सन्दर्भ सामग्रीहरु

१. नेपालको संविधान,२०७२
२. स्थानीय सरकार सञ्चालन ऐन,२०७४
३. सोह्रौ आवधिक योजना,(२०८०/२०८१-२०८५/२०८६)
४. दिगो विकास लक्ष्य,२०१६- २०३०
५. अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन,२०७५
६. राष्ट्रिय शिक्षा ऐन,२०७६
७. राष्ट्रिय शिक्षा पद्धतिको योजना,२०२८
८. राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७५
९. पन्ध्रौ आवधिक योजना ( २०७५-७६/ २०८०-२०८१)
१०.विद्यालय क्षेत्र विकास योजना (२०७३-०७४/२०७८-२०७९)
११. शिक्षा क्षेत्रको योजना,२०२१ - २०३०
१२ नेपाल जीवनस्तर मापन सर्वेक्षण,२०८०
१३.आर्थिक सर्वेक्षण २०८०,शिक्षा,विज्ञान तथा सञ्चार मन्त्रालय
१६. शिक्षा तथा मानव स्रोत विकास केन्द्र,फल्यास प्रतिवेदन,२०२४

१७. गाउँपालिकाको IMEIS.
१८. स्थानीय शिक्षा योजना निर्माण निर्देशिका २०८१,